# श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.

वीरेन्द्रनगर–६, सुर्खेत

# २१औं वार्षिक साधारण सभाको कार्यक्रम

## प्रथम सत्र (उद्घाटन)

१. आसन ग्रहण
२. स्वागत मन्तव्य
३. मुख्य अतिथिबाट समुद्घाटन
४. सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत
५. कोषाध्यक्षको आर्थिक प्रतिवेदन प्रस्तुत
६. अन्य उप–समितिका वार्षिक प्रतिवेदन प्रस्तुत
७. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत
८. मन्तव्य (अतिथिज्यूहरुबाट)
९. मुख्य अतिथिको मन्तव्य
१०. सभापतिबाट प्रथमसत्रको समापन ।

## जलपान

## दोस्रो सत्र (छलफल तथा निर्णय)

१. आसन ग्रहण
२. छलफलका बुँदाहरुको सङ्कलन
३. प्रस्तुत प्रतिवेदन माथि छलफल तथा अनुमोदन
४. लेखापरीक्षण प्रतिवेदन माथि छलफल तथा अनुमोदन
५. आ.व. २०७९/०८० का लागि लेखापरीक्षणको नियुक्ति र पारिश्रमिक तोक्ने
६. विनियम तथा नियमावलीहरुको संशोधन मस्यौदा पारित गर्ने
७. सभापतिबाट धन्यवाद ज्ञापन र समापन ।

## शेयर सदस्यहरुले थाहा पाइराख्नु पर्ने विषयहरु !

१. नेपाल सरकारले ५ जनाको परिवारका लागि रु.३५००।- मा रु. १ लाख बराबरको स्वास्थ्य बीमा योजना ल्याएको छ। ५ जनाको परिवारभन्दा बढी संख्या भएमा प्रति व्यक्ति रु. ७००।- थप्नु पर्दछ । यस कार्यक्रममा सहभागी हुँदा पैसाको अभावमा उपचार नपाएर मर्नु पर्दैन ।
२. नेपाल सरकारले सुरक्षित आवास (खरको छाना मुक्त) कार्य लागु गरेको छ। आफ्नो वडा कार्यालय र पालिकामा सम्पर्क गरेर यस विषयमा बुझ्न सकिन्छ। यसका पनि सहभागी बनौं ।
३. नेपाल सरकारले ५ वर्षमुनिका बालबालिकाहरुका लागि पोषण कार्यक्रम लागु गरेको छ । बच्चा जन्मने वित्तिकै आफ्नो वडा कार्यालयमा गएर जन्म दर्ता गराएर सरकारका विभिन्न कार्यक्रममा सहभागी हुन सकिन्छ ।
४. हाम्रा बाल बालिकाहरुले पढ्न पाउनु उनीहरुको नैसर्गिक अधिकार हो । त्यसैले आफ्ना बाल बालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं ।
५. आफ्नो गाउँ र टोल छिमेकमा हुने विकास निर्माणका कामहरुमा चाँसो राखौं। विकासको गुणस्तर बृद्धिका लागि चनाखो बनौं ।
६. गाउँ टोलमा हुने महिला हिंसा, बालश्रम, जातीय छुवाछुत जस्ता सामाजिक विकृतिका विरुद्धमा चनाखो बनौं ।
७. जुवातास, जाँड रक्सी र लागु पदार्थ जस्ता विसंगतिहरुले सिर्जना गर्ने घटना घट्न नदिन टोल छिमेकमा एकताबद्ध पहल गरौं। टोल विकास समितिको सम्पर्कमा रहौं ।
८. व्यक्तिगत सरसफाई र घरआँगन सफा राखौं, विभिन्न रोगहरुबाट जोगिऔं ।
९. विभिन्न प्रकारका दैवी प्रकोप, चोरी झै-झगडा आदि घटनाहरुबाट जोगिन पूर्वसतर्कता अपनाऔं ।

## शेयर सदस्य महानुभावहरुलाई अनुरोध !

१. फजुल खर्च घटाऔं, नियमित बचत गर्ने बाँनी बसालौं ।
२. हामीले संस्था मार्फत विभिन्न वित्तीय सेवा दिइरहेका छौं नजिकको सेवा केन्द्रमा सम्पर्क गरेर जानकारी लिनुहोस् र संस्थाले सञ्चालन गरेका सबै सेवाहरुमा सहभागी बनौं ।
३. ऋण लिऔं, सदुपयोग गरौं र आर्थिक जीवन सुधार गरौं ।
४. सहकारी संस्थाका आधारभूत विषयमा जानकार हुनका लागि संस्थाले सञ्चालन गर्ने गतिविधिहरुमा सहभागी बनौं ।
५. संस्थाले सञ्चालन गरेका राहत कार्यक्रममा अनिवार्य सहभागी बनौं ।
६. तपाईको नजिकै रहेको संस्थाको सेवा केन्द्रमा गएर आफ्नो मासिक बचत गरौं, संस्थाका गतिविधिहरुको जानकारी लिऔं ।
७. तपाईसंग सीप छ तर पूँजीको अभावमा व्यवसाय गर्न सक्नु भएको छैन भने संस्थासँग सम्पर्क गर्नुहोस्, संस्था सहयात्री बन्न सक्छ ।
८. सरकारले सहकारी कानुन, नीति, विधि र प्रविधिमा व्यापक परिवर्तन गरेको छ। त्यसको जानकारी राखौं । संस्था सुशासनमा सञ्चालन गर्न सहयोग गरौं ।

# विषय सूची


| क्र.सं. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| १. | संस्थाको संक्षिप्त परिचय | १-६ |
| २. | हालसम्म एकीकरण भएका संस्थाहरुको विवरण | ७-८ |
| ३. | २१औं वार्षिक साधारणसभामा अध्यक्षद्वारा प्रस्तुत प्रगति प्रतिवेदन | ९-२५ |
| ४. | २१ औं वार्षिक साधारण सभामा कोषध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन | २६-५९ |
| ५. | २१ औं वार्षिक साधारण सभामा लेखा संयोजकद्वारा प्रस्तुत प्रतिवेदन | ६०-६४ |
| ६. | ऋण उप-समितिको वार्षिक प्रगति प्रतिवेदन | ६५-६८ |
| ७. | शिक्षा उप-समितिको वार्षिक प्रतिवेदन | ६९-७२ |
| ८. | वार्षिक लेखा परीक्षण प्रतिवेदन २०७८/०७९ | ७३-९६ |
| ९. | सहकारी विभागको सघन अनुगमनका क्रममा देखिएका कैफियतहरुको सुधार गर्न दिइएको निर्देशन । | ९७-९८ |
| १०. | २१औं साधारण सभामा सदस्यहरुबाट प्राप्त सुझावहरु | ९९-१०१ |

# श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.

## वीरेन्द्रनगर-६, सुर्खेत

# २१ औं वार्षिक साधारण सभाको कार्यसूची

१) आ.व.२०७८/०७९ को वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।
२) आ.व.२०७९/०८० को प्रस्तावित नीति तथा कार्यक्रम र वार्षिक बजेट सम्बन्धमा ।
३) आ.व.२०७८/०७९ को वार्षिक लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४) आ.व.२०७९/०८० को लागि लेखापरीक्षकको नियूक्ति तथा पारिश्रमीक सम्बन्धमा ।
५) आ.व.२०७८/०७९ को संस्थाको लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
६) सञ्चालक समितिले गरेका निर्णयहरू अनुमोदन सम्बन्धमा ।
७) संस्थाको ऋण उपसमिति र शिक्षा उपसमितिका प्रतिवेदन सम्बन्धमा ।
८) संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका सदस्यको निर्वाचन सम्बन्धमा ।
९) शेयर लाभांस वितरण र अन्य कोषहरुको हिसाव मिलान गर्ने सम्बन्धमा ।
१०) संस्था एकिकरण कार्यविधि अनुमोदन र थप संस्थाहरुकाबीच एकिकरण गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।
११) सहकारी विभागको सघंन अनुगमनबाट प्राप्त निर्देशन सम्बन्धमा ।
१२) संस्थाको विनियम २०७८ संशोधन गर्ने सम्बन्धमा ।
१३) संस्थाको संशोधित नीति तथा कार्यविधिहरु पारित गर्ने सम्बन्धमा
१४) संस्थाको सेवा केन्द्र सञ्चालनको स्वीकृति लिने सम्बन्धमा ।
१५) संस्थाको कार्यक्षेत्र बिस्तार गर्ने सम्बन्धमा ।
१६) संस्थाको बाह्य दायित्व स्वीकार गर्ने सम्बन्धमा ।
१७) जग्गा खरिद गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।
१८) संस्थाको सञ्चालक र प्रमुख कार्यकारी अधिकृतको सेवा सुविधा सम्बन्धमा ।
१९) संस्थाको २१ औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नका लागि प्रतिनिधि छनोट गर्ने सम्बन्धमा ।
२०) संस्थाको भाका नाघेको ऋणको धितो लिलामि गर्ने अख्तियारी सञ्चालक समितिलाई दिने सम्बन्धमा ।
२१) विविध सम्बन्धमा ।

# श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.

**वीरेन्द्रनगर-६, सुर्खेत**

## संस्थाको संक्षिप्त परिचय

मानिसलाई व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने समुदायमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी आर्थिक समृद्धि, सामाजिक रूपान्तरण र सांस्कृतिक जर्गेना जस्ता विकासमा टेवा पुऱ्याउने उद्देश्यले २०५८ असाढ २२ गते २७ जनाको भेलाद्वारा वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सहकारी ऐन, २०४८ र नियमावली २०४९ अनुसार स्थापना भएको हो । आफ्नो २०औं वर्षसम्मको जीवनकाल पार गर्दै हाल सुर्खेत जिल्लाका विभिन्न ११ वटा स्थानमा सेवा केन्द्र र वीरेन्द्रनगर ६, गणेशचोकमा मुख्य कार्यालयबाट सेवा प्रवाह गरिरहेका छौं । गत वर्षसम्म ६ वटा सहकारी संस्थाहरूबीच एकीकरण भई एकीकृत संस्थाको रूपमा चलिरहेको छ । परिवर्तीत सन्दर्भमा सहकारी ऐन, २०७४ र नियमावली, २०७५ का साथै कर्णाली प्रदेश सरकारद्वारा जारी प्रदेश सहकारी ऐन, २०७५ को पूर्णपालना गर्दै आफ्ना कार्यहरू निरन्तर अगाडि बढाउँदै आएका छौं । संस्थाको बाँकी परिचय निम्नानुसार रहेको छ ।

**१.१. संस्थाको : वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड,**

**१.२. संस्थाको स्थापना मिति : २०५८ असाढ २२ गते**

**१.३. संस्थाको दर्ता नं. : २११(९०)०५७/०५८**

**१.४. संस्थाको स्थायी लेखा नं. : ३०१७३८८१३**

**१.५ संस्थाको कार्यक्षेत्र : सुर्खेत जिल्लाका सबै स्थानीय तहहरू**

**१.६. संस्थाका सेवा केन्द्र : ११ वटा**

**१.७. मुख्य कार्यालय : वीरेन्द्रनगर नगरपालिका वडा नं.६, सुर्खेत**

**फोन नम्बर** : ०८३-५२२३१७, ०८३-५२३३१७,

(१) जामुने बजार सेवा केन्द्र, सिम्ता गापा-६, जामुनेबजार, सुर्खेत

- कार्यालय - ९८५८०७७४७१ सेवा केन्द्र प्रमुख ९८६९८७४७०९

(२) मेहलकुना सेवा केन्द्र, गुर्भाकोट नपा-७ मेहलकुना बजार, सुर्खेत

- कार्यालय ०८३-४१००६० सेवा केन्द्र प्रमुख ९८४८०४८५५७

(३) जहरे सेवा केन्द्र, जहरे बजार, भेरीगंगा-९, सुर्खेत

- कार्यालय ०८३-४१३००४ सेवा केन्द्र प्रमुख ९८६८६७८०६१

(४) छिन्चु सेवा केन्द्र, भेरीगंगा नपा-१०, छिन्चु बजार, सुर्खेत

- कार्यालय ०८३-५४०३५४ सेवा केन्द्र प्रमुख ९८४४८५९५९४

(५) पीपीरा सेवा केन्द्र, वीनपा-११, पीपीराचौक, सुर्खेत

- कार्यालय ०८३-४११२८९ सेवा केन्द्र प्रमुख ९८६१६५५९२८

(६) पञ्चज्योति-आफन्त-जनमैत्री सेवा केन्द्र वीरेन्द्रनगर-३, एरीचोक, सुर्खेत

- कार्यालय ०८३-५२०९०१ सेवा केन्द्र प्रमुख ९८६८३१९३५०

(७) बाङ्गेसिमल सेवा केन्द्र, वीनपा- १, ट्याम्पुपार्क, सुर्खेत

- कार्यालय ०८३-४१२२०५ सेवा केन्द्र प्रमुख ९८४८०६८२९३

(८) बड्डीचौर सेवाकेन्द्र बराहताल-५, बड्डीचौर, सुर्खेत

- कार्यालय - ९८५८०७७३७१ सेवा केन्द्र प्रमुख ९८६४९४५२९३

(९) बाबियाचौर सेवा केन्द्र, पञ्चपुरी नपा-५, बाबियाचौर, सुर्खेत

- कार्यालय ०८३-४१६०४८ सेवा केन्द्र प्रमुख ९८६०५०६६०१

(१०) गुठु सेवाकेन्द्र चौकुने-८, गुठु, सुर्खेत

- कार्यालय - ९८५८०७७२७१ सेवा केन्द्र प्रमुख ९८६८९२६७८५

(११) मेटेला सेवा केन्द्र चिङ्गाड-३, मटेला, सुर्खेत

- कार्यालय - ९८५८०७७६७१ सेवा केन्द्र प्रमुख ९८५८०८९००८

**१.८. संस्थाका कूल सदस्य संख्या** : जम्मा १९,२५६ (महिलाः ११२८७ पुरूषः ८,२८४ अन्य)

**१.९. संस्थाको हालसम्मको वित्तीय अवस्था :**

| विवरण | २०७९ असार मसान्तसम्मको | २०७९ कार्तिक मसान्तसम्मको |
|---|---|---|
| कूल शेयर पूँजी | १२,२५,५८,०००।०० | १२,५८,१३,८००।०० |
| जगेडा कोष | ३,२६,७३,५९९।०९ | ३,२६,७३,५९९।०९ |
| अनिवार्य कोषहरू | २,१२,१६,६९१।९८ | २,१२,१६,६९१।९८ |
| कूल बचत | ७१,२१,७२,८२८।०६ | ६३,००,२५,६७९।७२ |
| कूल ऋण लगानी | ९२,३९,७७,००५।९२ | ९०,०१,१९,१६९।९३ |
| कूल बाह्य ऋण | २७,७८,४१,१९३।८० | २३,७०,२५,७९४।४९ |
| नगद तथा बैंक | २३,८७,८५,५१६।२० | १२,९०,२५,३३८।२६ |
| लगानीमा रहेको | ५४,२६,७४८।२२ | ५४,२६,७४८।२२ |
| स्थिर सम्पत्ति | २,२८,४९,००२।०९ | २,४६,६२,४१४।६४ |
| जम्मा आम्दानी | १५,६२,६७,४२४।३० | ३,२२,९२,१४५।७० |
| जम्मा खर्च | १३,३४,०३,६४१।६२ | ३,७३,३७,५५५।७६ |
| ऋण नोक्शानी कोष | २,७३,७२,७४६।६८ | २,७३,७२,७४६।६८ |
| कर अघिको मुनाफा | २,२८,६३,७८२।६८ | (५०,४५,४१०।०६) |
| कूल कारोवार | १,२०,७३,७४,५६८।४९ | १,०७,०६,४१,१२८।३७ |

**१.१०. हालसम्म संस्थाको नेतृत्व गर्ने अध्यक्षहरुको विवरण :**

| क्र.सं. | नाम | ठेगाना | कार्यकाल | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | श्री देवकिरण बुढा | वीनपा-७, सुर्खेत | २०५८/०३/२२ | २०५९/०४/१४ |
| २ | श्री भीम प्रसाद सापकोटा | वीनपा-६, सुर्खेत | २०५९/०४/१५ | २०६२/०९/१६ |
| ३ | श्री ज्ञानु कुमारी बिसी | वीनपा-७, सुर्खेत | २०६२/०९/१७ | २०६५/०८/०७ |
| ४ | श्री मोती प्रसाद सापकोटा | वीनपा, सुर्खेत | २०६५/०८/०८ | २०६७/०९/२९ |
| ५ | श्री कृष्ण बहादुर खड्का | वीनपा-६, सुर्खेत | २०६७/१०/०१ | २०७३/०६/१७ |
| ६ | श्री बम बहादुर बि.सी. | वीनपा-३, सुर्खेत | २०७३/०६/१८ | २०७९/०९/३० |

**१.११. संस्थाको परिकल्पना :**

**"दीगो, प्रतिस्पर्धी र उत्तरदायी वीरेन्द्रनगर साकोस"**

**१.१२. संस्थाको मुख्य ध्येय :**

"सहकारी सिद्धान्तको पालना गर्दै नवीनतम् प्रविधिको माध्यमबाट सदस्यहरूको सहज जीवनयापनका लागि उत्तरदायी भई सम्पूर्ण वित्तीय सेवा सहितको सक्षम संस्था बनाउने ।"

**१.१३. संस्थाका दीर्घकालिन उद्देश्यहरू :**

- संस्थासँग आवद्ध सदस्यहरू र जनसमुदायबीच स्वावलम्बन, पारस्परिक सहयोग एवं मितव्ययीता अभिबृद्धि गरी नियमित बचत गर्ने बानी प्रबर्द्धन गर्ने ।
- नियमित रूपमा सदस्यहरूबाट निक्षेप प्राप्त गर्नुका साथै उनिहरूले गरेको निक्षेपमा प्रतिस्प्रर्धात्मक रूपमा व्याज दिने ।
- उत्पादनशील, आयमूलक, सीपमुलक उद्देश्यका लागि सदस्यहरूलाई उचित व्याजदरमा ऋण प्रदान गर्ने ।
- आत्मनिर्भरता तथा आत्मविश्वास सम्बन्धी धारणाबारे सदस्यहरूलाई उत्प्रेरित गर्ने ।
- सदस्यहरूलाई आय आर्जन क्षमता वृद्धि गर्नका लागि आवश्यक मद्दत र जानकारी उपलब्ध गराउने ।
- सदस्यहरूको आर्थिक अवस्थामा सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलाप सञ्चालन गर्ने ।
- साधारण जनताको आर्थिक अवस्थाको विकास र प्रवर्दनमा समर्पित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनहरूको दाँजोमा पुग्ने उद्देश्य लिई गठित केन्द्रीय संघको सदस्यता ग्रहण गर्ने ।
- दातृ संस्थाहरूबाट कुनै शर्त नराखी प्राप्त हुने चन्दा तथा अनुदान स्वीकार गर्ने ।
- आफ्नो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहयोगात्मक भावना राख्ने ।

- सदस्यहरूको समृद्धि र विकासको अधिकतम् हितलाई ध्यानमा राखी सहकारी ऐन, नियमावली र यस बिनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य सञ्चालनका साथै चल अचल सम्पत्ति आर्जन गर्ने, क्रय विक्रय गर्ने, विनिमय गर्ने, हस्तान्तरण गर्ने, धरौटी राख्ने, बन्धकी राख्ने आदि कार्य गर्ने ।
- सदस्यहरूको संस्थागत विकासका लागि आय आर्जन परीयोजना सञ्चालन गर्ने ।
- समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समूहको आर्थिक सामाजिक उत्थानमा सहयोग पुऱ्याउने ।
- अन्य संघ संस्थाबाट ऋण दिने र लिने ।

**१.१४. कर्मचारीको संख्या :**

| क्र.सं. | कर्मचारी संरचना | तह | हालसम्मको जम्मा संख्या |
|---|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | एघारौं तह | १ जना |
| २ | कार्यालय व्यवस्थापक | सातौं तह | १ जना |
| ३ | कार्यक्रम अधिकृत | छैठौं तह | ३ जना |
| ४ | विभागीय प्रमुख तथा सेवा केन्द्र प्रमुख | पाँचौं तह | १६ जना |
| ५ | कार्यालय सहायक | चौथो तह | १७ जना |
| ६ | सहायक (SHGP कार्यकर्ता) र बजार प्रतिनिधी) | तेस्रो तह | ३६ जना |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | १ जना |
| **जम्मा** | | | **७५ जना (कार्तिकसम्म)** |

**१.१५. सञ्चालक समितिको संख्या** : १५ जना (५ महिला १० पुरूष)

**१.१६. लेखा सुपरीवेक्षण समिति** : ३ जना

**१.१७. उपसमितको संख्या** : २ वटा

(१) ऋण उपसमिति ३ जना

(२) शिक्षा उपसमिति ३ जना

**१.१८. प्रविधिको उपयोगिता :**

संस्थाका सबै हिसाब किताबहरू सफ्टवेयरमा राखिएको छ । संस्थाले आफ्नै वेवसाईट सञ्चालनमा ल्याउनुका साथै सामाजिक सञ्जाल मार्फत संस्थाका गतिविधि सदस्य तथा सरोकारवाला निकायलाई सु-सूचित गराइ रहेको अवस्था छ । कर्मचारीहरूको द्रुत परिचालन तथा सञ्चार व्यवस्थापनका लागि संस्थागत इमेल, भाइबर समूह बनाई संस्थाको कारोवारो र सूचना आदान प्रदान गरिरहेको छ। डिजिटल सेवा अन्तरगत संस्थाले एसएमएस, मोबाइल एप्लिकेशन (Birendranagar Smart Coop), क्युआर स्क्यान तथा एटिएम सेवा उपलब्ध गराइरहेको छ ।

**१.१९. संस्थाको तर्फबाट सदस्य केन्द्रित सेवा :**

- सदस्यहरूलाई शिक्षा तथा सूचना ।
- व्यावसायिक तालिम ।
- सदस्यका जेहेन्दार छोरा छोरीहरूलाई छात्रबृत्ति प्रदान ।
- सदस्यहरूलाई सबैखाले वित्तीय सेवा ।
- जेष्ठ सदस्य सम्मान कार्यक्रम ।
- बाल-बचतकर्तालाई जन्मदिनको उपलक्ष्यमा शुभकामना तथा उपहार ।
- संस्थागत योगदान कर्ता शेयर सदस्यलाई पुरस्कार तथा सम्मान ।
- सफल सहकारी संस्थाहरूको अध्ययन भ्रमण ।
- मृत्यु संस्कारमा राहत तथा श्रद्धाञ्जली अर्पण ।

**१.२०. समुदाय केन्द्रीत सेवाहरू :**

- वीरेन्द्रनगर स्वयम् सहायता समूह कार्यक्रम (SHGP),
- सामाजिक सेवा तथा राहत कार्यक्रम,
- सदस्य सुरक्षा (दुर्घटना बीमा) कार्यक्रम,
- रेमिटान्स सेवा,
- रक्तदान कार्यक्रम,
- सरसफाई कार्यक्रम ।

**१.२१. आबद्धता :**

(१) नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि., काठमाण्डौ ।
(२) राष्ट्रिय सहकारी बैंक लि., काठमाण्डौ ।
(३) जिल्ला बचत तथा ऋण सहकारी संघ लि., सुर्खेत ।
(४) जिल्ला सहकारी संघ लि., सुर्खेत ।
(५) प्रदेश बचत तथा ऋण सहकारी संघ लि., कर्णाली प्रदेश, सुर्खेत ।

**१.२२. संस्था सञ्चालनमा हाम्रा प्रतिवद्धता :**

१. हामी सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरूलाई पूर्ण रूपमा स्वीकार गर्दछौं ।
२. हामी "एकका लागि सबै सबैका लागि एक" को मान्यताप्रति पूर्ण प्रतिबद्ध छौं ।
३. हामी पारस्परिक सहयोगमा आधारित समाजको परिकल्पना पूरा गर्न प्रतिबद्ध छौं ।
४. हामी शेयर सदस्यहरूलाई सेवा प्रवाह गर्दा नातावाद, कृपावाद, छलकपट, झन्झट र अनियमिता हुन दिदैंनौं ।
५. हामी सञ्चालकहरू संस्थाको हितका लागि स्वयम्सेवी भावनाले क्रियाशील हुन्छौं ।
६. शेयर सदस्यहरूले संस्थाका गतिविधिहरूको सूचना पाउने हकलाई सुरक्षित गर्न पूर्ण प्रतिबद्ध छौं ।
७. हाम्रो संस्थाका सबै काम र क्रियाकलापहरूमा पारदर्शीता कायम राख्नेछौं ।
८. सबै शेयर सदस्यहरूको आर्थिक कारोवारोको गोपनीयता कायम राख्नेछौं ।
९. संस्थाका सञ्चालकहरू, सबै तह र क्षेत्रमा क्रियाशील कर्मचारीहरू संस्थाप्रति पूर्ण जवाफदेही

र स्व-उत्तरदायी हुनेछौं ।

१०. हामी हाम्रा सबै शेयर सदस्यहरूको आर्थिक कारोवारोको सुरक्षाका लागि प्रतिबद्ध छौं ।

११. हामी हाम्रो संस्थामा सुशासन कायम गर्न प्रतिबद्ध छौं ।

१२. हामी हाम्रा शेयर सदस्यहरूद्वारा प्राप्त सुझावहरूलाई संस्था सञ्चालनका मार्गदर्शनका रूपमा ग्रहण गर्दछौं ।

१३. हामी संस्थाको हितका लागि सरोकारवाला सबैसँग सम्पर्क समन्वय गर्न प्रतिबद्ध छौं ।

१४. हामी संस्थाको साधारणसभाले दिएका निर्देशनहरू पालन गर्न पूर्ण प्रतिबद्ध छौं ।

## ऋण लगानी सम्बन्धी व्यवस्थाको जानकारी

### (क) योग्यता

१) संस्थाको शेयर सदस्य भएको कम्तिमा ९० दिन पुगेको ।

२) ऋण लगानीको ५ प्रतिशत शेयर र ५ प्रतिशत मासिक बचत अनिवार्य हुनु पर्नेछ ।

३) खाता खोल्दा आफुले कबुल गरेको मासिक बचत रकम विगत ३ महिनादेखी लगातार जम्मा गरेको ।

४) पुरानो ऋण भएमा ऋण रकम चुक्ता भएको कम्तिमा ४५ दिन पुरा भएको ।

### (ख) आवश्यक कागजात

३) संस्थाबाट उपलव्ध हुने ऋण निवेदन ।

४) ऋणको परियोजना खुल्ने परियोजना पुष्टि हुने कागजातहरु ।

५) धितो दिने जग्गाको लालपुर्जा र तिरो तिरेको रसिद ।

६) संस्थाले लेखेको पत्र अनुसारको जग्गाको ट्रेस नक्सा र व्लु प्रिन्ट नक्सा ।

७) जग्गाको चार किल्ला प्रमाणित कागज ।

८) व्यवसाय दर्ताको प्रमाण र कर चुक्ता प्रमाण ।

९) व्यवसाय बाहेकका ऋणमा नियमित आयश्रोत प्रमाणित हुने कागज र विवरण ।

१०) ऋण लिन चाहने सदस्यको १ प्रति पासपोर्ट साइजको फोटो ।

१२) घर भवन भए सम्बन्धित निकायबाट घरको नक्सा पास प्रमाण पत्र, घर सम्पन्न प्रमाण पत्र र घरको नक्सा समेतको प्रतिलिपि ।

१३) नागरिकताको प्रतिलिपि ।

१४) मन्जुरीनामाबाट भएमा (आफ्नो परिवारभित्र मन्जुरीनामा दिने व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति फोटो १ प्रति र मन्जुरीनामा ।

# श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.

वीरेन्द्रनगर-६, सुर्खेत

## हालसम्म एकीकरण भएका सहकारी संस्थाहरूको विवरण

सुर्खेत जिल्लाभित्र सञ्चालनमा रहेका कार्यक्षेत्र जोडिएका र उद्देश्य मिलेका विभिन्न सहकारी संस्थाबीच एकीकरण गरी संस्था तथा सदस्यहरूको आर्थिक तथा सामाजिक र सांस्कृतिक अवस्थालाई सुदृढ गर्दै सहकारी व्यवसायलाई आधुनिक, वैज्ञानिक र विश्वसनीय बनाउन सदस्य सेवा स्तरलाई वृद्धि गर्दै समग्र वित्तीय अवस्थामा प्रभावकारी परिवर्तन गर्ने उद्देश्यले हालसम्म ६ वटा सहकारी संस्थाहरू मिलेर श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. बनेको छ। यस एकीकरण अभियानमा साथ दिने ६ वटै सहकारी संस्थाहरूको सञ्चालक ज्यूहरू, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, कर्मचारी र सबै शेयर सदस्यहरूको योगदानलाई वीरेन्द्रनगर साकोसको इतिहासमा स्वर्ण अक्षरले लेखिनेछ । त्यसका लागि यहाँहरू सबैलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छौं । यस एकीकरण अभियानमा हालसम्म साथ दिने ६ वटा संस्थाहरूको सामान्य चिनारी यस प्रकार रहेको छ ।

### १. श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. वीरेन्द्रनगर ६, सुर्खेत

☞ समुदायमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी सदस्यहरूको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले २०५८ आषाढ २२ गते २७ जनाको भेलाद्वारा वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नामाकरण गरी आवश्यक प्रक्रिया पुरा गरी सहकारी ऐन र सहकारी नियमावलीको परिधिभित्र रहि यसमा आवद्ध भएका सबै सदस्यहरूको एउटा छुट्टै पहिचान बनाउन सक्ने गरी वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. को २०५८ आषाढ २२ गते दर्ता नं. २११ (११) ०५७/०५८) मा जिल्ला सहकारी कार्यालय बाँकेमा दर्ता भयो । संस्था स्थापनादेखि हालसम्म आएका उतार चढाव र तिता मिठा क्षणहरूलाई सकारात्मक सिकाईको रूपमा लिदै हाल संस्थाले सुर्खेत जिल्लाभरि कार्यक्षेत्र कायम गरी संस्थामा ७५ जना कर्मचारी र थप ११ वटा सेवा केन्द्र सहित वीरेन्द्रनगर नगरपालीका वडा नं. ६ गणेशचोक स्थित संस्थाको मुख्य कार्यालय रहेको छ ।

### २. श्री पञ्चज्योती बचत तथा ऋण सहकारी संस्था लि वीरेन्द्रनगर ४, सुर्खेत

☞ सहकारी सिद्धान्त अनुसार बचत तथा ऋण परिचालतको माध्यमबाट सदस्यको आर्थिक जीवनस्तरमा सुधार ल्याई आधुनिक प्रविधिको प्रयोग गरी सदस्यहरूको आवश्यकतालाई मध्यनजर गर्दै समय सापेक्ष सेवाबाट सदस्यहरूलाई सक्षम बनाउने उदेश्यले डिभिजन सहकारी कार्यालय सुर्खेतमा मिति २०६५।८।२९मा दर्ता भएको दर्ता नम्बर ३०।२०६५।०६६ को श्री पञ्चज्योती बचत तथा ऋण सहकारी संस्था लि वीरेन्द्रनगर ४, सुर्खेतमा सञ्चालन भई मिति २०७७।०६।२२ गते श्री वीरेन्द्रनगर साकोसका बीच एकीकरण भएको थियो ।

### ३. श्री आफन्त ग्रामीण कृषि तथा पशुपालन सहकारी संस्था लि. वीरेन्द्रनगर ३, सुर्खेत

☞ हाम्रो समाजमा रहेको ब्याप्त गरिबी, अशिक्ष र कूलतबाट समूदायका यूवाहरूलाई मुक्त गरि बचत गर्ने बानीको विकास गराउने र संकलित बचतलाई सदस्यहरू भित्रै परिचालन

गरि विभिन्न किसिमका उद्यमहरू गर्ने उदेश्यले डिभिजन सहकारी कार्यालय सुर्खेतमा मिति २०६५।८।२९ मा दर्ता भएको दर्ता नम्बर ५।२०६५।०६६ को आफन्त ग्रामीण कृषि तथा पशुपालन सहकारी संस्था लिमिटेड वीरेन्द्रनगर ४ सुर्खेतमा सञ्चालन भई मिति २०७७।०६।२२ मा श्री वीरेन्द्रनगर साकोसका बीच एकीकरण भएको थियो ।

### ४. श्री जनमैत्री बहुउद्देश्यीय सहकारी संस्था लि. वीरेन्द्रनगर ३, सुर्खेत

☞ सदस्यहरूको सहकारीका माध्यमद्वारा सामाजिक तथा आर्थिक रूपमा रूपान्तरण गर्ने उदेश्य अनुरूप डिभिजन सहकारी कार्यालय सुर्खेतमा मिति २०६६।४।२८ दर्ता भएको दर्ता नम्बर ६।०६६।०६७ को श्री जनमैत्री बहुउद्देश्यीय सहकारी संस्था लि वीनपा ३, सुर्खेतमा सञ्चालन भई मिति २०७७।०६।२२ गते श्री वीरेन्द्रनगर साकोसका बीच एकीकरण भएको थियो ।

### ५. श्री नवबौद्धिक एकता बचत तथा ऋण सहकारी संस्था लि. वीरेन्द्रनगर ८, सुर्खेत

☞ "एक थुकी सुकी सय थुकी नदि, आज गरे बचत भोलि जीवन सुखी" भन्ने मूल नाराको साथ सहकारीद्वारा जनताको सामाजिक तथा आर्थिक रूपान्तरण गर्न जनताको सेवा जनताद्वारा र सबैको घर आँगनमा सेवा दिने उद्देश्यका साथ सुर्खेत क्याम्पस (शिक्षा) र मध्यपश्चिम विश्वविद्यालयमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरूको बौद्धिक जमातको सहकार्यमा डिभिजन सहकारी कार्यालय, सुर्खेतमा मिति २०६८।०२।०२ दर्ता भएको दर्ता नम्बर ८५।०६७।०६८ को श्री नवबौद्धिक एकता बचत तथा ऋण सहकारी संस्था लि. वीनपा ८ सुर्खेतमा सञ्चालन भई मिति २०७९।०३।२२ गते श्री वीरेन्द्रनगर साकोसका बीच एकीकरण भएको थियो ।

### ६. श्री मालिका बचत तथा ऋण सहकारी संस्था लि. चिङ्गाड ३, मटेला, सुर्खेत

☞ सहकारी सिद्धान्त आत्मसात गर्दै बचत तथा ऋण परिचालनको माध्यमबाट सदस्यको आर्थिक जीवनस्तरमा सुधार ल्याई सदस्यहरूको आवश्यकतालाई मध्यनजर गर्दै समय सापेक्ष सेवाबाट सदस्यहरूलाई सेवा प्रवाह गर्ने उदेश्यले डिभिजन सहकारी कार्यालय सुर्खेतमा मिति २०६४।१०।०३ दर्ता भएको दर्ता नम्बर २९।०६४।०६५ को श्री मालिका बचत तथा ऋण सहकारी संस्था लि चिङगाड ३, मटेला सुर्खेतमा सञ्चालन भई मिति २०७९।०३।२२ गते श्री वीरेन्द्रनगर साकोसका बीच एकीकरण भएको थियो ।



# २१औं वार्षिक साधारण सभामा अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन-२०७९



**बमबहादुर बि.सी.**
अध्यक्ष

**१. पृष्ठभूमि :**

२१औं साधारण सभा समारोहका श्रद्धेय प्रमुख अतिथिज्यू र समआदरणीय अतिथिज्यूहरू, सञ्चालक ज्यूहरू, सल्लाहकार ज्यूहरू, सम्पूर्ण शेयर सदस्य महानुभावहरू र कर्मचारी साथीहरू !

सहकारीका अग्रजहरूद्वारा प्रतिपादित सहकारीको आधारभूत र नियमित अभ्यास, परम्परा र प्रक्रियाको एउटा कडिका रूपमा संस्थाका आम शेयर सदस्यहरूको सहभागितामा वार्षिक उत्सवका रूपमा २१औं वार्षिक साधारण सभा मनाइरहेका छौं । उहाँहरूको गरिमामय सहभागिताले यसको भव्यता र सफलता दर्शाइ रहेकोछ ।

विगत केही वर्ष यता विश्वले व्यहोरेको कोभिड-१९ को महामारीको भय आजसम्पन्न पनि सकिएको छैन । मानवीय स्वास्थ्यका लागि ख्याल गर्नुपर्ने सतर्कता र राज्यले तोकिदिएको सहकारी संस्थाको साधारण सभा सञ्चालन कार्यविधि २०७६ अनुरूप संस्थाको साधारण सभा सम्पन्न गर्दैछौं । यस अवसरमा कानुनी र व्यवहारिक वाध्यताका कारणले हाम्रा सदस्यहरूले अप्ठ्याराहरू भोग्नु परेकोमा हामी दुखी भएका छौं । त्यसका लागि हामी क्षमा चाहन्छौं । साथ साथै संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरूमा शुभकामना सहित हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछु ।

समादरणीय शेयर सदस्य महानुभावहरू !

यस संस्थालाई स्वऐच्छिक रूपमा एकजुट भई आफ्ना समान आर्थिक, सामाजिक र सांस्कृतिक लगायत अन्य आवश्यकता पूरा गर्न लोकतान्त्रिक नियन्त्रण प्रणालीमा आधारित पद्धतिलाई दह्रो गरी समात्ने र त्यस मान्यता र आदर्शबाट प्रेरित भएका मानिसहरूको साझा व्यावसायिक संगठनका रूपमा स्थापित गर्दै आएका छौं । संस्थामा 'म' को सट्टामा 'हामी' भन्ने भावना मुखरित हुने गरि कार्य सम्पादन गरिरहेका छौं । संस्था कम मुनाफा र बढी सेवाभावले प्रेरित भएर काम सम्पादन गर्दै आएको छ । अथवा सेवाभाव सहितको व्यावसायीक गुण, मूल्य मान्यता र आदर्श प्रदर्शित हुने गरी संस्था सञ्चालन गरिरहेका छौं ।

सहकारी दैनिक जीवन पद्धति हो । जीवन दर्शनको आधार हो । आर्थिक समृद्धि, सामाजिक एकता र सांस्कृतिक रूपान्तरणको समुच्चा अभियान हो । सहकारी मानव श्रृष्टिका अमूल्य मान्यताहरू वसुधैव कुटुम्वकम, बहुजन हिताय:, बहुजन सुखाय:, सर्वे भवन्तु सुखिन:, परोहित परोपकार र पारस्परिक सहयोगलाई स्थापित गर्न उद्धत प्रणाली पनि हो । यी मानव जातिका आर्दश र मान्यताहरूको स्थापनाका लागि हामी सदैव अग्रभागमा रहदै आएका छौं । विगतका विभिन्न कालखण्डहरूमा श्रृजित संकटहरूबाट आफ्ना सदस्यहरूलाई पार लगाउन विभिन्न प्रयत्नहरू गर्दै आएको विषय आम शेयर सदस्यहरूलाई ज्ञातव्य छ । अनुभूत पनि होला ।

यीनै विषयहरूको सारभूत आलोकमा संस्थाको उच्च नैतिकता, कर्मशीलता र सिर्जनशीलता सहितको ईमान्दार नेतृत्व, अनुभवी, क्षमतावान, क्रियाशील पेशाप्रति प्रतिबद्ध व्यवस्थापन र वित्तीय अनुशासनका धरोहर शेयर सदस्यहरू संस्थागत विकासका आधार हुन् । यी सम्पत्तिहरूको सिर्जना, सदुपयोग र संरक्षण हाम्रा लागि अनिवार्य शर्त हुन् । यीनको पालना हामी हरबखत गर्दै आएका छौं ।

नेपाल जस्तो अल्पविकसित मुलुकका लागि सहकारी व्यवसायका माध्ययमबाट आर्थिक समृद्धि, सामाजिक रूपान्तरण र सांस्कृतिक जर्गेनाको सफलता प्राप्त हुन सक्दछ । पछिल्लो चरणमा सहकारी क्षेत्रकै विषयमा राज्य र राज्य सञ्चालकहरूको दृष्टि पुग्न थालेको छ । नेपालको संविधानमा नै समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गरेको अवस्था र नेपाल सरकारले तीन खम्बे अर्थनीति अवलम्बन गरिरहेको छ ।

यस परिप्रेक्षमा समुदायमा आधारित सहकारी संस्थाहरूको दायित्व केवल व्यवसाय सञ्चालन गरेर मात्र पूरा हुदैन भन्ने हाम्रो ठहर छ । समुदाय स्तरबाटै आत्मनिर्भर अर्थतन्त्र, अन्तरनिर्भर समाज निर्माणमा सहकारीले मात्र योगदान गर्न सक्ने कुरालाई दृष्टिगत गरी तद्दनुरूप पाइला चाल्नुपर्ने जिम्मेवारी बढेको छ । सहकारी व्यवसाय वा सहकारी प्रणाली समाजवादी व्यवस्थाका आधार हुन भन्ने विषयमा आज सबै जना सहमत छन् । त्यति मात्र होइन सहकारी लोकतान्त्रिक व्यवस्थाका पनि आधार हुन् । आज हाम्रो देश व्यवस्थाका दृष्टिले संघीयतामा आधारित लोकतान्त्रिक गणतन्त्र, आर्थिक दृष्टिले आत्मनिर्भर र स्वाधिन अर्थतन्त्र र सामाजिक दृष्टिले सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्दै समाजवाद निर्माणको लक्ष्यमा अगाडि बढी रहेको छ । देशको यही महाअभियानमा सहकारी क्षेत्रले पनि महत्वपूर्ण योगदान गरिरहेको परिप्रेक्षमा वीरेन्द्रनगर साकोस पनि त्यसमा लामबद्ध भएको छ ।

यस अवसरमा हामी गौरव अनुभूति गरिरहेका छौं कि देश निर्माणको महाअभियानमा जिम्मेवारी वोधका साथ "**दीगो, प्रतिस्पर्धी र उत्तरदायी वीरेन्द्रनगर साकोस**" बनाउने परिकल्पना अनुरूप हालसम्म छ वटा सहकारी संस्थाहरूकाबीच एकिकरण भई एकीकृत वीरेन्द्रनगर साकोसलाई अझ बृहत र नेतृत्वदायी संस्थाको रूपमा स्थापित गरेका छौं । आगामी दिनमा उनीहरूसंगको सम्बन्धलाई विस्तार गर्दै एकीकरणको तहसम्म लैजाने योजना रहेको छ । अरू धेरै संस्थाहरू हाम्रो सम्पर्कमा रहेका छन् । यस कार्यले सहकारी संस्था एकिकरणको सरकारी नीतिलाई सहयोग गरिरहेको छं ।

सहकारी सिद्धान्त अनुसार बचत तथा ऋण परिचालन, आधुनिक प्रविधिको प्रयोग, सदस्यहरूको आर्थिक जीवनस्तरमा सुधार गर्दै समय सापेक्ष सेवाहरूको रूपान्तरण गरी सदस्यहरूलाई सक्षम बनाई समुदायको पहिलो रोजाईको संस्था बनाउने ध्येयमा कटिबद्ध भएर नै आज संस्था विभिन्न क्षेत्रमा सफलता हाँसिल गरिरहेको छ ।

यस वर्ष विश्वभर फैलिएको आर्थिक मन्दीको प्रभाव हाम्रो संस्थामा पनि देखिएको छ । त्यसको सामना पनि त्यही अनुरूप गरिरहेका छौं । शेयर सदस्य महानुभावहरूले चिन्तित हुनु पर्ने वेला छैन तर बढी सहयोगी र जानकार हुनु पर्ने अवस्था भने बढेको छ । किनकि संस्था तपाईहरूको हो, तपाईहरूको सहयोग विना संस्था बाँच्न सक्दैन । तपाईहरू साथ दिनुहोस हामी तपाईहरूलाई सुलभ वित्तीय सेवा दिने छौं ।

**शेयर सदस्य महानुभावहरू** !

वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि हाल २०औं वर्ष पूरा गरी २१औं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई हार्दिक शुभकामना र बधाई भन्न चाहन्छु । आम शेयर सदस्यहरूको आशा, विश्वास र भरोसालाई कायम राखिरहन हामी प्रतिबद्ध छौं । हामी हाम्रो ज्ञान,सीप र क्षमता एवम् अनुभवको अधिकतम् उपयोग गरी संस्थागत विकास, सदस्यलाई सर्वसुलभ सेवा प्रदान गर्दै संस्थालाई प्रतिस्पर्धात्मक स्थानसम्म लैजानका लागि निरन्तररूपमा जुटी रहेका छौ । जुटी नै रहने छौं ।

परिवर्तित समय र परिस्थिति, सदस्यहरूको आवश्यकता, चाहना र भावनालाई दृष्टिगत गरी नीति, विधि र प्रविधि मार्फत संस्था अगाडि बढाउने प्रयत्न गरिरहेका छौं । संस्थाले गत वर्ष तय गरेको लक्ष्य प्राप्तिमा केही कठिनाइहरू आए पनि हामी लक्ष्य प्राप्तिका लागि प्रयत्नशील नै छौं । हामीले हाँसिल गरेको उपलव्धीको चर्चा तल गरिएको छ । त्यसको प्रतिफलका रूपमा सदस्यहरूको सकारात्मक प्रतिक्रिया, सहयोग र सहभागिता पनि प्राप्त भएको छ । त्यसै गरी सरकार र सहकारी अभियानका नियमनकारी निकायहरूको सहयोग र सद्भाव पनि संस्थाले पाएको छ । यस संस्थाले थालेको संस्था एकीकरण अभियानमा हातेमालो गर्ने साकोसहरू र त्यसका सञ्चालकज्यूप्रति धन्यवाद पनि भन्न चाहन्छु ।

राज्यद्वारा प्रवाह गरिका सुविधाहरू स्वास्थ्य बीमा, नागरिक सुरक्षित आवास कार्यक्रम (खरको छाना मुक्त), बालबालिका पोषण कार्यक्रम, अनिवार्य शिक्षा कार्यक्रम र आयबृद्धिका क्षेत्रमा संस्थाका शेयर सदस्हरूको सहज पहुँचका प्रयासहरु संस्थाले पैरवी गर्नुपर्ने विषयहरु प्राथमिकतामा राखिएका छन् ।

त्यसै गरी बाल अधिकारको संरक्षणका साथै समाजमा हुने विकृति र विसंगति (बाल श्रम, महिला हिंसा, जातीय छुवाछुत) विरूद्ध एकताबद्ध हुन सचेतनाका कामहरूको सुरूवात गरिएको छ । यी सचेतनाका विषयहरु अनिवार्य बनाउनु पर्दछ । संस्था समुदायका सहजकर्ताहरूको सकारात्मक पर्यत्नको उपज हो भन्ने विषयमा हामी सदा कटिबद्ध हुनु पर्दछ । तसर्थ हामी हाम्रो संस्थालाई संस्थाका स्वयम्सेवीहरूको सकारात्मक प्रयत्नहरूको सकारात्मक सत्मार्ग र परिणामको उपजका रूपमा स्थापित गर्न चाहन्छौं । सदस्यहरूका माझ समयक्रममा आएका अप्ठ्याराहरूको सामना शक्ति प्रदान गर्न सधैंभर प्रतिबद्ध रहेको व्यहोरा जानकारी गराउदछु ।

## २. प्रगति प्रतिवेदनको विस्तृति :

आदरणीय शेयर सदस्यज्यूहरू !

अब म हाम्रो संस्थाको प्रगति प्रतिवेदनको विस्तृति प्रस्तुत गर्न चाहन्छु । हामी यस संस्थाको नेतृत्वमा २०७३ असोजमा आएका हौं । २०७३ सालको असार मसान्तमा यस संस्थामा रहेको प्रगति अवस्था र २०७६ असार मसान्तसम्मको प्रगति अवस्था (हाम्रो पहिलो कार्यकालको सांगठनिक, वित्तीय र सदस्यता वृद्धिको प्रगति) १८औं साधारण सभाको प्रतिवेदन मार्फत प्रस्तुत गरिएको थियो । स्मरण र तुलना गर्न सजिलोका लागि यस प्रतिवेदनमा पनि बुँदा नं. २.१ मा उल्लेख गरिएको छ । त्यसैगरी

हाम्रो दोश्रो कार्यकाल २०७६ असार मसान्तदेखि २०७९ असार मसान्तसम्मको सांगठनिक, वित्तीय र सदस्यता वृद्धिको प्रगति विवरण बुँदा नं २.२ मा उल्लेख गरिएको छ । यो संस्थाको बृद्धि विकासको विषयमात्र हो । प्रतिवेदनमा केही विषयहरूमा विगत आ.व.२०७५/०७६ देखि सारभूत समीक्षा गरिएको छ । यस प्रतिवेदनमा मूलभूत रूपमा २०औं वार्षिक साधारणसभा यताको समीक्षा गरिएको छ । म तीनै विषयहरूमा केन्द्रित भएर हालसम्म हाँसिल गरिएको उपलब्धीहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**२.१ प्रथम ३ वर्षको सांगठनिक, वित्तीय र सदस्यता बृद्धि :**

| क्र.सं. | विवरण | २०७२।०७३ | २०७३।०७४ | २०७४।०७५ | २०७५।०७६ |
|---|---|---|---|---|---|
| १ | सदस्यता | २०४६ जना | २५१९ जना | ५६४० जना | ९२९७ जना |
| २ | शेयर पूँजी | १,२४,४००००।०० | १,५४,४७,६००।०० | २,३३,११,४००।०० | ४,०८,०३,२००।०० |
| ३ | बचत | ४,१६,६५,६६४।०० | ४,१३,०५,८३१।०० | ८,७६,१४,४२६,०० | २०,८६,१९,९५४।२१ |
| ४ | ऋण लगानी | ५,७३,५९,९६३।०० | ७६७,३१,६७२।०० | १२,५६,७६,५७२।०० | २९,२८,७५,६३९।३१ |
| ५ | जगेडा कोष | ४,४१,१८०।०० | ७,३८,६६०।०० | १९,९५,१०७।०० | ४२,५७,४९५।३५ |
| ६ | अन्यकोष | ४,४४,१२०।०० | ८,५४,०९८।०० | ११,९७,७६९।०० | ५५,५६,९४६।७६ |
| ७ | ऋण जोखिम कोष | ८,५३,५५३।०० | ४,००,०००।०० | ३५,५३,५५३।०० | ६०,५३,५५३।०० |
| ८ | बाह्य ऋण दायीत्व | १,११,११,७४४।०० | २४,०५,६०,३६।०० | ३,७४,०८,९६६।०० | ७,९७,२०,४३५।७१ |
| ९ | शेयर लगानी | ८,५१,५००।०० | २,९२,५००।०० | ५,१२,६०१।०० | १६,०९,६८९।४१ |
| १० | स्थिर सम्पत्ति | ३,९६,९६८।०० | ३,३६,४२३।०० | ३१,४६,९९७।०० | ५६,५६,७०९।०० |
| ११ | नाफा | ४,६६,३१४।०० | ८,१५,४७२।०० | ११,९७,७६९।०० | ५९,७१,३०३।४९ |
| १२ | वासलात | ६,२८,६५,७९४।०० | ८,४२,८८,१२८।०० | १५,६५,०९,२४१।०० | ३४,७३,८३,७५२।६३ |
| १३ | बाल बचतकर्ता | | | | २५५२ जना |
| १४ | ऋणी संख्या | | | | २५४६ जना |
| १५ | कर्मचारी संख्या | १८ जना | २२ जना | ३८ जना | ५३ जना |

**२.२ विगत तीनवर्ष यताको सांगठनिक, वित्तीय र सदस्यता बृद्धिः**

| क्र.सं. | विवरण | २०७५।०७६ | २०७६।०७७ | २०७७।०७८ | २०७८।०७९ |
|---|---|---|---|---|---|
| १ | सदस्यता | ९२९७ | १११०८ | १५,५४८ | १९२५६ |
| २ | शेयर पूँजी | ४,०८,०३,२००।०० | ५,२७,७३,२००।०० | ८,६९,०८,१००।०० | १२२५५८०००।०० |
| ३ | बचत | २०,८६,१९,९५४।२१ | ३२,५३,५४,५११।२६ | ५८,३७,७५,१४३।४३ | ७१२१७२८२८।०६ |
| ४ | ऋण लगानी | २९,२८,७५,६३९।३१ | ३८,४१,७९,५९७।३९ | ६७,८३,२५,८६३।७९ | ९२३९७७००५।९२ |

| क्र.सं. | विवरण | २०७५।०७६ | २०७६।०७७ | २०७७।०७८ | २०७८।०७९ |
|---|---|---|---|---|---|
| ५ | जगेडा कोष | ४२,५७,४९५।३५ | १,०२,७८,०६४।३० | १,९०,५०,३०३।७७ | ३२६७३५९९।०९ |
| ६ | अन्य कोष | ५५,५६,९४६।७६ | ५८,८५,८६५।७० | १,६५,९५,२७.६२ | १७०७९००६।९८ |
| ७ | ऋण जोखिम कोष | ६०,५३,५५३।०० | १,४०,५३,५५३।०० | १,६१,७२,७४६।६८ | २,७३,७२,७४६।६८ |
| ८ | बाह्य ऋण दायीत्व | ७,९७,२०,४३५।७१ | ११,४६,९२,५४६।०२ | १८,७०,६८,६१८।५२ | २७७८४११९३।८० |
| ९ | शेयर लगानी | १६,०९,६८९।४१ | २२,५०,२७९।८८ | ५३,८५,४७८।८१ | ५४२६७४८।२२ |
| १० | स्थिर सम्पत्ति | ५६,५६,७०९।०० | १,९३,३६,२१५।०० | २,१३,४७,७०५।८१ | २२८४९००२।०९ |
| ११ | नाफा | ५९,७१,३०३।४९ | ७४,०२,५५९।९१ | १,६९,८४,६०७।३८ | २१६३४९५४।८१ |
| १२ | वासलात | ३४,७३,८३,७५२।६३ | ५२,५२,२६,७४६।५५ | ९१,९१,०८,३४।२३ | १२०७३७४५६८।४९ |
| १३ | बाल बचतकर्ता | २५५२ जना | ४४२४ जना | ३५१४ जना | ४०४२ जना |
| १४ | ऋणी संख्या | २५४६ जना | २४२२ जना | २८६५ जना | २८७२ जना |
| १५ | कर्मचारी संख्या | ५३ जना | ५० जना | ७८ जना | ७९ जना |

**२.३ संस्थाको रणनीतिक व्यावसायिक योजना र त्यसको प्रभाव :**

विगतमा संस्थालाई योजना मुताविक सञ्चालन गर्ने उद्देश्यले तीन वर्षे रणनीतिक योजना (२०७४/२०७५ देखि २०७७/२०७८) निर्माण गरी कार्यान्वयन गरिएको थियो । आव २०७७/२०७८मा उक्त योजनाको समयावधि समाप्त भएसंगै अर्को ५ वर्षे योजना निर्माण गरी लागु गरिएको छ । संस्थाको दोश्रो आवधिक योजना अवधिमा १५६३२ जना सदस्य र ७५,४७,४०,०००।- को वासलात पुऱ्याउने लक्ष्य राखिएको थियो । उक्त योजनाले निर्दिष्ट गरेको लक्ष्यमा ८४ जना कम सदस्यता संख्या १५,५४८ पुगेको थियो भने संस्थाको वासलात रू. ९१,९१,०८,३४५।२३ पुगेको थियो । अन्य लक्षित योजनाहरू पनि हाँसिल गर्न सकिएका थिए । व्यावसायिक योजनाको मार्ग निर्देशन अनुरूप संस्थाका सञ्चालकहरूको प्रतिबद्धता, कर्मचारीहरूको लगनशीलता र इमान्दारिता अनि शेयर सदस्यहरूको एकताबद्ध सहयोगले उक्त उपलब्धी प्राप्त गर्न सकिएको हो ।

गत वर्षदेखि संस्थाले ५ वर्षे रणनीतिक व्यावसायिक योजना निर्माण गरेर लागु गरिरहेको छ । योजनाको पहिलो वर्ष चलिरहेको छ । पहिलो वर्षको प्रगतिका तथ्याङ्कहरू हेर्दा केही कठिनाइहरू देखा परेका छन् । कुल १२४ करोडको वासलातमा पुग्ने लक्ष्य भएपनि कुल १२० करोडको लक्ष्य मात्र हाँसिल गर्न सकिएको छ । तीनको समाधानका लागि संस्थाको सञ्चालक र व्यवस्थापनको मूल टिम क्रियाशील छ । जे होस् संस्था निर्धारित योजना अनुरूप सञ्चालन हुदै आएको छ । समग्र सुशासन, वित्तीय अनुशासनको पालना, विधिको पालना, प्रविधिको उपयोग सहित संस्थाले मूल बाटो अंगिकार गर्दै अगाडि बढेको व्यहोरा जानकारी गराउन पाउदा खुसी लागेको छ । समग्रमा विगतका योजनाहरूको सकारात्मक प्रभाव रहेको छ । योजनाहरुले संस्थालाई मार्ग निर्देश गरिरहेका छन् ।

**२.४ संस्थाको नीतिगत अवस्था र कार्यान्वयन :**

संस्थालाई सहकारी ऐन, नियमावलीको अधिनमा रही सहकारी संस्थाको स्वायत्तता उपयोग गरी विधि र विधान सम्मत सञ्चालन गर्ने प्रयास गरिएको छ । हरेक संस्था सञ्चालन गर्दा परेका अप्ठ्याराहरू, सदस्यहरूको आवश्यकता र संस्थाको सेवा प्रवाहको गतिलाई चुस्त दुरूस्त बनाउन विभिन्न प्रकारका मार्ग दर्शनहरूको आवश्यकता पर्दछ । तदनुरूपका नीति, कार्यविधिहरूको तयार गरी संस्थालाई नीति, विधि र प्रविधि अनुकूल सञ्चालन गर्ने परम्पराको विकास गरिएको छ । यस वर्ष केही नीति, कार्यविधि र निर्देशिकाहरू संशोधन गरी कार्यान्वयन गरिएको छन् । हाल संस्थामा २१ वटा नीति, १४ वटा लिखित कार्यविधिहरू, १ वटा लिखित निर्देशिका र ३ वटा लिखित आचारसंहिता कार्यान्वयनमा रहेका छन् ।

**२.५ कर्मचारीहरूको क्षमता विकासमका प्रयास र सहभागिता :**

संस्था सञ्चालनका लागि दक्ष र प्रभावकारी जनशक्तिको आवश्यकता हुने गर्दछ । त्यसकारणले संस्थाको दक्ष जनशक्ति निर्माणका कार्यहरू सञ्चालन गरिदै आएको छ । संस्थामा कार्यरत कर्मचारीहरूको सीपको विकास गर्न, उच्च मनोवल भर्न र सिर्जनात्मक क्षमताको विकास गर्न विभिन्न प्रकारका विषय केन्द्रित तालिमहरूको आयोजना गरी आवश्यक मात्रामा कर्मचारीहरूलाई प्रशिक्षित गर्ने कार्यक्रम चलाएका छौं ।

| क्र.सं. | विवरण | सहभागिता | मिति | स्थान |
|---|---|---|---|---|
| १ | Conscious Leadership Training for Coop High leval Manegers | Chhatra Bahadur Thapa | 2078-9-6 to8 | Saphari Rishort Shaurah, Chitawan |
| २ | वस्तु तथा सेवा निर्माण तालिम | छत्रबहादुर थापा | २०७८।११।२१ देखि २३ सम्म | होटल सिद्धार्थ कर्णाली चिसापानी, कैलाली |
| | | रेशम सुवेदी | | |
| | | बिन्दु लामा | | |
| | | रेखा कोइराला | | |
| ३ | Visa Co-br उद्घाटन कार्यक्रम | सम्राट शाही | २०७८।९।७ | होटल अकममा धुम्वाराही, काठमाण्डौ |

**२.६ संस्थामा कार्यरत कर्मचारी दरबन्दी र आवश्यक जनशक्तिको विवरण :**

| क्र.सं. | कर्मचारी संरचना | तह | हालको संख्या | थप हुन सक्ने | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | अधिकृत एघारौं | १ जना | ० | १ जना |
| २ | कार्यालय व्यवस्थापक | अधिकृत सातौं | १ जना | १ | २ जना |
| ३ | कार्यक्रम अधिकृत | अधिकृत छैटौ | ३ जना | २ जना | ६ जना |
| ४ | विभागीय प्रमुख तथा सेवा केन्द्र प्रमुख | पाँचौं | १६ जना | ३ जना | १९ जना |

| क्र.सं. | कर्मचारी संरचना | तह | हालको संख्या | थप हुन सक्ने | जम्मा |
|---|---|---|---|---|---|
| ५ | कार्यालय सहायक | चौंथो तह | १९ जना | २ | २१ जना |
| ६ | सहायक (एसएचजीपी कार्यकर्ता) र बजार प्रतिनिधी) | तेस्रो तह | ३६ जना | ५ जना | ४१ जना |
| ७ | कार्यालय सहयोगी | श्रेणि विहिन | २ जना | १ जना | ३ जना |
| ८ | सुरक्षा गार्ड | ,, | ० | २ जना | २ जना |
| ९ | प्रशिक्षार्थी कर्मचारी | | १ जना | | |
| | जम्मा | | ७९ जना | १६ जना | ९५ जना |

खास गरी वीरेन्द्रनगर साकोसमा दक्ष जनशक्ति निर्माणको परिणामले होला यसका ६ वटा सेवा केन्द्रहरू महिला कर्मचारीहरूले नेतृत्व गरेर सञ्चालन गरेका छन् । हाम्रो जनशक्तिको अवस्था यस प्रकार भए पनि संस्थामा अभावको रूपमा खड्किएको दक्ष जनशक्तिको पूर्तिगर्न कर्मचारी भर्ना गर्नुभन्दा प्रशीक्षार्थी कर्मचारी लिएर क्षमता अभिबृद्धिको माध्यमबाट कर्मचारी लिने योजना संस्थाले निर्माण गरेको छ । उक्त विधिबाट छोटो सूचि बनाएर त्यहीबाट कर्मचारी पूर्ति गर्ने नीति अवलम्बन गरिनेछ । हाल उपलब्ध जनशक्तिलाई पनि प्रशिक्षित गर्दै जाने र कर्मचारी र संस्थाको कारोवारोको तादम्यता मिलाउनु पर्ने आवश्यकता छ ।

**२.७ तालिम र गोष्ठीहरूमा सञ्चालकहरूको सहभागिता**

यस वर्ष पनि संस्थाले सम्पर्क, समन्वय र सम्वन्ध विस्तारका कार्यहरू निरन्तरता दिइएको छ । त्यसका लागि संस्थाको तर्फबाट केहि सभा सम्मेलनहरू, तालिमहरू र गोष्ठी तथा कार्यशालाहरूमा संस्थाको तर्फबाट भौतिक र भर्चुअल रूपमा सहभागिता दर्शाइएको छ। जसको केही विवरण तल उल्लेख गरिएको छ भने विस्तृत विवरण शिक्षा उपसमितिको प्रतिवेदनमा समावेश गरिएको छ ।

| क्र.सं. | विवरण | सहभागिता | मिति | स्थान |
|---|---|---|---|---|
| १ | वार्षिक योजना निर्माण तथा कर दायित्व सम्बन्धी तालिम | बमबहादुर बिसी | जुलाइ ७ | भर्चुअल |
| २ | Strategic Leadership Training for Coopertors | Bam Bahadur BC | 2079-2-20 to 22 | The Club Hims]alaya Nagarkot |
| ३ | साकोस शिखर गोष्ठी २०७९ | बमबहादुर बिसी<br>ईन्द्रा हमाल<br>श्याम पौडेल | २०७९।२।२९र३० | काठमाण्डौ |

**२.८ पूर्ण व्यावसायिक साकोस विकास (प्रावेशन) कार्यक्रम र उपलव्धीहरू :**

हाम्रो संस्था पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन) मा २०७५ श्रावण १९ गतेदेखि आबद्ध भएको हो । हामी हालसम्म पनि उक्त कार्यक्रममा सहभागी भईरहेका छौं । संस्थालाई सदस्यमैत्री बनाउने, सुशासनयुक्त बनाउने, आर्थिक नियमहरूलाई पूर्ण रूपमा कायम

गराउने, सहकारी ऐन नियमहरूको पूर्ण पालना र संस्थालाई पूर्णरूपमा व्यावसायिक बनाउन नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को पूर्ण सहजीकरणमा सञ्चालित पूर्ण तथा व्यावसायिक साकोस विकास (प्रोबेशन) कार्यक्रममा सहभागी भएर संस्थालाई व्यवस्थित बनाउदै आएका छौं । कोभिड १९ र त्यसले पारेको वित्तीय प्रभावको कारणले गत वर्षदेखिका कार्यक्रमहरू प्रभावकारी हुन सकेका छैनन् । तथापी गुणस्तरीय सेवा प्रदान गर्न, सुशासनयुक्त प्रशासन निर्माणका साथै स्वस्थ र प्रतिस्पर्धी संस्थाको रूपमा स्थापित गर्ने हाम्रो प्रयास निरन्तर जारी छ ।

**२.९ उपसमितिको सदस्यको भूमिका :**

हामी नेफ्स्कून फिल्ड कार्यालय सुर्खेतको सञ्चालन उपसमितिमा सदस्यको सक्रिय भूमिकामा रहेका छौं । त्यसको प्रतिनिधित्व संस्थाका अध्यक्ष बमबहादुर बि.सी.ले गरिरहनु भएको छ । संस्थाको माध्यमबाट प्राप्त यो भूमिका संस्थाको लागि महत्वपूर्ण उपलब्धी हो । सञ्चालक उपसमितिको सदस्यको हैसियतमा सो सम्बन्धी कार्य सम्पादन र सहभागिता निरन्तर रूपमा कायम गरिएको जानकारी गराउन चाहन्छु ।

| क्र.सं. | कार्य विवरण | सहभागिता | मिति | स्थान |
|---|---|---|---|---|
| १ | नेफ्स्कूनको बैठक | बमबहादुर बिसी | २०७८।४।१३ | सुर्खेत |
| २ | साझा सेवाहरूको सवलीकरण तथा सञ्जाल निर्माण अभियान गोष्ठी | बमबहादुर बि.सी. | २०८७०६।१२ र १३ | जियाना |
| ३ | बैठक | बमबहादुर बिसी | २०८७१०।२८ | सुर्खेत |
| ४ | बैठक | बमबहादुर बिसी | २०७९।३।१३ | सुर्खेत |
| ४ | भर्चुअल बैठक | बमबहादुर बिसी | २०७९।३।१८ | सुर्खेत |

**२.१० संस्था एकिकरणका प्रयासहरू :**

हामीले विगतमा जस्तै यस वर्ष पनि सहकारी संस्थाहरूबीच पारस्परिक सहयोग आदान प्रदान गर्ने र यस मार्फत स्थापित सम्बन्धलाई संस्था एकीकरणको तहसम्म विकसित गर्दै समृद्ध बनाउने कार्य निरन्तर रूपमा गर्दै आएका छौं । त्यसका लागि संस्थाका अध्यक्ष श्री बमबहादुर बि.सी. को संयोजकत्वमा गठित एकिकरण कार्यदलले विभिन्न १४ वटा सहकारी संस्थाहरूसंग एकिकरण सम्बन्धी छलफल गरेको छ । यस वर्ष कुनै संस्थाहरूसंग एकिकरण गरिएको छैन । तर एकीकरण नजिक भने पुगिएको छ । अन्य संस्थाहरूसंग एकिकरणका लागि थप छलफल भइरहेका छन् ।

**२.११ संस्थामा अनुगमन तथा अवलोकनका लागि पाल्नु हुने महानुभावहरूको विवरण :**

वीरेन्द्रनगर साकोस सहकारीहरूबीच सहकार्यको अभियन्ता संस्था हो । यसको भाइचारा सम्बन्ध पनि त्यत्तिकै विस्तारित छ । जसको कारणले संस्थाको छवि निर्माण र बाह्य सम्बन्ध प्रगाढ हुदै गएको छ । यही कुराको फलस्वरूप संस्थामा अनुगमन, अवलोकन र भेटघाट गर्ने संस्था र महानुभावहरूको संख्या पनि बढ्दै गएको छ । यस अवसरमा सोही प्रयोजनका लागि संस्थामा पाल्नु हुने संस्था तथा महानुभावहरूको विवरण प्रस्तुत गरिएको छ ।

| क्र.सं | नाम | संस्थाको नाम | भूमिका | मिति |
|---|---|---|---|---|
| १ | भरत प्रसाद न्यौपाने | नेफ्स्कून | बरिष्ठ अधिकृत | २०७८।५।९ |
| २ | प्रेम प्रसाद लुइटेल | राष्ट्रिय सहकारी विभाग | शाखा अधिकृत | |
| ३ | चेत प्रसाद रिजाल | | ना.सु. | |
| ४ | डिण्लीबहादुर खड्का | | कम्प्यूटर अपरेटर | |
| ५ | विश्वमोहन अधिकारी | युवा तथा साना व्यावसायिक स्वरोजगार कोष | कार्यकारी निर्देशक | २०७८।११।२५ |
| ६ | टिकाराम बुढा | | कर्जा असुली सहजकर्ता | |
| ७ | नितेश कुमार शर्मा | | | |
| ८ | खुम प्रसाद सुवेदी | प्रदेश सहकारी रजिष्ट्रार कार्यालय | रजिष्ट्रार | २०७८।१२।२० |
| ९ | ईन्द्रा चपाई | | अधिकृत छैटौं | |
| १० | कृष्ण शर्मा | | | |
| ११ | राम भट्टराई | भूमि व्यवस्था सहकारी (आरडिएम तथा सहकारी मन्त्रालय) | टोली विशेषज्ञ | |
| १२ | श्री गोमा नेपाल | नेफ्स्कून | सञ्चालक | २०७९।३।३ |
| १३ | चन्द्रदेव जोशी | नेफ्स्कून | प्रमुख फिल्ड कार्यालय सुर्खेत | |

**२.१२ सघन अनुगमन :**

यस वर्ष हाम्रो संस्थाको सहकारी विभागद्वारा सघन अनुगमन गरिएको छ । त्यसका कारणले हाम्रो संस्थामा सकारात्मक प्रभाव परेको अनुभूति भएको छ । खासमा विभागले संस्थामा भए गरेका कार्यहरू हेरे देखेका विषयहरूका बारेमा सुझाव दिन मिति २०७९/३/१ गते काठमाण्डौमा संस्थाको सञ्चालक समितिसँग छलफल गरेको थियो । उक्त छलफलका क्रममा विभिन्न सकारात्मक सुझावहरू प्राप्त भएका छन् । जसमा,

१. संस्थालाई सदस्य केन्द्रित बनाउने ।
२. सम्पत्ति शुद्धिकरण सम्बन्धी प्रतवेदन चौमासिक रूपमा नियमनकारी निकायमा पठाउने ।
३. नियमित प्रतिवेदनका लागि goAML सफ्टवेयर लागु गर्ने । सबै प्रतिवेदन यसै मार्फत पठाउने ।
४. लेखा सुपरीवेक्षण समितिलाई सक्रिय बनाउने ।
५. जिन्सी सामानको भौतिक निरीक्षण गरी अभिलेख राख्ने ।
६. शेयर, बचत र ऋणको अनुपात मिलाउने ।
७. ऋण जोखिम कोषको पूर्ण व्यवस्था गर्ने ।
८. संस्थालाई पूर्णरूपमा सुशासनमा सञ्चालन गर्ने ।

माथि उल्लिखित सबै सुझावहरूको पालना गर्न कार्ययोजना निर्माण गरी लागु गरिएको छ । लेखा परीक्षक मार्फत प्राप्त भएका सुझावहरू, सहकारी विभाग मार्फत प्राप्त भएका सुझावहरू र लेखा

सुपरीवेक्षण समिति मार्फत प्राप्त भएका सुझावहरूलाई क्रमश लागु गर्दै जाने प्रतिवद्धता व्यक्त गरिन्छ। ती सुझावहको आधारमा संस्थाले सुधार योजना निर्माण गरेर लागु गरिरहेको छ ।

**२.१३ सञ्चालक समितिका बैठक संख्या :**

समादरणीय शेयर सदस्य महानुभावहरू !

यस आर्थिक वर्ष अवधिभर संस्थाको कामहरूलाई विधिसम्मत सञ्चालन गर्न सञ्चालक समितिले १३ वटा बैठकहरू सम्पन्न गरेको छ। ती बैठकहरू मार्फत १२९ वटा निर्णयहरू गरी कार्यान्वयन गरिएका छन् । आवश्कता अनुसार लेखा तथा सुपरीवेक्षण समिति, शिक्षा उपसमिति, ऋण उपसमिति र सल्लाहकार समितिसँगै संयुक्त बैठकहरू सञ्चालन गरिएका छन्। निर्णय प्रक्रियालाई सरल, सहज र वैधानिक बनाउने प्रयास गरिएको छ। लेखा सुपरीवेक्षण समितिले नियमित रूपमा संस्थाको सुपरीवेक्षण कार्यको थालनी गर्दै सहकारी ऐन नियम र विधि विधानलाई पालना गर्न, आर्थिक श्रोतको परिचालन गर्ने विषयमा महत्वपूर्ण सुझावहरू दिएको छ। सञ्चालक समितिले ती सुझावहरूलाई प्राथमिकताका साथ पालना गरिरहेको जानकारी गराउदछु।

| क्र.सं. | मिति | निर्णय संख्या | क्र.सं. | मिति | निर्णय संख्या |
|---|---|---|---|---|---|
| १ | २०७८/०४/१२ | ९ | ८ | २०७८/१०/०७ | १० |
| २ | २०७८/०५/१९ | १४ | ९ | २०७८/११/०७ | १५ |
| ३ | २०७८/०६/०२ | ९ | १० | २०७८/१२/०५ | १२ |
| ४ | २०७८/०६/२३ | ३ | ११ | २०७९/०१/०३ | ८ |
| ५ | २०७८/०७/०६ | ९ | १२ | २०७८/०२/०७ | ७ |
| ६ | २०७८/०८/०७ | १० | १३ | २०७९/०३/०४ | १२ |
| ७ | २०७८/०९/१७ | ११ | | **जम्मा निर्णय संख्या** | १२९ |

**२.१४ लेखा सुपरीवेक्षण समितिको बैठक :**

यस वर्ष लेखा सुपरीवेक्षण समितिको बैठक ५ (पाँच) पटक बसेको जानकारी गराउन चाहन्छु। लेखा सुपरीवेक्षण समितिका तर्फबाट संस्थालाई नीति, विधि र प्रविधि सहित सुशासनमा सञ्चालित संस्थाका रूपमा स्थापित गर्न विभिन्न प्रकारका सुझावहरू प्राप्त भएका छन् । सञ्चालक समितिले तीनको कार्यान्वयन गर्दै आएको छ।

**२.१५ ऋण उपसमितिका बैठक र निर्णयहरू :**

सहकारी संस्थामा ऋण उपसमिति अनिवार्य र महत्वपूर्ण निकाय हो । उक्त उपसमितिको बैठक यस वर्ष १४ (चौध) पटक बसेको र ऋण लागानी लगायत असुली सम्बन्धी निर्णयहरू भए गरेको जानकारी गराउन चाहन्छु । यस सम्बन्धी विस्तृत विवरण ऋण उपसमितिको प्रतिवेदनमा उल्लेख गरिएको छ।

**२.१६ शिक्षा उपसमितिका बैठक र भूमिका :**

संस्थाको शिक्षा उपसमिति अपेक्षाकृत सक्रिय रहेन । तथापी यस आर्थिक वर्ष ५ (पाँच) पटक बसेर संस्थाका २७३ जना शेयर सदस्यहरूलाई सहकारी शिक्षा, तालिम र अन्य वित्तीय साक्षरता

कार्यक्रमहरू सञ्चालन भएका छन् । यसको विवरण शिक्षा उपसमितिको प्रतिवेदनमा उल्लेख गरिएको छ। सहकारी संस्थालाई सदस्यमैत्री बनाउनका लागि व्यवस्थापकीय कौशलता बृद्धिका लागि कर्मचारीहरूलाई तालिम अनिवार्य विषय हो भने सदस्यहरूलाई सहकारीप्रतिको लगाव बृद्धिका लागि सदस्य शिक्षा र वित्तीय व्यवस्थापनका लागि वित्तीय साक्षरता कार्यक्रम अनिवार्य कुरा हो । यी विषयहरूको संयोजन शिक्षा उपसमितिले गर्दै आएको छ ।

**२.१७ अन्य उपसमितिका बैठकहरू :**

संस्थाका विभिन्न कामहरू सम्पादन गर्नका लागि गठित कार्यविभाजन उपसमिति, संस्था एकीकरण कार्यदल, संस्थाको भौतिक पूर्वाधार तयारी उपसमिति, कर्मचारी छनौट उपसमिति, स्थापना दिवस सम्पन्न कार्यदल लगायत विभिन्न उपसमितिहरूले दर्जनौ पटक बैठक सम्पन्न गरी कार्य सम्पादन गरेको छन् । खासमा संस्था एकीकरण कार्यदलले विभिन्न संस्थाहरूसंग द्विपक्षीय र बहुपक्षीय बैठकहरू सम्पन्न गरेको छ र परिणाम पनि सकारात्मक नै रहेको छ। कतिपय उपलव्धीहरू आउने क्रममा रहेकाले यहाँ उल्लेख गरिएको छैन ।

**२.१८ संस्था स्थापना दिवश तथा सम्मान कार्यक्रम :**

वीरेन्द्रनगर साकोसले हरेक वर्ष अषाढ २२ गते आफ्नो स्थापना दिवश मनाउदै आइरहेको छ । विगतमा कोभिड १९ का कारण भौतिक उपस्थितिमा मनाउन नसकिएकोमा यस वर्ष संस्था स्थापनाको २१औं स्थापना दिवस भव्य रूपमा मनाइएको थियो । स्थापना दिवशलाई सफल बनाउनका लागि संस्थाका सचिव श्री श्याम पौडेल ज्यूको संयोजकत्वमा ३ सदस्यीय कार्यदल गठन गरिएको थियो । उक्त कार्य दलको योजना अनुसार संस्थाप्रतिको योगदान लगायतका विषयहरूको उचित मूल्याङ्कन गर्दै सदस्यहरूलाई पुरस्कृत गरिएको छ ।

संस्थाको जीवनमा कुनै न कुनै प्रकारले सहयोग गरिरहेका संस्थाका जेष्ठ नागरिक सदस्यहरू, बाल बचतकर्ता (भावी सदस्यहरू), योगदान गरेका सिर्जनशील प्रबुद्ध व्यक्तित्व महानुभावहरूलाई विभिन्न प्रकारका सम्मान तथा पुरस्कारहरू प्रदान गरिएको छ। उक्त कार्यदलले निर्धारित गरेको निम्न विद्यामा सम्मान तथा प्रमाणपत्र वितरण गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | सम्मानीत हुने विद्या | शेयर कित्ता | प्रमाणपत्र | अन्य सामाग्री |
|---|---|---|---|---|
| १ | उत्कृष्ट शेयर खरिद | १२ जना | प्रति सदस्य १ थान | प्रति सदस्य खादा १ थान |
| २ | उत्कृष्ट नियमित बचत | १२ जना | प्रति सदस्य १ थान | प्रति सदस्य खादा १ थान |
| ३ | उत्कृष्ट बाल बचत | ११ जना | प्रति सदस्य १ थान | रू. १००० बराबरको मसलन्द |
| ४ | उत्कृष्ट स्वेच्छिक बचत | ११ जना | प्रति सदस्य १ थान | प्रति सदस्य खादा १ थान |
| ५ | उत्कृष्ट आवधिक बचत | १२ जना | प्रति सदस्य १ थान | प्रति सदस्य खादा १ थान |
| ६ | उत्कृष्ट दैनिक बचत | १२ जना | प्रति सदस्य १ थान | प्रति सदस्य खादा १ थान |
| ७ | उत्कृष्ट नारी बचत | २ जना | प्रति सदस्य १ थान | प्रति सदस्य खादा १ थान |

| क्र.सं. | सम्मानीत हुने विद्या | शेयर कित्ता | प्रमाणपत्र | अन्य सामाग्री |
|---|---|---|---|---|
| ८ | उत्कृष्ट व्यवसायिक ऋण | ११ जना | प्रति सदस्य १ थान | प्रति सदस्य खादा १ थान |
| ९ | उत्कृष्ट साना व्यवसायिक ऋण | ११ जना | प्रति सदस्य १ थान | प्रति सदस्य खादा १ थान |
| १० | उत्कृष्ट घर जग्गा ऋण | ९जना | प्रति सदस्य १ थान | प्रति सदस्य खादा १ थान |
| ११ | उत्कृष्ट कृषि तथा पशुपालन ऋण | ६ जना | प्रति सदस्य १ थान | प्रति सदस्य खादा १ थान |
| १३ | उत्कृष्ट हायरपर्चेज ऋण | ९ जना | प्रति सदस्य १ थान | प्रति सदस्य खादा १ थान |
| १३ | स्वयम् सहायता समुह | २ समूह | प्रति समुह १ थान | खादा सबै सदस्य |
| १४ | जेष्ठ सदस्य सम्मान | प्रति जेष्ठ सदस्य पौष्टिक खाना (हर्लिक्स) ५०० ग्रामको १ थानका दरले ६१ जना | | |
| १५ | उत्कृष्ट सञ्चालक सम्मान | रू. २००० बराबरको सामाग्री र सम्मान पत्र १ जना (कमल नेपाल) | | |
| १६ | उत्कृष्ट कर्मचारी सम्मान | रू. २००० बराबरको सामाग्री र सम्मान पत्र (९ जना) | | |

### २.१९ समुदायप्रतिको जिम्मेवारी निर्वाह :

सहकारी संस्थाहरू समुदायको सामूहिक प्रयत्नबाट निर्माण गरिएका संस्था हुन् र सहकारीका सिद्धान्त, मूल्य मान्यताका आधारमा आफ्नो कार्यक्षेत्रभित्र रहेको समुदायका लागि केही दायीत्वहरू पूरा गर्नुपर्ने हुन्छ। वीरेन्द्रनगर साकोसले विभिन्न सामाजिक कार्यहरू गर्दै आएको छ।

### २.२० सदस्य राहत तथा सुरक्षा कार्यक्रम :

यस संस्थामा आवद्ध शेयर सदस्यहरूको भईपरी आउने दुर्घटनामा संस्थाका तर्फबाट राहत प्रदान गर्ने योजना अन्तरगत दुर्घटना मृत्यूमा स्वर्गीय श्री प्रेमा बि.सी. श्री उदय बिक र श्री नरेन्द्र कार्कीका परिवारलाई रू. १ लाख रूपैयाँ दरले जम्मा रू. ३ लाख रूपैयाँ प्रदान गरिएको छ । संस्थाका सदस्य स्वयम्को कालगत मृत्यूमा २१ जनालाई जनही रू.२० हजारका दरले रू ४,२०,०००।- अक्षेरूपी चार लाख बीस हजारमात्र राहत उपलव्ध गराइएको छ । यस अवसरमा विभिन्न कारणले मृत्युवरण गर्ने यस संस्थाका शेयर सदस्यज्यूहरूप्रति भावपूर्ण श्रद्धान्जली र परिवारजनमा समवेदना व्यक्त गर्दछौं ।

### २.२१ सदस्य सुत्केरी राहत कार्यक्रम :

संस्थाले आफ्ना महिला शेयर सदस्यहरू प्रथम दुई पटकसम्म सुत्केरी हुदा प्रतिपटक रू. २ हजारका दरले सुत्केरी राहत प्रदान गर्ने योजना लागु गर्दै आएको छ । त्यस अन्तरगत यस वर्ष ५७ जना महिला सदस्यज्यूहरूलाई जनही २ हजारका दरले रू. १,१४,०००।- अक्षेरूपी एक लाख चौध हजार रूपैयाँ मात्र सुत्केरी राहत प्रदान गरिएको छ ।

**२.२२ जन्म दिन कार्यक्रम :**

संस्था शेयर सदस्यहरूका छोरा छोरीहरू जो संस्थाका बाल बचतकर्ता वा भावी सदस्यहरू पनि छन् ती बाल बचतकर्ताहरूको जन्म दिनमा उपहार दिने कार्यक्रम अनुसार हालसम्म ४५३ जना बाल बचतकर्ताहरूको जन्म दिनमा रू. २००।- बराबरका दरले रू. ९०६००।- अक्षेरूपी नव्बे हजार छ सय रूपैयाँ मात्रको जन्म दिनको उपहार प्रदान गरिएको छ ।

## ३. २०औं साधारसभाका निर्णयहरूको कार्यान्वय र प्रभावकारिता :

मिति २०७८ पौष ३० गते सम्पन्न संस्थाको २०औं वार्षिक साधारण सभाले निम्नलिखित प्रस्ताव माथि छलफल गरी सर्वसम्मत निर्णय गरेको थियो ।

१. संस्थाका अध्यक्ष श्री बमबहादुर बि.सी.द्वारा प्रस्तुत आ.व.२०७७/०७८ को वार्षिक प्रगति प्रतिवेदन र आगामी नीति तथा कार्यक्रम पारित ।

२. संस्थाका कोषाध्यक्ष श्री ईन्द्रा हमालद्वारा प्रस्तुत आ.व.२०७८/०७९ को वार्षिक बजेट सर्वसम्मतिले पारित ।

३ आ.व.२०७७/०७८ को वार्षिक लेखा परीक्षण सर्वसहमतिले पारित ।

४. आ.व.२०७८/०७९ का लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक सर्वसहमतिले निर्धारण ।

५. मिति २०७७/८/१५ देखि २०७८/९/२९ गतेसम्म सञ्चालक समितिले गरेका निर्णयहरू सर्वसहमत पारित ।

६. लेखा सुपरीवेक्षण समितिका संयोजक श्री प्रकाश कुमार सापकोटाले प्रस्तुत गर्नु भएको आ.व.२०७७/०७८ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सर्वसहमत पारित ।

७. ऋण उपसमितिका संयोजक श्री रमेश कुमार सापकोटाले पेश गर्नु भएको ऋण उपसमितिको प्रतिवेदन सर्वसहमत पारित ।

८. संस्थामा रिक्त रहेको वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष (महिला), कोषाध्यक्ष र ३ जना सदस्यहरूको निर्वाचन सर्वसहमतले पारित ।

९. संस्थाका शेयर सदस्यहरूलाई लाभांश वितरणको निर्णय सर्वसहमत पारित ।

१०.वीरेन्द्रनगर साकोस, नवबौद्धिक साकोस र मालिका साकोसबीचको एकीकरण प्रस्ताव सर्वसहमतिले पारित ।

११. विभिन्न नीति, कार्यविधि, निर्देशिकाहरूको अनुमोदन र संशोधन प्रस्ताव सर्वसहमत पारित ।

१२. २ वटा नयाँ सेवा केन्द्र खोल्नको लागि अनुमति लिने निर्णयको सर्वसहमत पारित ।

१३. कर्णाली अञ्चलको अन्य जिल्लामा कार्यक्षेत्र विस्तारको निर्णय सर्वसहमत पारित ।

१४. विभिन्न वित्तीय संस्था र स्वरोजगार कोषबाट ऋण माग गर्ने निर्णय सर्वसहमत पारित ।

१५. भौतिक संरचनाका लागि जग्गा खरिद गर्ने निर्णय सर्वसहमत पारित ।

१६. प्रमुख कार्यकारी अधिकृतको तलव बृद्धि र सञ्चालकहरूको सेवा सुविधा बृद्धि गर्ने निर्णय सर्वसहमत पारित ।

आदरणीय शेयर सदस्य महानुभावहरू !

माथि उल्लिखित धेरै निर्णयहरू कार्यान्वयन गरिएका छन् । त्यसमध्ये नयाँ नीति निर्माण गर्ने निर्णय, विभिन्न जिल्लामा संस्थाको कार्यक्षेत्र विस्तार गर्ने निर्णय, जग्गा खरिद गर्ने निर्णय कार्यान्वयन गरिएका छैनन् । अन्य सबै निर्णयहरू सकभर पूर्ण रूपमा कार्यान्वयन गरिएका छन् । ती निर्णयहरूको कार्यान्वयनले संस्था अझ सवल र सक्षम बनाउन सकारात्मक प्रभाव परेको छ ।

**३.१ सहकारी ऐन नियम, नीतिहरूको कार्यान्वयन :**

संस्थाले सहकारी ऐन, नियम र निर्देशनहरूका साथै संस्थामा विद्यमान नीति, कार्यविधि, निर्देशिका र आचार संहिताको पालना तथा कार्यान्वयन गरिएको छ । यस वर्ष संस्थाका नीति र कार्यविधिहरू संशोधन गरिएका छन् । आगामी वर्षका लागि धेरै नीतिहरूको संशोधन र निर्माण आवश्यक भएको हुदा त्यस अनुरूपको योजना तयार गरिएको छ ।

**३.२ बाह्य स्रोतको परिचालन :**

यस वर्ष संस्थाले सदस्यहरूको मागलाई ध्यान दिएर नेपाल बचत तथा ऋण केन्द्रिय संघ, राष्ट्रिय सहकारी बैंक र युवा तथा साना व्यवसायी स्वरोजगार कोष लगायत विभिन्न वित्तीय संस्थाबाट रू २० करोड ५० लाख ऋण सहयोगको रूपमा स्वीकार गरेका थियौ ।

**३.३ संस्थाले प्राप्त गरेको मुनाफा :**

यस वर्ष संस्थाले रू. २१६,३४,९५४।८१ मुनाफा आर्जित गरेको छ । यस वर्ष संस्थामा ऋण जोखिम व्यवस्थालाई १०० प्रतिशत पुऱ्याइएको छ । त्यही कारणले यस वर्षको मुनाफा कम देखिएको जानकारी गराउदछु । संस्थाले लगानी गरेको ऋणलाई असुली र व्यवस्थित गरी उक्त कोषलाई मुनाफामा रुपान्तरण गर्ने काम तदारुकताका साथ भैरहेको छ ।

## ४. आ.व. २०७९/ ०८० को लागि प्रस्तावित नीति तथा कार्यक्रमहरू

**४.१ संस्थाका नियमित कार्यक्रमहरू :**

(१) यस आवमा सञ्चालक समितिको नियमित बैठक १४ पटक अनिवार्य बस्ने छ भने आवश्यकता अनुसार थप बैठक बस्न सकिने छ ।

(२) विगत झै सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकार र विभिन्न उपसमितिहरूको संयुक्त बैठक बढीमा २ पटक बस्न सकिने छ ।

(३) संस्थाका कर्मचारीहरूको कर्मचारी शिखर सम्मेलन २०७९ (Staff Summit 2079) को आयोजना गरिने छ ।

(४) संस्थाको भित्ते पात्रो यस वर्ष पनि प्रकाशन गरिने छ । संस्थाका परिचय खुल्ने ब्रोश्चर लगायतका विभिन्न प्रकाशनहरू यस वर्ष पनि प्रकाशन गरिनेछन् ।

(५) सञ्चालक र कर्मचारीहरूको संयुक्त बैठकको आयोजना गरिनेछ ।

(६) विभिन्न क्षेत्रको अनुगमन कार्यलाई तिब्रता दिइने छ ।

(७) ऋण लगानी प्रक्रियालाई परिवर्तन गरिने छ ।

(८) संस्थाबाट दिइदै आएको ABBS सेवालाई निरन्तरता दिइनेछ ।

(९) संस्थाका विभागीय प्रमुख र सेवा केन्द्र प्रमुखहरूको हरेक महिना समीक्षा तथा योजना निर्माण बैठक बस्नेछ ।

(१०) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आलेप प्रणालीलाई प्रभावकारी बनाइने छ ।

(११) यस वर्ष ५८१४ जना नयाँ सदस्यहरू थप गरेर जम्मा सदस्य २५०७० जना पुऱ्याइने छ ।

(१२) संस्थामा आवद्ध सबै सदस्यहरूमा "**मेरो संस्था, मेरो स्वामित्व**" को भावनाको विकास गरी कम्तीमा औषत शेयर बराबर र बढीमा कूल शेयर पूँजीको २०% सम्म मात्र शेयर खरिद गर्न सकिने छ । हालको रू. १२२,५५८,०००।०० मा २५,४१५,००।००थप गरी १५५,०९९,५००।०० पुऱ्याइने छ ।

(१३) "**गुणस्तरीय जीवन र सुनिश्चित भविष्यका लागि बचत**" साकोसको मूलमन्त्र रहने छ । यस नारा अन्तरगत हालको ७१२,२१७,०३३४।५७ मा रू.३५०,२६१,४६५।०० थप गरी १०६,२४३,१८००।०० पुऱ्याइने छ ।

(१४) "**अभियानप्रति ऐक्यवद्धता, सहकारी मार्फत गरिबी निवारणमा हाम्रो प्रतिवद्धता**" लाई आत्मसाथ गर्दै सहकारीहरूको विश्वव्यापी संञ्जालमा संस्थालाई सञ्जालिकृत बनाउन हाल लगानीमा रहेको रू. ५४,२६,७४८।२२ मा रू. ३६,९२,०६१.०० थप गरी रू. ८९,४१,१६१.०० पुऱ्याइने छ ।

(१५) "**दिगो साकोसका लागि अधिकतम संस्थागत पूँजी**" संस्थागत आकांक्षा हो । त्यसका लागि हाल संस्थामा कायम रहेको संस्थागत पूँजी २.८६ प्रतिशतबाट बढाएर ३.५० प्रतिशत पुर्‍याइने छ ।

(१६) "**आवश्यकताको आधारमा ऋण सेवा, संकटको बेलामा सञ्जालको भरोसा**" लाई उपयोग गर्दै आवश्यकता अनुसार सहकारी अभियानभित्रैबाट बाह्य ऋण लिने नीति रहदै आएकोमा यस वर्ष सकेसम्म बाह्य ऋण नलिने नीति अवलम्बन गरिने छ । आवश्यक परेमा ऋण लिनका लागि बाधा मानिने छैन ।

(१७) संस्था सञ्चालन क्षमता विकास योजनाका लागि विभिन्न प्रकारका तालिमहरूको आयोजना गरिने छ ।

(१८) "**नविनतम प्रविधि संस्थाको टेवा, हातहात र घरघरबाट वित्तीय सेवा**" लाई मध्यनजर गर्दै इन्टरनेट बैंकिङ वा मोबाइल बैकिङ, क्यू आर कोड सर्भिस, ट्याबलेट बैंकिङ र ए.टि.एम.भिसा कार्ड सेवालाई प्रभावकारी रूपमा प्रवाह गरिने छ । त्यसैगरी प्रभावकारी सूचनाका लागि सूचना प्रविधिको विकास योजनाका रूपमा "**सदाचारयुक्त व्यवहार, प्रविधिमा आधारित सूचना र सरोकार**"लाई आत्मसाथ गर्दै वेवसाइट(Website), फेसबुक पेज (Facebook), यूट्यूवच्यानल (Youtube) र एस.एम.एस सेवा संस्थाको सूचना प्रदान गर्ने औजारको रूपमा सदुपयोग गर्दै निरन्तरता दिइने छ ।

(१९) संस्थागत सञ्चालन क्षमता विकासका लागि सहकारी एकिकरण अन्तरगत वित्तीय क्षति नव्यहोरेका र सदस्यहरूको दोहोरोपना देखिएका अन्य सहकारी संस्थाहरूसंग "**प्रतिष्पर्धी र गुणस्तरीय सेवा प्रवाहका लागि भाइचारा र एकता**" भन्ने मूलमन्त्रका साथ एकिकरणका लागि आवश्यक पहल गरिनेछ ।

(२०) वीरेन्द्रनगर नपाको वडा नं. ७ इत्राम क्षेत्रमा र लेकवेशी नगरपालिकामा सेवा केन्द्र स्थापना गरिने छ ।

**४.२. सदस्य सेवा सम्बन्धी कार्यक्रम :**

**४.२.१ युवा सदस्यहरूको लागि वित्तीय शिक्षा कार्यक्रम :**

युवा सदस्यहरूले आफ्नो रूची र व्यक्तिगत गुण र सीपबीचको तादम्यतामा सुझबुझ विकासका लागि वित्तीय शिक्षा आजको अपरिहार्य शर्त भएकोले यूवा सम्मेलन, विद्यार्थीसँग वीरेन्द्रनगर साकोस कार्यक्रम, उद्यमीसँग अर्न्तरक्रिया कार्यक्रम, सहकारी सम्बन्धी बक्तृत्वकला प्रतियोगिता, शिक्षकसँग वीरेन्द्रनगर साकोस कार्यक्रम र समुदायका अगुवाहरूसंग वीरेन्द्रनगर साकोस कार्यक्रम सञ्चालन गरिने छ ।

**४.२.२ युवा सदस्यहरूको लागि उद्यम शिलता विकास तालिम :**

सहकारी मार्फत उद्यमशिलता विकास सम्भव छ भनि प्रमाणित गर्नु आजको सहकारी संस्थाहरूको चुनौतीको विषय हो । सदस्यहरूको व्यावसायिक क्षमता विकास गरी आत्मनिर्भरतातर्फ लैजानु संस्थाको दायित्व हो । यसका लागि सामूहिक तरकारी खेती, व्यावसायिक तरकारी खेती, व्यावसायिक कुखुरा पालन, व्यावसायिक भैंसि पालन, व्यावसायिक बाखा पालन, सानाहोटल तथा रेष्टुराँ र अन्य सिपमूलक तालिमहरू सञ्चालन तर्फ ध्यान दिइने छ ।

**४.२.३ विपन्न सदस्य उत्थान कार्यक्रम :**

संस्थामा आवद्ध विपन्न परिवारको उत्थानका लागि संस्थाले सीप विकास कार्यक्रममा सहभागिताका लागि प्राथमिकतामा राख्नेछ र तालिम पश्चात विनाधितो उद्यम विकासका लागि न्यूनतम व्याजमा साना ऋणहरूको व्यवस्था गर्नेछ । यसबाट आगामी वर्षदेखि सहकारी मार्फत गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्नेछ भने सहकारी मार्फत जीवनस्तर परिवर्तन भएका परिवारहरूको सफलताका कथाहरू बुलेटिन तथा छोटा श्रव्यदृश्य सामाग्री मार्फत प्रकाशन र प्रसारण गरिनेछ ।

**४.२.४ सदस्य क्षमता विकास कार्यक्रम :**

सदस्य क्षमता विकासका लागि नेतृत्व विकास तालिम २५जना, हरेक नयाँ सदस्य १०० जनालाई १५ वटा वित्तीय परामर्श तालिम २२० जना, सहकारी शिक्षा शिविर १८०० जना र विस्तारित मन्च २५०० जनालाई सहभागी गराएर सदस्य केन्द्रित सूचकाङ्कको मापदण्ड पूरा गरिने छ ।

**४.३ सञ्चालन क्षमता विकास कार्यक्रम :**

संस्थागत विकास/सञ्चालन क्षमता अभिबृद्धि तालिम ३५ जना, भाखा नाघेको ऋण व्यवस्थापन तालिम २ जना ऋणको कानुनी प्रकृया र धितो मूल्याङ्कन तालिम ३ जना र पर्ल्स अनुगमन तालिम १० जना सञ्चालकहरूलाई यस वर्ष प्रशिक्षित गरिनेछ । राष्ट्रिय स्तरीय गोष्ठीहरू ३ जना, अन्तराष्ट्रिय स्तरको गोष्ठी १ जनालाई सहभागी गराउन सकिने छ ।

त्यसै गरी व्यवस्थापकहरूको क्षमता विकास तालिम २ जना, भाखा नाघेको ऋण व्यवस्थापन तालिम १० जना, ऋणको कानुनी प्रकृया र धितो मूल्याङ्कन तालिम ३ जना, अग्रभाव कर्मचारी क्षमता विकास तालिम ५ जना, बजार प्रतिनिधि क्षमता विकास तालिम २५ जना, राष्ट्रिय स्तरीय गोष्ठीहरू २ जना, अन्तराष्ट्रिय स्तरको गोष्ठी १ जना र साईवर सुरक्षा सम्वन्धी तालिम ५ जनालाई प्रदान गरिने छ ।

**४.४. संस्थाको भौतिक पूर्वाधार तयारी:**

संस्थाको भौतिक पूर्वाधार तथा स्थायी सम्पत्ति निर्माणका लागि वीरेन्द्रनगर नगरपालिका,

गुर्भाकोट नगर पालिका, भेरिगंगा नगरपालिका र पञ्चपूरी नगरपालिकाभित्रका मुख्य राजमार्गको आसपासमा संस्थाको आर्थिक अवस्थाको विश्लेषण गरी संस्थाको नाममा जग्गा खरिद गर्न सकिनेछ ।

**४.५. सामाजिक उत्तरदायित्व :**

सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रम अन्तरगत रक्तदान/स्वास्थ्य शिविर कार्यक्रम, निशुल्क स्वास्थ्य शिविर, सरसफाई कार्यक्रम र वृक्षारोपण कार्यक्रम गरेर सहकारीको समुदायप्रतिको जिम्मेवारी पूरा गरिने छ ।

**४.६.योजना कार्यन्वयनको समीक्षा :**

संस्थाले बनाएको योजना सही समयमा सही ढंगबाट कार्यन्वयन गरी लक्ष्य हाँसिल गर्नका लागि व्यवस्थापन तह (कर्मचारी) मासिक रूपमा, सञ्चालकतह त्रैमासिक रूपमा र सञ्चालकतह वार्षिक रूपमा गरी योजना तथा कार्यक्रमको समीक्षा गरिनेछ ।

जय वीरेन्द्रनगर साकोस । जय सहकारी । जय सहकारी ।



# २१औं वार्षिक साधारण सभामा कोषध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन-२०७९



**मोती प्रसाद सापकोटा**
कोषाध्यक्ष

**साधारण सभाका अध्यक्षज्यू,**

प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, लेखा सुपरीवेक्षण समिति, सञ्चालक समिति, विभिन्न उपसमितिका पदाधिकारी एवं सदस्यज्यूहरू, संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरू लगायत उपस्थित महानुभावहरूमा सर्व प्रथम मेरो व्यक्तिगत तथा सिङ्गो संस्थाको तर्फबाट सहकारी अभिवादन । आ.व.२०७८/०७९ को यथार्थ विवरण र आ.व.२०७९/०८० को अनुमानित आय व्याय र वासलात विवरणका अनुसुचीहरू प्रस्तुत गर्न पाउंदा धेरै गौरवान्वित महशुस गरेको छु ।

समुदायमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी सदस्यहरूको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले २०५८ आषाढ २२ गते २७ जनाको भेलाद्धारा वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०५८ आषाढ २२ गते दर्ता नं. २११ (११) ०५७/०५८) मा जिल्ला सहकारी कार्यालय बाँकेमा दर्ता भयो । संस्था स्थापनादेखि हालसम्म विभिन्न उतार चढाव र तिता मिठा क्षणहरूलाई सकारात्मक सिकाईको रूपमा लिदै हाल संस्थाले सुर्खेत जिल्लाभरि कार्यक्षेत्र रहेको छ। हाल संस्थामा ७९ जना कर्मचारी र ११ वटा सेवा केन्द्र सहित वीरेन्द्रनगर नपा नं. ६ गणेशचौकमा संस्थाको मुख्य कार्यालय रहेको छ । सदस्यहरूको विश्वास र भरोसालाई आत्मसाथ गर्दै हाम्रो ज्ञान, सीप र क्षमता एवम् अनुभवको अधिकतम प्रयोग गरी संस्थागत विकास, सदस्यलाई सर्वसुलभ सेवा, संस्थालाई प्रतिस्पधात्मक स्थानमा पुऱ्याउन निरन्तर रूपमा लागि रहेका छौ । परिवर्तित समय र परिस्थिति सदस्यको आवश्यकता, चाहना र भावनालाई दृष्टिगत गरी नीति, विधि र प्रविधिमार्फत संस्था अगाडि बढाउने प्रयत्न गरिएको छ । गत साधारणसभाबाट स्वीकृत भएका कार्यक्रमहरू सफल रूपमा कार्यान्वयन भएका छन । संस्थागत विकासले धेरै उचाई लिएको हामीले अनुभूति गरेका छौं ।

संस्थाको संस्थागत विकासको लागि नेफस्कून लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाहरूसंग सहकार्य गरी सदस्यहरूको आवश्यकता अनुसार नीति तथा कार्यक्रम र बजेट ल्याएको छ। सदस्यहरुको बदलीदो चाहना र आवश्यकता साथै संस्थाको वर्तमान स्थितिलाई दृष्टिगत गरी चालु आ.व. २०७९/०८० मा वार्षिक वजेट तथा योजना तपसिल बमोजिम रहेका छन् ।

**<u>अघिल्लो योजनाको समिक्षाः</u>**

यस खण्डमा अघिल्लो योजनामा गरिएका क्रियाकलापहरु र त्यसबाट संस्थामा प्राप्त भएका उपलब्धीहरुलाई संस्थागत गरिएको छ ।

**<u>योजना तथा बजेटको महत्वः</u>**

योजना असल अनुशासनको एक आयाम हो । योजनाको कारण नै कुनै पनि संघ/संस्थाको सफलता/असफलता प्राप्त हुने हुनाले यस खण्डमा योजना पूर्वको संस्थाको अवस्था र योजना पछिको संस्थाको अवस्थाको चित्रण गर्नु पर्दछ ।

## योजना तथा बजेटका श्रोतहरू :

१) वीरेन्द्रनगर साकोसको ५ वर्षे रणनीतिक योजना ।
२) संस्थाको साधारणसभाले गरेका निर्णय र निर्देशनहरू ।
३) हाल संस्थामा कार्यरत व्यवस्थापनको कार्यकुशलता र आत्मविश्वास ।
४) संस्थाको सरोकारवाला निकायहरूसंगको सम्बन्ध ।
५) नियामक निकायका निर्देशन, सहकारी ऐन, सहकारी नियमावली तथा अन्य विभिन्न ऐन बमोजिमका व्यवस्थाहरू ।
६) नेपाल सरकारको प्रस्तुत बजेट तथा कार्यक्रमले पार्ने प्रभाव ।
७) संस्थाको विनियम, नीति तथा कार्यविधिहरू र सञ्चालकको कार्यानुभव ।
८) संस्थाको मुख्य कार्यालय र ११ वटा सेवाकेन्द्र एवं विस्तार हुने सेवाकेन्द्रको कारोबार वृद्धि हुने अवस्था ।
९) संस्थाको वार्षिक समीक्षा, सदस्यहरूको सल्लाह सुझावको अवस्था ।

## विश्लेषणात्मक खण्डः

यस खण्डमा संस्थामा आवद्ध सदस्यहरुलाई पेशाका आधारमा, उमेरका आधारमा र धर्मको आधारमा वर्गीकरण गरिएको छ । यसको आधारमा योजना निर्माण गरी सदस्यहरुको सेवा स्तरलाई वृद्धि गरिनेछ ।

**पेशाको आधारमा सदस्यता**

**कार्यक्षेत्रको जनसंख्याको आधारमा सदस्यको विश्लेषण :**

**तालिका नं. १**

| कार्यक्षेत्रको जम्मा जनसंख्या | | | |
|---|---|---|---|
| **महिला** | **पुरुष** | **अन्य** | **जम्मा** |
| २,१५,७४० | २,०२,०३६ | ० | ४,१७,७७६ |
| संस्थाले ओगटेको कुल जनसंख्या | महिला | पुरुष | संस्थागत |
| १९,२५६ जना | ११,१५६ जना | ८०५४ जना | ४६ |
| कुल ओगटेको प्रतिशतमा ५.४८ प्रतिशत | | | |

**उमेरका आधारमा सदस्यताविश्लेषण**

**तालिका नं. २**

| उमेर समूह | सदस्य संख्या | | जम्मा |
|---|---|---|---|
| | महिला (जना) | पुरुष (जना) | |
| शिशु अवस्था देखि १८ | ० | ० | ४०५८ |
| १८ देखि २५ | १६९२ | १००५ | २६९७ |
| २६ देखि ४५ | ७५७४ | ५३५८ | १२,९३२ |
| ४६ देखि ६० | १५२१ | १३६० | २८८१ |
| ६० भन्दामाथी | ३५५ | ३९१ | ८४६ |
| जम्मा | ११,१४२ | ८,०९९ | १९,२५६ |

**धार्मिक आस्थाका आधारमा सदस्यता विश्लेषण**

**तालिका नं. ३**

| धार्मिक आस्था | जम्मा (संख्या) |
|---|---|
| हिन्दु | १९,०१३ |
| बौद्ध | ९७ |
| ईसाई | ४६ |
| मुस्लिम | १०० |
| जम्मा | १९,२५६ |

**अघिल्लो वर्षहरुको उपलब्धीहरुको विश्लेषण :**

**तालिका नं. ४**

| क्र.सं. | शीर्षक | आ.व. ०७७/०७८ को यथार्थ | आ.व ०७८/०७९ को यथार्थ |
|---|---|---|---|
| १. | सदस्य संख्या | १५५४८ | १९,२५६ |
| | वृद्धिदर प्रतिशतमा | ३९.९७ | २३।८५ प्रतिशत |
| २. | संस्थाको कार्यक्षेत्रको कूल जनसंख्या | ३,५०,८०४ | ३,५०,८०४ |
| | कूल जनसंख्यामा संस्थाको पहुँच प्रतिशतमा | ४.०८ प्रतिशत | ० प्रतिशत |
| ३. | कूल सम्पत्ति | ९१,१०,१३,०३५.०५ | १,१९,५३,५३,९६३।६९ |
| | बृद्धि प्रतिशतमा | ७४.९२ प्रतिशत | ३१।२१ प्रतिशत |
| ४. | कूल शेयर पूँजी | ८,६९,०८,१०० | १२,२५,५८,००० |
| | बृद्धि प्रतिशतमा | ६४.६८ प्रतिशत | ४१।०२ प्रतिशत |
| ५. | कूल ऋण लगानी | ६७,८३,२५,८६३.७९ | ९२,३९,७७,००५।९२ |
| | बृद्धि प्रतिशतमा | ७६.५६ प्रतिशत | ३६।२१ प्रतिशत |
| ६. | कूलबचत/निक्षेप | ५८,३७,५४,५४३.४३ | २१।९९ प्रतिशत |
| | बृद्धि प्रतिशतमा | ७९.४२ प्रतिशत | १०।२८ प्रतिशत |
| ७. | कूलबाह्य ऋण | १८,७०,६८,६१८.५२ | २७,९४,५४,०१०।८८ |
| | प्रतिशतमा | ६३.१० प्रतिशत | ४९।३८ प्रतिशत |
| ८. | कूल संस्थागत पूँजी | | २,२७,३५,३३३ |
| | प्रतिशतमा | | |
| ९. | कूलस्थिर सम्पत्ति | २,१३,४७,७०५.८१ | २,२८,२२,५८१।६४ |
| | बृद्धि प्रतिशतमा | १०.४० प्रतिशत | ६।९० प्रतिशत |
| १०. | कूल वित्तिय लगानी | ५३,८५,४७८.८१ | ५४,२६,७४८।२२ |
| | प्रतिशतमा | १३९.३२ प्रतिशत | ०।७६ प्रतिशत |
| ११. | मुनाफा | १,७६,००,००० | २,०८,४४,५९९।६० |
| | प्रतिशतमा | १३७.५२ प्रतिशत | १८।४ प्रतिशत |

**अघिल्लो योजनासंगको उपलब्धी विश्लेषण :**

**तालिका नं. ५**

| क्र.स | शीर्षक | अघिल्लो योजनाको(०७९ असार मसान्त सम्मको विवरणको आधारमा) | | |
|---|---|---|---|---|
| | | लक्ष्य | उपलब्धी | उपलब्धी प्रतिशत |
| १ | सदस्य वृद्धि | १५५४८- २४४०८ = ८,८६० | ३७०८ | ४१.९१ प्रतिशत |
| २ | शेयर पूँजी वृद्धि | ८६९०८१००-१३८७५०७०० =५१८४२६०० | ३,५६,४९,९०० | ६८.७६ प्रतिशत |
| ३ | बचत/निक्षेप वृद्धि | ५८,३७,५४,५४३-८१,३३,५७,३०० =२२,९६,०२,७५७ | १२८४१५७९१ | ५५.९३ प्रतिशत |
| ४ | ऋण लगानी वृद्धि | ६९५२८७४०८.०१-१०१९०७७५३० =३२,३७,९०,१२१.९९ | २२,८६,८९,५९७ | ७०.६३ प्रतिशत |
| ५ | वित्तिय लगानीमा वृद्धि | ३३८४१६२.५१-९०७७५४० =५६,९३,३७७.४९ | २०,४२,५८६ | ३५.८८ प्रतिशत |
| ६ | कूल संस्थागत पूँजीमा वृद्धि | | | |
| ७ | कूल स्थिर सम्पत्तिमा वृद्धि | २१७७८६८९.८१-३४५१३७७० =१,२७,३५,०८०.१९ | १०,४३,८९१.८३ | ८.१९ प्रतिशत |
| ८ | कूलबाह्य ऋणमा वृद्धि/कमी | १८८५१३९४३.४२-२० ९८००००० =२११८६०५६.५८ | ९,०९,४०,०६७ | ४२९.२४ प्रतिशत |
| ९ | कूल सम्पत्तिमा वृद्धि | ८११०१६४३०.३१-१२४६८०६५१८ =४३५७९००८७.६९ | ३८,४३,३७,५३३.३८ | ८८.१९ प्रतिशत |
| १० | कूल मुनाफा वृद्धि | १५७३५५५८.५१-३५०००० =१९२६४४४१.४९ | ५१,०९,०४१।०९ | ३२.४६ प्रतिशत |

# बाह्य वातावरणको सारसंक्षेप

**तालिका नं. ६**

| क्षेत्र | अवसर | बाधा |
|---|---|---|
| बजारको स्वरूप | • जिल्ला भरि कार्यक्षेत्र हुनु ।<br>• युवा जनशक्तिको जनसंख्या धेरै हुनु ।<br>• महिला सहभागीता धेरै हुनु ।<br>• केही प्रतिष्पर्धी संस्थाहरूको व्यवस्थापन कमजोर हुनु ।<br>• सहकारीप्रतिको आमधारणा प्रस्ट हुनु ।<br>• समुदायमा बचत गर्ने बानीको विकास हुनु<br>• आर्थिक कारोवारमा बृद्धि हुनु ।<br>• संस्था एकिकरण गर्न सकिने ।<br>• अन्य संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी अगाडि बढ्न सकिने । | • लैङ्गिक विभेद विद्यमान रहनु ।<br>• सीप युक्त जनशक्तिको अभाव ।<br>• संस्था व्यवस्थापनको लागि चाहिने जनशक्तिको आपूर्ति नहुनु ।<br>• प्रत्येक स्थानीय तहमा बैंकहरू स्थापना हुनु ।<br>• बैंकप्रतिको जनविश्वास बढी हुनु<br>• आम रूपमा सहकारी विज्ञताको अभाव ।<br>• सबै प्रविधिमा सस्थाको पहुँचनहुनु ।<br>• कार्यक्षेत्रमा केही भौगोलिक विकटा हुनु ।<br>• कार्यक्षेत्र भित्र अत्यधिक बैंक तथा वित्तीय संस्थाहरू खुल्नु ।<br>• अन्य सहकारीहरूले सहज रूपमा ऋण प्रवाह गर्नु ।<br>• राज्यले व्यवस्थित शहरीकरण नगर्नु। |
| राजनीतिक अवस्था | • राज्यले सहकारीको संरचना परिवर्तन गरी स्थानीय तहमा ल्याउनु ।<br>• संस्थाको कार्यक्षेत्र रहेको सुर्खेत जिल्ला प्रादेशिक राजधानी हुनु ।<br>• राजनीतिक परिवर्तनले गरेको भौतिक र मानवीय विकाससंगै सहकारीमा सकारात्मकप्रभाव पर्नु ।<br>• राजनीतिक नेतृत्व सहकारीमैत्री बन्दै जानु ।<br>• सरकार सहकारी विकासको साधक बन्नु ।<br>• सरकारमा सहकारीकर्मीहरूको सहभागीता बढ्नु । | • स्थानीय र प्रदेशस्तरमा सहकारी कानून र संरचनाको अभाव ।<br>• सरकारी निर्णय कार्यान्वन नहुनु<br>• अस्थिर सरकार ।<br>• सरकार परिवर्तनसँगै वेला वेलामा जारी हुने नीतिहरू ।<br>• विभिन्न समयमाबन्द, हडताल र नाकाबन्दीहुनु ।<br>• गुटबन्दी र स्वार्थपूर्ण राजनीति हुनु ।<br>• राजनीतिज्ञहरूले सहकारीप्रति सरोकार तथा चासो नलिनु । |

| क्षेत्र | अवसर | बाधा |
|---|---|---|
| आर्थिक अवस्था | • संस्थाको कार्यक्षेत्रमा शहरीक्षेत्र हुनु ।<br>• वैदेशिक रोजगारको कारण विप्रेषण भित्रिने सम्भावना हुनु ।<br>• कार्यक्षेत्रमा कृषि योग्य जमीन भएकोले कृषि उपजमा बृद्धि भई आम्दानीको सम्भावना हुनु ।<br>• सहकारीलाई आर्थिक विकासको एउटा खम्बाको रूपमा स्वीकार गरिनु ।<br>• संस्थाको कार्यक्षेत्रमा औद्योगिक क्षेत्रको विकास हुँदा वेरोजगारी दर घट्नु । | • कृषि उपजले उचित मूल्य नपाउनु ।<br>• वेला-वेलामा तरलताको अभाव हुनु ।<br>• समय-सयममा व्याजदरमा परिवर्तन भै रहनु ।<br>• अस्वस्थ प्रतिष्पर्धा हुनु ।<br>• वेरोगारीको अवस्था व्याप्त हुनु ।<br>• आर्थिक मन्दी तथा मुद्रास्फीति बढी हुनु ।<br>• करको दायरा विस्तार हुनु ।<br>• विप्रेषण घट्दै जानु ।<br>• वित्तीय सचेतनाको अभाव । |
| सामाजिक मूल्यमान्यता | • विभिन्न जाती, धर्म, चाडपर्व अनुसार सदस्यता विस्तार तथा बचत बृद्धि गर्न सकिने ।<br>• सहकारी समाजको अभिन्न अंगको रूपमा स्थापित हुनु ।<br>• संस्थाको कायक्षेत्र भित्र मानिसहरूको साक्षता दर बढ्नु ।<br>• सामाजिक चेतनाको विकास हुनु । | • सहकारीमा सामाजिक विविधताको प्रभाव ।<br>• लैङ्गिक तथा सामाजिक विभेदको प्रभाव ।<br>• परम्परागत तथा रूढीवादी सोचको प्रभाव ।<br>• मानवीयता तथा सहयोगी भावनामा कमी ।<br>• मानिस मानवीय मूल्यमान्यता भन्दा यान्त्रिक हुँदै जानु । |
| प्रविधिको अवस्था | • नयाँ प्रविधीको अंगिकार ।<br>• प्रविधिको प्रयोगमा प्रतिष्पर्धा ।<br>• सदस्य मैत्री प्रविधिको विकास हुनु ।<br>• सीपयुक्त जनशक्तिको विकास हुनु । | |
| कानूनी अवस्था | • सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ जारी हुनु ।<br>• विभिन्न निर्देशिका, मापदण्ड र परिपत्रले संस्था सञ्चालनमा सहयोग पुग्नु ।<br>• सहकारी प्रतिको सरकारी दृष्टिकोणमा परिवर्तन हुनु । | • स्थानीय र प्रादेशिक सहकारी कानून पुर्ण रुपमा निर्माण नहुनु ।<br>• नयाँ सहकारी नियमा वलीको अभाव ।<br>• कानुनी अस्पष्टता तथा कारबाहीको अभाब ।<br>• आय करमा वृद्धि हुनु । |

## आन्तरिक वातावरण विश्लेषण

सवल (Strength) तथा कमजोर (Weakness) पक्ष

**तालिका नं. ७**

| क्षेत्र | शक्ति | कमजोरी |
|---|---|---|
| शेयर | शेयर लगानी १०.३ प्रतिशत हुनु । शेयर लाभांश वितरणको दरमा बृद्धि हुदै जानु । | समस्या : सबै सदस्यहरूको शेयर पूँजी समान नहुनु<br>उचित लाभांश दिन नसक्नु ।<br>कमजोरी : सहकारी शिक्षाको कमि<br>पर्ल्स मापदण्ड अनुसार कायम नहुनु । |
| संस्थागत पुँजी | संस्थागत पूँजीमा बृद्धि हुदै जानु । संस्थाको नाफामा वृद्धि हुदै गईरहेको कारण संस्थागत पूँजीमा पनि वृद्धि हुने क्रम बढ्नु । | समस्या : कम्तिमा १० प्रतिशत कायम नहुनु ।<br>कमजोरी : सञ्चालन खर्च र ऋण जोखीम खर्च बढि<br>भई खुद बचत कम हुनु । |
| ब्चत | विगतका वर्षमा भन्दा पछिल्ला बर्षहरुमा बचत वृद्धि दरमा बृद्धि हुनु । | समस्या : पर्ल्सको मापदण्ड अनुसार कायम नहुनु ।<br>कमजोरी : बचत गर्ने बानीको विकास नहुनु र बचतका उत्पादनहरूको बजारीकरण गर्न नसक्नु । |
| बाह्य ऋण | कुल सम्पत्तिको अनुपातमा वाह्य ऋण २३.४ प्रतिशत हुनु । | समस्या : आन्तरिक श्रोतमा बृद्धि नहुनु ।<br>कमजोरी : बाह्य ऋण न्युनीकरण गर्न नसक्नु । |
| तरलता | कुल बचतको आधारमा तरलता पर्ल्स अनुसार ३३.७३ भएको । | समस्या : मसान्तको समयमा असुली तथा बचत बढि भित्रिनु ।<br>कमजोरी : सधैभरि एकैनासको तरलता कायम राख्न नसक्नु । |
| शुद्ध ऋण लगानी | कुल सम्पत्तिमा खुद ऋणको अनुपात ७५.५ प्रतिशत हुनु । | कमजोरी : ऋण लगानी तथा असुली प्रक्रिया कडाई गर्न नसक्नु |
| भाखा नाघेको ऋण | भाखा नाघेको ऋण २.७२ प्रतिशत हुनु । | कमजोरीः ऋण अनुगमन तथा असुलीमा कमि हुनु । |
| नकमाउने सम्पत्ति | पल्स अनुसार नकमाउने सम्पत्ति १ प्रतिशत भन्दा कम हुनु । | समस्याः आवश्यक्ता अनुसार प्रविधि र उपकरण खरिद गर्न नसक्नु । |

| क्षेत्र | शक्ति | कमजोरी |
|---|---|---|
| सञ्चालन खर्च | पल्स अनुसार औषत सम्पत्तिमा सञ्चालन खर्च ३.३९ प्रतिशत रहेको छ । | |
| आम्दानी | पछिल्लो सयम संस्थाको आम्दानीमा बृद्धि हुदै गईरहेको छ । | समस्या : सत प्रतिशत ऋणको व्याज नउठ्नु ।<br>कमजोरी : ऋण सुरक्षण खर्च बढ्नु, नकमाउने सम्पत्तिमा बृद्धि हुनु । |
| उत्पादन तथा सेवाहरु: | ❖ १२ प्रकारका बचत हुनु<br>❖ ९ प्रकारका ऋण हुनु<br>❖ सदस्यहरूको आवश्यकता अनुसार ऋण लगानी र बचत फिर्ता गर्न सक्नु।<br>❖ प्रतिस्प्रधि संस्थाको भन्दा सदस्यलाई समय सापेक्ष व्याजदिन सक्नु ।<br>❖ दैनिक बचत संकलनको व्यवस्थाहुनु ।<br>❖ मोवाइल एप्स र एस एम एस सेवा रहेको ।<br>❖ सदस्यहरूलाई विस्तारै डिजिटल सेवामा पँहुच बृद्धि गर्नु ।<br>❖ भिजा डेविट कार्ड,क्यू आर कोड मार्फत सदस्यलाई सेवा दिनु ।<br>❖ सदस्यहरूको कारोबारका लागि चेक वा भुक्तानी पूर्जाको व्यवस्था हुनु ।<br>❖ विप्रेषण सेवा सञ्चाल हुनु ।<br>❖ युवा स्वरोजगार र युवा परिषदबाट प्राप्त रकमलाई सहुलियत ऋण प्रदान गरेको । | ❖ उत्पादन भएका बचत तथा ऋणका सबै सेवाहरूमा सदस्यको सहभागीता नहुनु ।<br>❖ बचतका प्रकारको बारेमा सदस्यलाई जानकारी दिन नसक्नु ।<br>❖ समय सापेक्ष बचत तथा ऋणका प्रकार हरूको विकास गर्न नसक्नु ।<br>❖ भौगोलिक विकटताका कारण दैनिक बचत संकलनमा कठिनाई ।<br>❖ समयमा व्याजदर पुनरावलोकन गर्न नसक्नु ।<br>❖ सदस्यहरूलाई व्यवसायिक तालिम प्रदान नगरी ऋण लगानी गर्नु ।<br>❖ प्रतिस्पर्धीहरू भन्दा फरक सेवाहरू दिन नसक्नु |

| क्षेत्र | शक्ति | कमजोरी |
|---|---|---|
| बजारको अवस्था | ❖ बजारमा संस्थाको परिचय राम्रोसंग भएको<br>❖ संस्थाको विश्वास सदस्यहरूमा रहेको<br>❖ बजारमा रहेको संस्थाहरूसँग प्रतिस्पर्धा गर्न सक्ने क्षमता रहेको।<br>❖ बजारीकरणका लागि आवश्यक कर्मचारीको व्यवस्था ।<br>❖ प्रतिस्प्रधिको क्षमता विश्लेषण गरि रणनीति तयार गरिएको ।<br>❖ सदस्यहरूलाई व्यावसायिक बनाई उत्पादनशिल क्षेत्रमा लगानी गर्न सकिने अवस्था ।<br>❖ अन्य संघ संस्थाहरूसंगको सम्बन्ध राम्रो हुनु । | ❖ कार्यक्षेत्र भित्र काम गर्नका लागि सवै ठाउमा यातायात तथा सञ्चारको व्यवस्था नहुनु ।<br>❖ अस्वस्थ प्रतिस्पर्धी संस्था उपस्थित हुनु ।<br>❖ अव्यवसायिक रूपमा ऋण लगानी गर्ने प्रचलन स्थापित हुनु ।<br>❖ ठुलो परिमाणमा वित्तीय संस्थाहरूको उपस्थिति रहनु । |
| मानव संसाधन | ❖ संस्थामा हाल ८१ जना कर्मचारी कार्यरत रहेको ।<br>❖ फाँट वा विभाग अनुसारको कर्मचारीको व्यवस्था ।<br>❖ तालिम प्राप्त कर्मचारीको व्यवस्था<br>❖ आवश्यकता अनुसारको सेवा सुविधा ।<br>❖ तालिम प्राप्त सञ्चालकहरूको बाहुल्यता ।<br>❖ समय समयमा आवश्यक तालिमको व्यवस्था गर्नु ।<br>❖ कर्मचारी तथा सञ्चालक अनुसारको फाँटको व्यवस्था ।<br>❖ समय समयमा सहकारी शिक्षा तालिम तथा गोष्ठी लगायतका कार्यक्रमहरू सञ्चालन गर्नु । | ❖ सवै कर्मचारी दक्ष, अनुभवी र व्यावसायिक नहुनु ।<br>❖ तालिममा सिकेका कुराहरू व्यवहारमा लागु नगर्नु ।<br>❖ कर्मचारीको संख्या अनुसारको कार्य सम्पादन नहुनु ।<br>❖ प्रविधि र भौतिक साधनको उपयुक्त प्रयोग गर्न नसक्ने ।<br>❖ सञ्चालकहरूसंग ज्ञान सीप हुदाहुदै पनि संस्थाका लागि प्रयोग नगर्नु ।<br>❖ सञ्चालकहरूको क्षमता अभिबृद्धि तथा संस्थागत विकास तालिम हुन नसक्नु ।<br>❖ समय सापेक्ष कर्मचारीहरूलाई सेवा सुविधा दिन नसक्नु ।<br>❖ संस्थामा आवश्यकता भन्दा बढि कर्मचारी हुनु । |

| क्षेत्र | शक्ति | कमजोरी |
|---|---|---|
| आन्तरिक व्यवसायिक प्रक्रिया | ❖ संस्थाका २१ नीति १४ कार्यविधि कार्यान्वयमा रहेको<br>❖ सदस्यहरूलाई एस एम एस मार्फत सूचना प्रवाह हुनु<br>❖ संस्थाको बारेमा फेसबुक पेज मार्फत जानकारी गराउनु<br>❖ इन्टरकम बाट विभिन्न फाँटहरूमा संचार हुनु<br>❖ सि सि टि भी क्यामराको व्यवस्था हुनु<br>❖ प्रविधि मार्फत सेवालाई छिटो छरितो र प्रभावकारी बनाउनु ।<br>❖ श्रृखलाबद्ध कर्मचारी प्रशासन प्रणाली अनुसार कार्य सम्मापदन, रिपोटिंग तथा जवाफदेहिताको व्यवस्था<br>❖ सदस्यहरूलाई उच्च सम्मान<br>❖ नीति अनुसारको कार्यक्रम कार्यान्वयन<br>❖ सहकारी संजाल तथा अभियानमा सहभागी हुनु<br>❖ विभिन्न पेशा, व्यवसाय तथा सामाजिक प्रतिष्ठा बोकेका सदस्य हुनु | ❖ भएका नीति तथा कार्यविधिको कार्यान्वयनमा नहुनु<br>❖ सदस्यहरूले प्रयोग गर्न सक्ने र बुझ्ने गरि एस एम एस सेवा सञ्चालन हुन नसक्नु<br>❖ सुशासन नीति बनाउन नसक्नु<br>❖ सञ्चालकहरूको स्वमुल्यांकन नहुनु<br>❖ सञ्चालकहरूको लिखित जिम्मेवारी नदिनु<br>❖ सञ्चालक समिति तथा अन्य समिति, उपसमिति का सदस्यहरू बीच आपसी सुमधुर सम्वन्ध नहुनु<br>❖ सदस्य बडापत्रको व्यवस्था नहुनु<br>❖ सञ्चालक समिति तथा अन्य समिति,उपसमितिको बचत नियमित नहुनु<br>❖ संस्थाले सदस्यहरूको आवश्यकता र चाहना बुझ्न सदस्य सर्वेक्षण गर्न नसक्नु<br>❖ संस्थाका सदस्यहरूलाई सहकारी शिक्षा दिन नसक्नु<br>❖ संस्थाले विना धितो ऋण लगानी गर्नु<br>❖ संस्थाले सामाजिक क्षेत्रमा योगदान दिन नसक्नु<br>❖ संस्थाले ऋण लगानीगर्दा विश्लेषण,अनुगमन नगर्नु<br>❖ संस्थाका सञ्चालकमा पदिय दायीत्व बोध नहुनु<br>❖ संस्थामा भनसुन र सञ्चालकको सिफारीस को आधारमा ऋण लगानी हुनु । |

| क्षेत्र | शक्ति | कमजोरी |
|---|---|---|
| **भौतिक संरचनाको अवस्था** | ❖ संस्थाको कार्यालयको संरचना आकर्षक हुनु<br>❖ कार्यालयको विभाग तथा शाखाहरू व्यवस्थित हुनु<br>❖ आवश्यक भौतिक सामाग्री उपलब्ध हुनु<br>❖ कार्यालयका विभाग तथा शाखाहरू सदस्यमैत्रि हुनु<br>❖ कर्मचारीका लागि आवश्यक भौतिक साधन र प्रविधिको व्यवस्था ।<br>❖ ऋृण शाखाको छुट्टै व्यवस्था हुनु<br>❖ भल्टको व्यवस्था हुनु । | ❖ संस्थाको आफ्नै कार्यालय भवन नहुनु<br>❖ संस्थाको कार्यालय सदस्यहरू सवैलाई केन्द्र हुने स्थानमा नहुनु ।<br>❖ प्रतिस्पर्धि संस्थाको दुरी नजिक हुनु<br>❖ अपांग सदस्य मैत्रि नहुनु<br>❖ कार्यालयमा पालोका लागि टोकन प्रविधि हुन नसक्नु<br>❖ सदस्यहरूको आराम कक्ष प्रसस्त नहुनु |

## ख) सहयोगी संस्थाहरू :

**स्थानीय स्तर**

**तालिका नं. ८**

| क्र.सं. | सहयोगी संस्थाको नाम | दिने सेवा एवं प्राविधिक तथा आर्थिक क्षेत्रमा समन्वय गर्न सकिने |
|---|---|---|
| १. | नगरपालिका | तथ्याङ्क संकलन, चार किल्ला प्रमाणित, नक्सापास, भौतिक पुर्वाधार विकास, जन सहभागीता कार्यक्रमा आर्थिक सहयोग, नाता प्रमाणित, जन्मदर्ता, मृत्यु, दर्ता, दैवीप्रकोप तथा विविध सिफारिस, विविध सामाजिक तथा सामुदायिक कार्यक्रमको लागि सार्वजनिक स्थान उपलब्ध गराउने । |
| २. | स्थानीय क्लब, रेडक्रस | रक्तदान, स्वयंसेवा, सामाजिक कार्य, सरसफाई, बृक्षारोपण, विकास निर्माण, जनचेतना मूलक कार्यक्रम, वातावरण संरक्षण आदिमा समन्वय गर्न सकिने । |
| ३. | विद्यालयहरू, विश्व विद्यालय, कलेजहरू | अक्षयकोष (कोष) जम्मा, संचयकोष जम्मा, सदस्य बृद्धिका लागि सहभागी जम्मा गरी दिने, कार्यक्रमको लागि स्थान उपलब्ध गराउने, जन चेतनामूलक तथा सामाजिक विकास सम्बन्धी ऱ्यालिमा सहभागी गराउने, संस्थागत प्रचार प्रसार, युवा सचेतना कार्यक्रमहरू, स्वयम सेवकहरू उपलब्ध गराउने । |

| क्र.सं. | सहयोगी संस्थाको नाम | दिने सेवा एवं प्राविधिक तथा आर्थिक क्षेत्रमा समन्वय गर्न सकिने |
|---|---|---|
| ४. | स्वास्थ्य चौकी, अस्पतालहरू | स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू, स्वास्थ्य शिविर सञ्चालन, स्वास्थ्य कर्मीहरू उपलब्ध गराउने, प्राथमिक सेवा, रक्तदान कार्यक्रम, आँखा शिविर, स्त्री रोग, स्वास्थ्य सम्बन्धी जनचेतना मूलक कार्यक्रमहरू |
| ५. | पशु सेवा केन्दहरू, कृषि सेवा केन्द्रहरू | प्राविधिक सेवा, नश्ल सुधारका कार्यक्रम,पशु स्वास्थ्य शिविर सेवा सञ्चालन, भेटरीनरी सम्बन्धी चेतनामूलककार्यक्रम सञ्चालन, पशु महामारी रोग निवारणमा सहयोग, कृषि प्राविधिक सहयोग, उन्नत बिउ विजन, कृषक अध्ययन भ्रमण कार्यका लागि समन्वय गर्ने । |
| ६. | बचत समूहहरू | निक्षेप स्वीकार गर्ने (समुहगत सदस्यहरूको) |
| ७. | सामाजिक संघ संस्थाहरू | सामाजिक तथा सामुदायिक कार्यक्रम सञ्चालन गर्न समन्वय गर्न । |
| ८. | राजनीतिक दलहरू | संस्था सुदृढीकरणको तथा स्थायित्वको लागि आवश्यक सल्लाह तथा परामर्श लिने । |
| ९. | ट्राफिक प्रहरी, सेना तथा सशस्त्र प्रहरी | विभिन्न जनसहभागी मूलक कार्यक्रमहरूमा सुरक्षा, ट्राफिक सम्बन्धी सचेतना कार्यक्रम गर्न, रक्तदान कार्यक्रममा सहभागीता । |

**जिल्ला स्तर**

**तालिका नं. ९**

| क्र.सं. | सहयोगी संस्थाको नाम | दिने सेवाएवं प्राविधिकतथाआर्थिक क्षेत्रमा समन्वय गर्न सकिने |
|---|---|---|
| १. | प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय | तालिम, शिक्षा, सूचनाहरू, कानुनी सल्लाह, नीति निर्देशन, संस्था निरिक्षण |
| २. | जिल्ला समन्वय समिति | जन सहभागीतामूलक कार्यक्रममा आर्थिक तथा प्राविधिक सहयोग, तालिम तथा कार्यक्रम सहयोग, गरीवी निवारण सम्बन्धी कार्यक्रम । |
| ३. | जिल्ला शिक्षा कार्यालय | साक्षरता तथा परामर्स सेवा कार्यक्रम । |
| ४. | जिल्ला सहकारी संघ, प्रदेश बचत संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ | परामर्श सेवा, तालिम, शिक्षा सूचना आदि । |
| ५. | घरेलु तथा साना उद्योग विकास कार्यालय | स्वरोजगारको लागि सीप विकास तालिम, परामर्श सेवा तथा उद्योग दर्ता । |

| क्र.सं. | सहयोगी संस्थाको नाम | दिने सेवाएवं प्राविधिकतथाआर्थिक क्षेत्रमा समन्वय गर्न सकिने |
|---|---|---|
| ६. | जिल्ला प्रशासन कार्यालय, मालपोत, नापी | शान्ति सुरक्षा, धितो लिलाम, धितो रोक्का, धितो दृष्टि बन्धक,घर बाटो प्रमाणित आदि |
| ७. | जिल्ला जन स्वास्थ्य कार्यालय | स्वास्थ्य सम्वन्धी परामर्श सेवा, चेतनामूलक तालिम तथा कार्यक्रमहरू गर्न । |
| ८. | जिल्ला तथ्यांङ्क कार्यालय | कार्यक्षेत्रको आवश्यक तथ्याङ्क उपलब्ध गराउने । |
| ९. | गैर सरकारी महासंघ, NGO/INGO | खानेपानी, सरसफाई, चेतनामूलक कार्यक्रम, दलित जनजाति, महिला हकहित सम्बन्धी कार्यक्रम । |
| १०. | उद्योग वाणिज्य संघ | लघुउद्यम तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने । |

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तर

### तालिका नं. १०

| क्र.सं. | सहयोगी संस्थाको नाम | दिने सेवा एवं प्राविधिक तथा आर्थिक क्षेत्रमा समन्वय गर्न सकिने |
|---|---|---|
| १. | नेफ्स्कून | परामर्श, वित्तीय सेवा, तालिम तथा शिक्षा, सूचना, निर्देशन, कानुनी परामर्श, अभिलेखिकरण, पैरवी, अनुगमन, संस्थागत विकास, अन्तर्राष्ट्रिय सञ्जालसँग समन्वय । |
| २. | राष्ट्रिय सहकारी महासंघ | परामर्श, वित्तीय सेवा, तालिम तथा शिक्षा, सूचना, निर्देशन, कानुनी परामर्श, अभिलेखिकरण, पैरवी, अनुगमन, संस्थागत विकास, अन्तर्राष्ट्रिय सञ्जालसँग समन्वय । |
| ३. | राष्ट्रिय सहकारी बैंक | वित्तीय सेवा |
| ४. | बैंक तथा वित्तीय संस्था | वित्तीय सेवा |
| ५. | सहकारी विभाग | कार्यक्षेत्र विस्तारको स्वीकृति, अनुगमन निरीक्षण, निर्देशन, |
| ६. | गैर सरकारी संस्थाहरू | सामाजिक कार्यक्रमहरू सञ्चालन, संस्थागत विकास, तालिम, परामर्श |
| ७. | एशियाली ऋण महासंघ | प्राविधिक परामर्श, उक्त अभ्यासहरू, तालिम, अवलोकन भ्रमण, सद्भावना भ्रमण |

# योजना खण्ड

सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ र सो सम्बन्धी सहकारी विभागले सहकारीहरुलाई जारी गरेको निर्देशिका २०७५, संस्था संचालन गर्न बनेको विनियम २०७८, संस्थागत नीतिहरुको अधिनमा रही प्रचलित नेपालकानुनले दिएको क्षेत्रमा रही संस्थाले यस आ.व मा देहाएका कार्यक्रम गर्नेछ ।

**१. संस्थागत विकास सम्बन्धी योजना :**

**१.१ वित्तीय क्षमता विकास**

**१.१.१ सदस्य विस्तार योजना :**

**"वृहत संस्था निर्माणका लागि अधिक सदस्य"** हाम्रो मुलमन्त्र हुनेछ । यसका लागि संस्थाको सदस्यता प्रदान गर्ने प्रकृयालाई सरलिकृत तर प्रभावकारी बनाईने छ । सदस्य वृद्धिका लागि सबै कार्यालय तथा सबै सञ्चालक समिति र सबै कर्मचारीहरुलाई जिम्मेवार प्रदान गरिने छ ।

**सदस्य वृद्धि योजना** : २५०७०

**सदस्य वृद्धि योजना**

**तालिका नं.११**

| **वृद्धि लक्ष्य** | **जनामा:** | ५८१४ | |
|---|---|---|---|
| | **वृद्धि प्रतिशत:** | ३०.१९ प्रतिशत | |
| मूख्य कार्यालय तथा सेवा केन्द्रहरुको लागि लक्ष्य निर्धारण | | | |
| **कार्यालय** | **हालको सदस्य संख्या** | **थप गर्नु पर्ने सदस्य संख्या** | **वर्षान्तमा पुग्ने सदस्य संख्या** |
| मूख्यकार्यालय | ४३७२ जना | ७१४ जना | ५०८६ जना |
| मेहलकुना सेवा केन्द्र | २१६४ जना | ४५० जना | २६१४ जना |
| वावियाचौर सेवा केन्द्र | १८१७ जना | ५०० जना | २३१७ जना |
| छिन्चु सेवा केन्द्र | १४७६ जना | ४०० जना | १८७६ जना |
| बाङ्गेसिमल सेवा केन्द | १२५७ जना | ४५० जना | १७०७ जना |
| पिपिरा सेवा केन्द्र | १४६६ जना | ४५० जना | १९१६ जना |
| राकम सेवा केन्द्र | १३२० जना | ५०० जना | १८२० जना |
| जहरे सेवा केन्द्र | ७४९ जना | ४०० जना | ११४९ जना |
| ऐरिचोक सेवा केन्द्र | २६२५ जना | ४५० जना | ३०७५ जना |
| वड्डीचौर सेवा केन्द्र | ५६१ जना | ५०० जना | १०६१ जना |
| गुठु सेवा केन्द्र | ६७७ जना | ४५० जना | ११२७ जना |
| चिङगाड सेवा केन्द्र | ७७२ जना | ५५० जना | १३२२ जना |
| जम्मा | १९,२५६ जना | ५८१४ जना | २५,०७० जना |

**सदस्य विस्तारको रणनीतिहरु:**

**तालिका नं. १२**

| **क्र.स** | **रणनीति** | **अपेक्षित सदस्य संख्या** |
|---|---|---|
| १ | बजार कर्मचारीहरुलाई सदस्य विस्तारको लक्ष्य तोकेर | १५०० जना |
| २ | संस्थाको स्थापना दिवस/साधारण सभा/विविध पर्वमा प्रवेश शुल्क छुट दिएर | २०० जना |
| ३ | म, मेरो साथी र मेरो परिवार वीरेन्द्रनगर साकोस | ५०० जना |
| ४ | स्वेच्छिक रुपमा (संस्थाको ख्यातीबाट) | १,००० जना |
| ५ | सदस्यताविस्तार अभियान/ऋण लगानीगर्दा सदस्यथप गरेर | ७०० जना |
| ६ | प्रति कर्मचारी २ जनाका दरले प्रतिमहिना | १६५० |
| ७ | सञ्चालक समिति तथा उपसमितिहरुले वर्षमा १२ जनाका दरले | २६४ जना |
| | जम्मा | ५८१४ जना |

**१.१.२ शेयर पूँजी वृद्धि योजना :**

संस्थामा आवद्ध सबै सदस्यहरुमा “मेरो संस्था, मेरो स्वामित्व” को भावनाको विकास गरी कम्तीमा औषत शेयर बराबर र बढीमा कूल शेयर पूँजीको २० प्रतिशत सम्म मात्र शेयर खरिद गर्न सकिनेछ । प्रति कित्ता शेयरको मूल्य रु १००।- (एक सय) मात्र रहनेछ । संस्थाको शेयर वर्ष भरी नै खुल्ला रहनेछ भने शेयरमा लाभाँस दैनिक मौज्दातको आधारमा गणना गरी वितरण गरिने छ । जति शेयर भएपनि एक सदस्य एक भोटको अधिकार रहने छ । कुनै प्राकृतिक विपत्ति, महामारी वा अन्य कुनै कारणबाट संस्थामा नोक्सानी विधमान रहेमा शेयरको १०० अंकितमूल्य घट्न सक्ने छ । शेयर पूँजी वृद्धिको देहाए बमोजिम लक्ष्य निर्धारण गर्नुको साथै रणनीति तय गरिएको छ ।

**शेयर पूँजी वृद्धि योजना:**

**तालिका नं. १३**

| **वृद्धि लक्ष्य** | **रकममा** | ३,२५,४१,५००.०० |
|---|---|---|
| | **प्रतिशतमा** | **२६.९५ प्रतिशत** |

| **कार्यालय** | **हाल कायम रहेको शेयर पूँजी** | **थप गर्नु पर्ने शेयर पूँजी** | **वर्षान्तमा पुग्ने शेयर पूँजी** |
|---|---|---|---|
| मूख्य कार्यालय | ४,१५,३८,१०० | ९२,४१,५०० | ५,०७,७९,६०० |
| मेहलकुना सेवा केन्द्र | ९५,२६,३०० | २५,००,००० | १,२०,२६,३०० |
| वावियाचौर सेवा केन्द्र | ७०,१६,७०० | १६,००,००० | ८६,१६,७०० |
| छिन्चु सेवा केन्द्र | १,०३,५८,१०० | २५,००,००० | १,२८,५८,१०० |

| कार्यालय | हाल कायम रहेको शेयर पूँजी | थप गर्नु पर्ने शेयर पूँजी | वर्षान्तमा पुग्ने शेयर पूँजी |
|---|---|---|---|
| बाङ्गेसिमल सेवा केन्द | १,१४,७४,६०० | ३२,००,००० | १,४६,७४,६०० |
| पीपीरा सेवा केन्द्र | १,०१,६२,६०० | २३,००,००० | १,२४,६२,६०० |
| राकम सेवा केन्द्र | ६९,५४,२०० | १५,००,००० | ८४,५४,२०० |
| जहरे सेवा केन्द्र | ५१,८२,७०० | १५,००,००० | ६६,८२,७०० |
| ऐरिचोक सेवा केन्द्र | १,५०,८९,३०० | ४४,००,००० | १,९४,८९,३०० |
| वड्डीचौर सेवा केन्द्र | १४,५४,१०० | १५,००,००० | २९,५४,१०० |
| गुठु सेवा केन्द्र | २३,००,८०० | १२,००,००० | ३५,००,८०० |
| मालिका सेवा केन्द्र | १५,००,५०० | ११,००,००० | २६,००,५०० |
| जम्मा | १२,२५,५८,०००.०० | ३,२५,४१,५००.०० | १५,५०,९९,५०० |

**१.१.३ बचत/निक्षेप वृद्धि योजना :**

"गुणस्तरीय जीवन र सुनिश्चित भविष्यका लागि बचत" साकोसको मूलमन्त्र रहने छ। मानिसको जन्म देखि मृत्युसम्मको कृयाकलापहरुका लागि बचत उत्पादनहरुको विकास गरी ती उत्पादनहरुमा सदस्यहरुको सहभागिता वृद्धि गर्दै सम्पूर्ण बचत/निक्षेपको कारोबारलाई यस संस्थासंग मात्र गराउनका लागि प्रोत्साहन गर्दै देहाए बमोजिमको रणनीतिबाट बचत/निक्षेप वृद्धिमा लक्ष्य निर्धारण गरिएको छ।

**बचत/निक्षेप वृद्धि योजनाः**

**तालिका नं. १४**

| वृद्धि लक्ष्य | | |
|---|---|---|
| | **रकममा** | ३५,०२,६१,४६५ |
| | **प्रतिशतमा** | **४५.१९ प्रतिशत** |

| कार्यालय | हाल कायम रहेका बचत/निक्षेप | थप गर्नु पर्ने बचत/निक्षेप | वर्षान्तमा पुग्ने बचत/निक्षेप |
|---|---|---|---|
| मूख्य कार्यालय | ३३,३०,४२,९४९।८२ | ७,११,५९,०११ | ४०,४२,०१,९६१ |
| मेहलकुना सेवा केन्द्र | ३,५५,०९,२६३।२३ | ३,२३,०६,८९६ | ६,७८,१६,१५९ |
| वावियाचौर सेवा केन्द्र | ३,१५,६२,०६५।१५ | २,५०,३३,४९७ | ५,६५,९५,५६२ |
| छिन्चु सेवा केन्द्र | ४,६९,१३,४९१।३१ | २,६८,६६,९९४ | ७,३७,८०,४८५ |
| बाङ्गेसिमल सेवा केन्द | ७,५७,८०,६८३।६९ | ३,५२,४०,३९३ | ११,१०,२१,०७७ |
| पिपिरा सेवा केन्द्र | ५,५६,९१,९३४।९३ | ३,४४,९३,५९५ | ९,०१,८५,५३० |
| राकम सेवा केन्द्र | २,९९,२१,८१६।५५ | १,९९,३३,४९७ | ४,९८,५५,३१४ |
| जहरे सेवा केन्द्र | १,५६,२६,४१३।८३ | १,८९,३३,४९७ | ३,४५,५९,९११ |

| कार्यालय | हाल कायम रहेका बचत/निक्षेप | थप गर्नु पर्ने बचत/निक्षेप | वर्षान्तमा पुग्ने बचत/निक्षेप |
|---|---|---|---|
| ऐरिचोकसेवा केन्द्र | ६,१८,८५,४७५।८९ | ३,५२,४०,३९२ | ९,७१,२५,८६८ |
| वड्डीचौर सेवा केन्द्र | १,०२,५८,५९६।४५ | १,८५,६०,०९८ | २,८८,१८,६९४ |
| गुठु सेवा केन्द्र | १,०३,७१,८११।२९ | १,९५,६०,०९८ | २,९९,३१,९०९ |
| मालिका सेवा केन्द्र | ५६,०५,८३२।४३ | १,२९,३३,४९७ | १,८५,३९,३२९ |
| **जम्मा** | ७१,२१,७०,३३४.५७ | ३५,०२,६१,४६५ | १,०६,२४,३१,८०० |

**बचत निक्षेप वृद्धि रणनीति**

**तालिका नं. १५**

| क्र.स | रणनीतिहरु | वृद्धि प्रतिशत | अपेक्षित बचत/निक्षेप रकम |
|---|---|---|---|
| १ | अधिकतम सदस्यलाई नियमित बचत गराएर | | ४,००,००,०००।- |
| २ | प्रतिष्पर्धी मूल्य निर्धारण गरेर | | ३००२६१४६५।- |
| ३ | नयाँ वस्तुको उत्पादन गरेर | | ४५०,००,०००।- |
| ४ | एक जना सदस्यको कम्तीमा ३ वटा बचत योजनामा समावेश गरेर | | ४५०,००,०००।- |
| ५ | अधिकतम बचत गर्ने ३०० जनाको वार्षिक भेला गराएर | | ४५०,००,०००।- |
| ६ | बचतका विभिन्न प्रकारहरुमा बढी बचत गर्ने सदस्य सम्मान गरेर | | ४५०,००,०००।- |
| जम्मा बचत/निक्षेप | | | ३५,०२,६१,४६५।- |

**१.१.४ सदस्यहरुलाई ऋण लगानीमा वृद्धि योजना :**

**"ऋण मार्फत उद्यमशिलता र उद्यम शिलता मार्फत आत्मनिर्भरता"** लाई संस्थाले आत्मसाथ गर्दै सदस्यहरुको आर्थिक हैसियत, उद्यमशिल क्षमता, कामप्रतिको रुची र अनुभव, वित्तीय बुझाई र अनुशासन जस्ता कुराहरुको आधारमा हुँदाखाने वर्गका सदस्यहरुलाई हुने खाने र हुने खाने वर्गका सदस्यहरुलाई समृद्ध बनाउने गरी ऋण सेवाहरुको विकास गर्दै वास्तविक पूँजीको अभावमा उद्यमशिल बन्नबाट रोकिएका सदस्यहरुको उत्थानका लागि देहाएका रणनीति मार्फत सदस्यहरुलाई ऋण लगानीमा वृद्धि गरिनेछ ।

**सदस्यहरुलाई ऋण लगानी वृद्धि गर्ने योजना :**

**तालिका नं. १६**

| **वृद्धि लक्ष्य** | **रकममा** | | द्दद्ध,ण्ट,ठद्ध,ठद्दद्द |
|---|---|---|---|
| | **प्रतिशतमा** | | **२५.६६ प्रतिशत** |
| **कार्यालय** | **हाल कायम रहेका ऋण लगानी** | **थप गर्नुपर्ने ऋण लगानी** | **वर्षान्तमा पुग्ने ऋण लगानी** |
| मूख्य कार्यालय | ४०,२२,३७,२८९।९५ | ९,८३,७४,६१० | ५०,०६,११,९०० |
| मेहलकुना सेवा केन्द्र | ५,२४,८१,०२८।५८ | १,९८,४७,२३१ | ७,२३,२८,२६० |
| वावियाचौर सेवा केन्द्र | ३,८९,७१,६६४।७९ | १,२०,३३,७३६ | ५,१०,०५,४०१ |
| छिन्चु सेवा केन्द्र | ५,०३,३१,५०८।३८ | १,६८,४७,२३१ | ६,७१,७८,७३९ |
| बाङ्गेसिमल सेवा केन्द | ८,४१,५७,५२२।८७ | २,१६,६०,७२५ | १०,५८,१८,२४८ |
| पिपिरा सेवा केन्द्र | ६,७०,८८,९९५।९१ | १,९८,४७,२३१ | ८,६९,३६,२२७ |
| राकम सेवा केन्द्र | ३,७८,२४,३९४।०८ | ९६,२६,९८९ | ४,७४,५१,३८३ |
| जहरे सेवा केन्द्र | ४,२७,६०,९८४।९१ | १,३०,३३,७३६ | ५,५७,९४,७२१ |
| ऐरिचोक सेवा केन्द्र | १०,७३,४२,३१९।१८ | ३,०८,८०,९६७ | १३,८२,२३,२८६ |
| वड्डीचौर सेवा केन्द्र | १,२३,७२,१२७।०९ | २४,०६,७४७ | १,४७,७८,८७४ |
| गुठु सेवा केन्द्र | १,५०,१९,०२२।९८ | ५८,१३,४९४ | २,०८,३२,५१७ |
| मालिका सेवा केन्द्र | १,३३,९०,१४७।२० | ४४,०६,७४७ | १,७७,९६,८९४ |
| **जम्मा** | ९२,३९,७७,००५।९२ | २५,४७,७९,४४४।०८ | १,१७,८७,५६,४५०।०० |

**सदस्यहरुलाई ऋण लगानी वृद्धि रणनीति :**

**तालिका नं. १७**

| **क्र.स** | **रणनीतिहरु** | **वृद्धि प्रतिशत** | **अपेक्षित बचत/निक्षेप रकम** |
|---|---|---|---|
| १ | नयाँ ऋणी थप गरेर | | १०,४७,७९,४४४.०८ |
| २ | ऋण सेवा थप गरेर | | ५,००,००,००० |
| ३ | प्रतिष्पर्धी मूल्य निर्धारण गरेर | | ३००,००,००० |
| ४ | कर्मचारीहरु लाई कार्य विवरण दिएर | | २००,००,००० |
| ५ | उत्कृष्ट ऋण कारोबार गर्ने सदस्यलाई थप गरेर | | ५००,००,०००, |
| जम्मा | | | २५,४७,७९,४४४।०८ |

**१.१.५ वित्तिय लगानीमा वृद्धि योजना :**

"**अभियानप्रति ऐक्यवद्धता, सहकारी मार्फत गरिबी निवारणमा हाम्रो प्रतिवद्धता**" लाई आत्मसाथगर्दै सहकारीहरुको विश्वव्यापी सञ्जालमा संस्थालाई सञ्जालिकृत बनाउदै अभियानलाई जोगाई राख्नका लागि अभियानले खेलेको भूमिका, संस्थालाई प्राप्त सेवा र सुविधा, अभियान र संस्थाबीचको सम्बन्धआदिको आधारमा देहाएको रणनीतिमा आधारित रहेर वित्तिय लगानीमा वृद्धि गरिनेछ।

**वित्तिय लगानीमा वृद्धि योजना**

**तालिका नं. १८**

| वृद्धि लक्ष्य | रकममा | ३६,९२,०६१ |
|---|---|---|
| | प्रतिशतमा | ६८.५५ प्रतिशत |

| अभियानको नाम | हाल कायम रहेका शेयर लगानी | थप गर्ने शेयर लगानी | वर्षान्तमा पुग्ने शेयर लगानी |
|---|---|---|---|
| नेफस्कून | ५०,२२,६००.०० | २५,०००,००० | ७७,१४,६६१.०० |
| राष्ट्रिय सहकारी बैंक | २,१२,००० | २०,००,०००.०० | ११,९२,०००.०० |
| प्रदेश बचत संघ | १०,०००.०० | ० | ० |
| सुर्खेत जिल्ला सहकारी संघ | १५,००० | ० | ० |
| बहुउद्देश्यीय संघ | ६,०००.०० | ० | ० |
| सुर्खेत जिल्ला बचत संघ | ११,५०० | ० | ० |
| कृर्षि सहकारी संघ | १,०००.०० | ० | ० |
| नेफकुन नियमित बचत | १४८६४८.२२ | ० | ० |
| जम्मा | ५४,२६,७४८।२२ | ३६,९२,०६१.०० | ८९,४१,१६१.०० |

**१.१.६ संस्थागत पूँजी वृद्धि योजना :**

"दिगो साकोसका लागि अधिकतम संस्थागतपूँजी" संस्थागत आकाँक्षा हुनेछ। सदस्य सेवाको स्तर वृद्धिका लागि संचालन गरिने कार्यक्रमहरुको प्रभावकारिता विकास र सदस्य सन्तुष्टीको वृद्धिका लागि संस्थागत पूँजी अपरिहार्य शर्त हो । संस्थागत पूँजीमा रहेको रकमको परिचालन सहुलियत पूर्ण कार्यक्रमरुमा परिचालन गरी हुँदाखाने वर्गका सदस्यलाई हुने खाने वर्गमा ल्याउने रणनीतिलाई आत्मसाथगर्दै संस्थागत पूँजी वृद्धिको लक्ष्यनिर्धारण गरिएको छ।

**१.१.७ बाह्य ऋण लिन/वृद्धि योजना:**

"आवश्यकताको आधारमा ऋण सेवा, संकटको बेलामा सञ्जालको भरोसा" भन्ने कुरालाई मध्यनजर गरी संस्थाको तरलता व्यवस्थापन गर्नका लागि सहकारी अभियान भित्रैबाट बाह्य ऋण लिने नीति लिइनेछ। यसका लागि संस्थाले देहाएको रणनीति लिनेछ।

**बाह्य ऋण लिन/वृद्धि योजनाः**

**तालिका नं. १९**

| | | |
|---|---|---|
| वृद्धि लक्ष्य | रकममा | ४००,००,००० |
| | प्रतिशतमा | ३२.८८ |

**बाह्य ऋण लिन सक्ने सम्भावित संघ/बैकः**

**तालिका नं. २०**

| संघ/बैंकको नाम | हाल बाँकी ऋण | थप आवश्यक ऋण | बर्षान्तमा जम्मा हुने |
|---|---|---|---|
| नेफ्स्कून | १८,२४,१४,८३० | | १५,३०,८१,४९६।६ |
| युवा परिषद | ६,५०,०००।०० | | ६,५०,०००।०० |
| युवा स्वरोजगार | ५३,३३,३३३।३१ | | ४६,६६,६६६।६९ |
| रा.स.वैंक | ९,१०,५५,८४७।५७ | | ७,४२,५१,१३६।६९ |
| **जम्मा** | २७,९४,५४,०१०.८८ | | २३,२६,४९,३०० |

**बाह्य ऋण लिन/वृद्धि रणनीति : २३,२६,४९,३००**

**तालिका नं. २१**

| क्र.स | रणनीतिहरु | वृद्धि प्रतिशत | अपेक्षितबचत/निक्षेप रकम |
|---|---|---|---|
| १ | तरलताको व्यवस्थापन | | |
| २ | सदस्यबाट अत्याधिक ऋण माग भएमा | | |
| जम्मा | | | |

**१.२ संचालन क्षमता विकास योजनाः**

**१.२.१ नवीनतम प्रविधि विकास योजनाः**

“नवीनतम प्रविधि संस्थाको टेवा, हातहात र घरघरबाट वित्तिय सेवा” लाई मध्यनजर गर्दै संस्थाको सेवा संचालनलाई प्रभावकारी, विश्वासिलो, भरपर्दो र समय सापेक्ष बनाउनका संस्थाले प्रदान गरिरहेका निम्न बमोजिमका सेवालाई निरन्तरता दिईने छ ।

**तालिका नं. २२**

| क्र.स | प्रविधिको नाम | कहिले सम्म गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | इन्टरनेट बैंकिङ वा मोबाइल शबैकिङ | संचालनमा रहेको | सफ्टवयर कम्पनी | टेक्निकल विभाग |
| २ | क्यू आर कोड सर्भिस | संचालनमा रहेको | सफ्टवयर कम्पनी | टेक्निकल विभाग |
| ३ | ट्याब बैंकिङ | संचालनमा रहेको | सफ्टवयर कम्पनी | टेक्निकल विभाग |
| ४ | ए.टि.एम भिसा कार्ड सेवा | संचालनमा रहेको | सफ्टवयर कम्पनी | टेक्निकल विभाग |

### १.२.२ प्रभावकारी सूचनाका लागि सूचना प्रविधिको विकास योजना

"सदाचार युक्त व्यवहार, प्रविधिमा आधारित सूचना र सरोकार" लाई आत्मसाथ गर्दै संस्थाले नियमित रुपमा प्रकाशन र प्रशारण गर्नु पर्ने सूचनालाई प्रभावकारी बनाउदै सबै सदस्यहरुमा सूचनाको पहुँच विस्तारका लागि देहाएका योजनाहरुलाई संस्थाको सूचना प्रदान गर्ने औजारको रुपमा सदुपयोग गर्दै निरन्तरता दिईने ।

**तालिका नं. २३**

| क्र.स | सूचनाको औजार | कहिले सम्म गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | वेवसाइट (Website) | निरन्तर अपडेट गर्ने | वेवसाइट निर्माण कर्ता | टेक्निकल विभाग |
| २ | फेसबुक पेज (Facebook) | निरन्तर अपडेट गर्ने | व्यवस्थापन प्रमुखहरु | टेक्निकल विभाग |
| ३ | यूट्यूव च्यानल (Youtube) | निरन्तर अपडेट गर्ने | व्यवस्थापन प्रमुखहरु | टेक्निकल विभाग |
| ४ | एस.एम.एस सेवा | निरन्तर अपडेट गर्ने | व्यवस्थापन प्रमुखहरु | टेक्निकल विभाग |

यसको लागि आवश्यक बजेट व्यवस्था बजेट खण्डमा समावेश छ ।

### १.२.३ संस्थागत संचालन क्षमता विकासका लागि सहकारी एकिकरण योजना :

यातायात साधनको सहज पहुँच भएको स्थानमा बढीमा ५ कि.मि र यातायातको साधनको सहज पहुँचनभएको ठाउँमा बढीमा २ कि.मि भन्दा टाढाबाट संस्थामा सेवा लिन कुनै पनि सदस्यहरुले धाउनु नपरोस् भन्नका लागि कार्यक्षेत्र भित्र लेकवेसी नगरपालिकामा सेवा केन्द्र संचालन गर्ने र उद्देश्य मिलेका, समुदायमा आधारित भएर संचालनमा रहेका कुनै पनि वित्तीय क्षती नव्यहोरेका र सदस्यहरुको दोहोरोपना देखिएका अन्य सहकारीहरुसंग "प्रतिष्पर्धी र गुणस्तरीय सेवा प्रवाहका लागि भाइचारा र एकता" भन्ने मुलमन्त्रका साथ एकीकरणका लागि आवश्यक पहल गरिनेछ ।

## २. सदस्य सेवा सम्बन्धी कार्यक्रम :

### २.१ युवा सदस्यहरुको लागि वित्तिय शिक्षा कार्यक्रम :

युवा सदस्यहरुले आफ्नो रुची र व्यक्तिगत गुण र सीप बीचको तादाम्यतामा सुझबुझ विकासका लागि वित्तीय शिक्षा आजको अपरीहार्य शर्त भएका कारण देहाए बमोजिम युवाहरुको लागि वित्तीय शिक्षा कार्यक्रमहरु संचालन गरिनेछ ।

**तालिका नं. २४**

| क्र.स | कार्यक्रमको नाम | कार्यक्रम हुने मिति | संयोजन | सहकार्य | कूल सहभागी संख्या | तालिम अवधी |
|---|---|---|---|---|---|---|
| १ | यूवा सम्मेलन | २०७९ मंसिर महिनामा | सम्पूर्ण सेवा केन्द्र, वी.न.पा युवा परिचालन शाखा, सामाजिक विकास मन्त्रालय | एकल संस्थाको सहकार्य | २०० जना | १ दिने |

| क्र.स | कार्यक्रमको नाम | कार्यक्रम हुने मिति | संयोजन | सहकार्य | कूल सहभागी संख्या | तालिम अवधी |
|---|---|---|---|---|---|---|
| २ | विद्यार्थीसंग वीरेन्द्रनगर साकोस कार्यक्रम | २०७९ पुस महिनाभित्रमा | सम्पूर्ण सेवा केन्द्रका विद्यालय, क्याम्पस र शिक्षा क्याम्पस सुर्खेत, बिद्यापुर बहुमुखी क्याम्पस | विद्यालय प्रशासन र सेवा केन्द्र | ५० जनाका दरले | १ दिने |
| ३ | उद्यमीसँग अर्न्तरक्रिया कार्यक्रम | २०७९ पुस महिना भित्रमा | सम्पूर्ण सेवा केन्द्र | एकल संस्थाको सहकार्य | एउटा सेवा केन्द्रबाट २ जनाका दरले जम्मा २० जना | १ दिने |
| ४ | सहकारी सम्बन्धी बक्तृत्वकला प्रतियोगिता | २०७९ चैत्र महिना भित्रमा | वी.न.पा. भित्रका विद्यालय र नगर शिक्षा शाखा | वी.न.पा. र संस्थाको सहकार्य | सम्पूर्ण माध्यमिक विद्यालय | १ दिने |
| ५ | शिक्षकसँग वीरेन्द्रनगर साकोस कार्यक्रम | २०८० असार मसान्त | सम्बन्धित व्यक्तिहरुसँग | सम्पूर्ण सेवा केन्द्र | ३० जना | १ दिने |
| ६ | समुदायका अगुवाहरु सँग वीरेन्द्रनगर साकोस कार्यक्रम | २०८० असार मसान्त | सम्बन्धित व्यक्तिहरुसँग | सम्पूर्ण सेवा केन्द्र | ३० जना | १ दिने |

**कार्यक्रम संचालन सम्बन्धी अन्य व्यवस्था :**

**तालिका नं. २५**

| क्र.स | सहभागीको लागि सुविधा | खर्चको श्रोत | अन्य व्यवस्था भए उल्लेख गर्ने |
|---|---|---|---|
| १ | स्टेशनरी, खाजा तथा पानी | स्वकोष बाट र सम्बन्धित निकायसँग को समन्वय | |
| २ | प्रमाणपत्र | स्वकोष | |
| ३ | स्वरोजगार गर्नेका लागि सहुलियत पूर्ण विनाधितो/धितो ऋण | संस्थाको कोष | |

यसको लागि आवश्यक बजेट व्यवस्था बजेट खण्डमा समावेश छ ।

**२.२ युवा सदस्यहरुको लागि उद्यमशिलता विकास तालिम :**

सहकारी मार्फत उद्यमशिलता विकास सम्भव छ भनि प्रमाणित गर्नु आजको सहकारी संस्थाहरुको चुनौतीको विषय हो । सदस्यहरुको व्यवसायिक क्षमता विकास गरी आत्मनिर्भरतातर्फ लैजानु संस्थाको दायित्व हो र यो दायित्व पूरा गर्नका लागि संस्थाले देहाएका कृयाकलापहरु संचालन गर्नेछ । यस कार्यक्रम मार्फत सदस्यहरुको उद्यमशिल क्षमतामा वृद्धि हुनुका साथै सदस्यको उद्यमशिलता विकाससंगै संस्थाको बचत/निक्षेपमा पनि उल्लेख्य वृद्धि हुनेछ ।

**युवा सदस्यहरुको लागि उद्यमशिलता विकास तालिम :**

**तालिका नं. २६**

| क्र. सं. | उद्यमशिल कार्यक्रमहरु | उपलब्ध सुविधाहरु (उपलब्ध गराउनेमा ठीक चिन्ह लगाउनुहोस) | | | कहिले गर्ने | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | सहुलियत पूर्ण ऋण | तालिम | प्राविधिक सहयोग | | | |
| १ | सामूहिक तरकारी खेती | गर्न सकिने | गर्न सकिने | | असोज | सम्बन्धित स्थानिय तह | तालिम बिभाग |
| २ | व्यवसायिक तरकारी खेती | गर्न सकिने | गर्न सकिने | | असोज | सम्बन्धित स्थानिय तह | तालिम बिभाग |
| ३ | व्यवसायिक कुखुरा पालन | गर्न सकिने | गर्न सकिने | | असोज | सम्बन्धित स्थानिय तह | तालिम बिभाग |
| ४ | व्यवसायिक भैंसी पालन | गर्न सकिने | गर्न सकिने | | चैत्र | सम्बन्धित स्थानिय तह | तालिम बिभाग |
| ५ | व्यवसायिक बाख्रा पालन | गर्न सकिने | गर्न सकिने | | फाल्गुन | सम्बन्धित स्थानिय तह | तालिम बिभाग |
| ६ | साना होटल तथा रेष्टुरा | गर्न सकिने | गर्न सकिने | | बैशाख | सम्बन्धित स्थानिय तह | तालिम बिभाग |
| ७ | अन्य सीपमूलक तालिम | गर्न सकिने | गर्न सकिने | | बैशाख | सम्बन्धित स्थानिय तह | तालिम बिभाग |

यसको लागि आवश्यक बजेट व्यवस्था बजेट खण्डमा समावेश छ ।

**२.४ विपन्न सदस्य उत्थान कार्यक्रम :**

संस्थामा आवद्ध विपन्न परिवारको उत्थानका लागि संस्थाले सीप विकास कार्यक्रममा सहभागीताका लागि प्राथमिकतामा राख्नेछ र तालिम पश्चात बिनाधितो उद्यम विकासका लागि न्यूनतम ब्याजमा साना ऋणहरुको व्यवस्था गर्नेछ । यसबाट आगामी वर्ष देखि सहकारी मार्फत गरिबी निवारणमा

प्रत्यक्ष सहयोग पुग्नेछ भने सहकारी मार्फत जीवनस्तर परिवर्तन भएका परिवारहरुको आगामी वर्षदेखि सफलताका कथाहरु बुलेटिन तथा छोटा श्रव्य दृश्य सामाग्री मार्फत प्रकाशन र प्रशारण गरिनेछ ।

**३. सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रम :**

**३.१ रक्तदान/स्वास्थ्य शिविर कार्यक्रम**

समुदायप्रति चासो सहकारीको एक सिद्धान्त हो । यस सिद्धान्तलाई आत्मसाथ गर्दै समुदायको लागि केही गर्नु पर्दछ भन्ने उद्देश्यका साथ संस्थाको स्थापना दिवसको अवसरमा खुल्ला रक्तदान/खुल्ला स्वास्थ्य शिविर सम्बन्धी कार्यक्रमहरु देहाए बमोजिम संचालन गरिनेछ ।

**रक्तदान/स्वास्थ्य शिविर कार्यक्रम तालिका**

**तालिका नं. २७**

| क्र.सं. | कार्यक्रमको नाम | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | रक्तदान कार्यक्रम | २०७९ फाल्गुन मसान्त सम्म | नेपाल रेडक्रस सोसाइटी | सदस्य सेवा विभाग |
| २ | निःशुल्क स्वास्थ्य शिविर पायक पर्ने सेवा केन्द्रमा | २०७९ चैत्र मसान्त | निजी अस्पतालहरु | सदस्य सेवा विभाग |

यसको लागि आवश्यक बजेट व्यवस्था बजेट खण्डमा समावेश छ ।

## ३.२ वृक्षारोपण कार्यक्रम

सहकारी संस्थाको सम्बन्ध वातावरणसँग पनि स्थापित गराउनु पर्दछ भन्ने कुरालाई कार्य रुपमा प्रर्दशन गर्नका लागि संस्थाको वातावरण दिवसको अवसरमा वृक्षारोपण कार्यक्रम गरिनेछ ।

**वृक्षरोपण कार्यक्रम**

**तालिका नं २८**

| क्र.स | वृक्षारोपण हुने क्षेत्र | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | सामुदायिक बन | असार मसान्तमा स्थापना दिवसको अवसर पारेर (वातावरणीय संरक्षणमा साकोसको योगदान अन्तर्गत) | वी.न.पा ५ नं वडा कार्यालय र अन्य स्थानियतह | तालिम बिभाग |

यसको लागि आवश्यक बजेट व्यवस्था बजेट खण्डमा समावेश छ ।

## ३.३ मठमन्दिर सरसफाई कार्यक्रम

संस्कृति संरक्षणमा सहकारीको भूमिका र उपस्थितिको लागि कार्यक्षेत्र भित्रभएका देहाएका मठमन्दिरहरु संस्थाको तर्फबाट देहाए बमोजिम सरसफाई गरी संस्कृति संरक्षणमा सहयोगी भूमिका खेलिनेछ ।

**मठमन्दिर सरसफाई कार्यक्रम**

**तालिका नं. २९**

| क्र.स | मठ मन्दिरको नाम | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | शिबमन्दिर | महाशिरात्रीको अघिल्लो दिन | मन्दिर व्यवस्थापन समितिसँग | सदस्य सेवा विभाग |
| २ | देउती बज्यै | फुलपातिको अघिल्लो दिन | मन्दिर व्यवस्थापन समिति संग | सदस्य सेवा विभाग |
| ३ | सम्बन्धित सेवा केन्द्रमा पायक पर्ने धार्मिक स्थलहरु | सम्बन्धित पर्वको अघिल्लो दिन | सम्बन्धित सम्वद्ध पक्षहरु | सेवा केन्द्र प्रमुख, सदस्य सेवा विभाग |

यसको लागि आवश्यक बजेट व्यवस्था बजेट खण्डमा समावेश छ ।

### ३.४ सदस्य तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम :

पाहुनाको स्वागत र जेष्ठ नागरिकको सम्मान नेपाली संस्कार हो । भविष्यका पुस्तामा यो संस्कार सुरक्षित हस्तान्तरणका लागि सहकारीले देहाएका क्रियाकलापहरु संचालन गर्नेछ ।

**सदस्य तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम**

**तालिका नं. ३०**

| क्र.सं. | कार्यक्रमको नाम | कहिले गर्ने | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | बाल सदस्य जन्मदिन सम्मान कार्यक्रम | निरन्तर | सदस्य सेवा विभाग | सञ्चालक समिति र व्यवस्थापन |
| २ | सर्वाधिक शेयर खरीदकर्ता सदस्य सम्मान कार्यक्रम | संस्थाको स्थापना दिवस | सदस्य सेवा विभाग | सञ्चालक समिति र व्यवस्थापन |
| ३ | सर्वाधिक बचतकर्ता सदस्य सम्मान कार्यक्रम | संस्थाको स्थापना दिवस | सदस्य सेवा विभाग | सञ्चालक समिति र व्यवस्थापन |
| ४ | असल ऋणी सम्मान कार्यक्रम | संस्थाको स्थापना दिवस | सदस्य सेवा विभाग | सञ्चालक समिति र व्यवस्थापन |
| ५ | उत्कृष्ट एक जना सञ्चालक सम्मान कार्यक्रम | संस्थाको स्थापना दिवस | सदस्य सेवा विभाग | सञ्चालक समिति र व्यवस्थापन |
| ६ | जेष्ठ सदस्य सम्मान कार्यक्रम | संस्थाको स्थापना दिवस | सदस्य सेवा विभाग | सञ्चालक समिति र व्यवस्थापन |
| ७ | अपाङ्ग सदस्य सम्मान कार्यक्रम | संस्थाको स्थापना दिवस | सदस्य सेवा विभाग | सञ्चालक समिति र व्यवस्थापन |

| क्र.सं. | कार्यक्रमको नाम | कहिले गर्ने | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| ८ | उत्कृष्ट कारोवारी सदस्य सम्मान कार्यक्रम | संस्थाको स्थापना दिवस | सदस्य सेवा विभाग | सञ्चालक समिति र व्यवस्थापन |
| ९ | कर्मचारी सम्मान कार्यक्रम | संस्थाको स्थापना दिवस | सदस्य सेवा विभाग | सञ्चालक समिति र व्यवस्थापन |

यसको लागि आवश्यक बजेट व्यवस्था बजेट खण्डमा समावेश छ ।

**बचत/निक्षेप संकलनको क्षेत्रगत विभाजन**

**तालिका नं. ३१**

| क्र.सं. | बचतका शीर्षक | रकम | भार |
|---|---|---|---|
| १ | १ वर्षे आवधिक | ७,५२,०३,४९५।०० | ०।११ |
| २ | १ वर्षे दैनिक | ४९,६९,०७६।३८ | ०।०१ |
| ३ | २ वर्षे आवधिक | १,३९,९६,६९२।६५ | ०।०२ |
| ४ | २ वर्षे दैनिक | ६,२३,७४९।४८ | ०।०० |
| ५ | ३ वर्षे आवधिक | २,८७,५२,४७३।६० | ०।०४ |
| ६ | ३ नविकरणीय आवधिक | ४,२६,२३,१२५।५९ | ०।०६ |
| ७ | ६ महिने दैनिक | ७,०१,८९,५६१।९७ | ०।१० |
| ८ | ६ महिने आवधिक | ११,१७,५०,५२६।३८ | ०।१६ |
| ९ | बीमा बचत | ११,८७८।८९ | ०।०० |
| १० | वीरेन्द्रनगर सजिलो बचत | १,३०,५३५।०९ | ०।०० |
| ११ | वीरेन्द्रनगर समुह बचत | १,६६,८५४।१० | ०।०० |
| १२ | वीरेन्द्रनगर साहारा बचत | ७८,३८७।९८ | ०।०० |
| १३ | बोनस बचत | १२,२४,१९५।८३ | ०।०० |
| १४ | नगद लाभांश बचत | १४,२९,१८१।१२ | ०।०० |
| १५ | वाल बचत | ३,१४,५१,६३१।६९ | ०।०४ |
| १६ | दैनिक रु १० बचत | ६,०३,७५७।३८ | ०।०० |
| १७ | आवधिक व्याज बचत | १,४२,७६,४५५।३० | ०।०२ |
| १८ | चाडपर्व बचत | ९७,४०३।२७ | ०।०० |
| १९ | जेष्ठ नागरिक सम्मान | २,६३,७५२।८० | ०।०० |
| २० | जेष्ठ नागरिक बचत | २,३१,४८६।४५ | ०।०० |
| २१ | ऋण बीमा बचत | २६,७६५।०० | ०।०० |
| २२ | ऋण बचत खाता | २५,६७,९७६।८३ | ०।०० |

| क्र.सं. | बचतका शीर्षक | रकम | भार |
|---|---|---|---|
| २३ | सदस्य समृद्धि बचत | २२,०४,३५७।०९ | ०।०० |
| २४ | लघु उद्यम बचत | ३,०४,७३,२४४।६४ | ०।०४ |
| २५ | नारी बचत | ५४,३५,८६२।०१ | ०।०१ |
| २६ | ऐच्छिक बचत | १,७३,९४,८४६।६९ | ०।०२ |
| २७ | संचयकोष बचत | ६,७०,११६।१२ | ०।०० |
| २८ | राहत | ६६,०३,७०९।५६ | ०।०१ |
| २९ | राहत व्याज खाता | १६,२९,५३०।२१ | ०।०० |
| ३० | नियमित बचत | १२,२३,१३,६९५।०९ | ०।१७ |
| ३१ | ऐच्छिक बचत | १२,४७,७६,०१०।३८ | ०।१८ |
| | जम्मा | ७१,२१,७०,३३४.५७ | १.०० |

**ऋण लगानीको क्षेत्रगत विभाजन**

**तालिका नं. ३२**

| क्र.सं. | ऋणका शीर्षक | रकम | भार |
|---|---|---|---|
| १ | कृषि ऋण | १,६०,२०,६८१।४६ | ०।०२ |
| २ | व्यापार व्यावसाय | ५१,९३,७१,००४।७९ | ०।५६ |
| ३ | शैक्षिक ऋण | ७,४९,४०३।९२ | ०।०० |
| ४ | बैदेशिक ऋण | ६,८५,०८०।०३ | ०।०० |
| ५ | हायर पर्चेज ऋण | २,७२,४०,९५६।८९ | ०।०३ |
| ६ | घर जग्गा ऋण | १६,७६,७३,६३९।३८ | ०।१८ |
| ७ | लघु वित्त ऋण | २,९६,३७,६२२।३८ | ०।०३ |
| ८ | लघु उद्यम ऋण | ११,९४,३२५।४४ | ०।०० |
| ९ | स्वयम सहायत समुह ऋण | २,१९,२८,३७२।२२ | ०।०२ |
| १० | साना व्यावसायी ऋण | १३,७३,१४,१४९।८६ | ०।१५ |
| ११ | सामाजिक तथा आकस्मीक ऋण | १,४८,८५१।५५ | ०।०० |
| १२ | यूवा परिषद ऋण | १९,३०,०००।०० | ०।०० |
| १३ | यूवा स्वरोजगार ऋण | ८२,९१८।०० | ०।०० |
| | **जम्मा** | ९२,३९,७७,००५।९२ | १।०० |

## आ.व.२०७९/८० को प्रस्तावित नाफा नोक्सान विवरण

तालिका नं. ३३

| आम्दानीका शीर्षकहरु | आ.व.२०७८/०७९ को प्रस्तावीत | २०७९ असार मसान्तको वास्तविक | आ.व.२०७९/०८० को प्रस्तावीत |
|---|---|---|---|
| **क) ऋणबाट प्राप्त आम्दानी** | | | |
| ०१. ऋणबाट प्राप्त व्याज | १३,५२,५९,५६४।०० | १३,१२,३५,८१८।३८ | १७,६६,५४,७५५।५० |
| ०२. ऋणबाट प्राप्त हर्जना | २२,५०,५६७।०० | ६२,५०,४९४।१९ | ७१,५०,०००।०० |
| जम्मा | १३,७५,१०,१३१।०० | १३,७४,८६,३१२।५७ | १८,३८,०४,७५५।५० |
| **ख) वित्तिय आम्दानी** | | | |
| ०१ लगानीबाट प्राप्त आम्दानी | ५,२५,६००।०० | ३,७७,०३१।६८ | ६,७९,४१८।०० |
| ०२ बैंकबाट प्राप्त ब्याज आम्दानी | २४,५०,०००।०० | ४४,६२,९४३।४८ | ६०,००,११४।४५ |
| जम्मा | २९,७५,६००।०० | ४८,३९,९७५।१६ | ६६,७९,५३२।४५ |
| **ग) अन्य आम्दानी** | | | |
| ०१. प्रवेश शुल्क | ३,१०,०००।०० | ३,१७,४५१।९४ | ५,८१,४००।०० |
| ०२. ऋण सेवा शुल्क | १०,७७,५००।०० | १,००,६४,२४४।०३ | १,०५,४६,७६८।२५ |
| ०३. पासवुक/प्रमाण पत्र | ४,२००।०० | ५,०३२।०४ | ५,०००।०० |
| ०४. खाताबन्दी शुल्क | १०,५००।०० | ३,७६,२७४।२८ | ४,००,०००।०० |
| ०५. यूटिलिटिबाट प्राप्त आम्दानी | १,५०,०००।०० | ३०,८३८।१८ | ९०,०००।०० |
| ०६. विप्रेषण सेवाबाट प्राप्त आम्दानी रेमिटेन्सबाट) | ४,५००।०० | १,१४,०१७।८२ | १,५०,०००।०० |
| ०७. अन्य | | २,९६,८८६।५८ | २,५०,०००।०० |
| **जम्मा** | १५,५६,७००।०० | १,१२,०४,७४४।८७ | १,२०,२३,१६८।२५ |
| **कुल जम्मा आम्दानी रकम (क ख ग) जोड्दा** | १४,९७,९५,२११।०० | १५,३५,३१,०३२।६० | २०,२५,०७,४५६।२० |

| खर्चका शीर्षकहरु | आ.व. २०७८।०७९ को प्रस्तावीत | २०७९ असार मसान्तको वास्तविक | आ.व. २०७९।८० को प्रस्तावित |
|---|---|---|---|
| **क . कार्यक्रमिक खर्च** | | | |
| १. योजना निर्माण तथा समिक्षा | ५,५०,०००।०० | ५,८६,९४६।०० | ७५,०००।०० |
| २. सञ्चालकको क्षमता विकास तालिम | ४,९०,०००।०० | - | ४,५०,०००।०० |

| खर्चका शीर्षकहरु | आ.व. २०७८।०७९ को प्रस्तावीत | २०७९ असार मसान्तको वास्तविक | आ.व. २०७९।८० को प्रस्तावित |
|---|---|---|---|
| ३. स्वास्थ्य शिविर तथा सरसफाई (सामाजिक कार्य) | १,६०,०००।०० | - | ३,५०,०००।०० |
| ३.१ विद्यालयस्तरीय दन्तशिविर कार्यक्रम | - | - | ५,१०,०००।०० |
| ४. संस्था स्थापना दिवस | ५,१०,०००।०० | ३,५९,४८०।०० | ५,५०,०००।०० |
| ५. राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस | २०,०००।०० | ३१,२३५।०० | ५०,०००।०० |
| ६. प्रोवेशन समिक्षा बैठक | १,५०,०००।०० | ३३,३३३।०० | २,५०,०००।०० |
| ७. शिक्षा तथा तालिम | ७,१०,०००।०० | २७,०५३।०० | ४,१०,०००।०० |
| ८. कार्यक्रम प्रायोजन (एकीकरण गोष्ठी) | १,२०,०००।०० | - | १,२५,०००।०० |
| ९. जन्मउत्सव (बाल सदस्य तथा सदस्य) | १,०२,०००।०० | ८०,६३०।०० | १,००,०००।०० |
| १०. अध्ययन, अवलोकन तथा भ्रमण | २,२०,०००।०० | - | २,९०,०००।०० |
| ११. प्रोवेशन शुल्क | १,५०,०००।०० | - | ७५,०००।०० |
| १२. सदस्य सर्वेक्षण खर्च | ८०,०००।०० | - | ८०,०००।०० |
| १३. सुत्केरी राहत | - | १,१४,०००।०० | १,२०,०००।०० |
| जम्मा | ३२,६२,०००।०० | १२,३२,६७७।०० | ३३,१५,०००।०० |
| **ख) कार्यालय सञ्चालन खर्च** | | | |
| १. साधारण सभा खर्च | ४४,५५,८००।०० | ११,१५,६४१।०० | ४४,३५,०००।०० |
| २. सफ्टवेयर नवीकरण खर्च | ५,२०,०००।०० | ४,६०,८५५।०० | ५,२०,०००।०० |
| ३. नयाँ सफ्टवेयर जडान | - | - | ५,००,०००।०० |
| ४. संघहरु नविकरण शुल्क | १,४०,०००।०० | - | १,००,०००।०० |
| ५. कार्यालय मसलन्द तथा स्टेशनरी | ५,५०,०००।०० | ५,८१,०६४।०० | ४,८०,०००।०० |
| ६. छपाई प्रकाशन (पासबुक, क्यालेन्डर, क्याटलग) | १०,५०,०००।०० | ८,०८,९४०।०० | १२,५०,०००।०० |
| ६. इन्टरनेट खर्च | ५,१०,०००।०० | ३,६२,८९०।०० | ४,५०,०००।०० |
| **७. अफिस यूटिलिटि** | | | |
| खानेपानी | ७५,०००।०० | ७३,२९५।०० | १,०५,०००।०० |
| विद्युत | १,८०,०००।०० | १,५६,२३४।०० | २,१०,०००।०० |
| टेलिफोन | ९५,०००।०० | १,६६,८७०।०० | २,०५,०००।०० |
| ८. डाटा क्लाउड खर्च | १,७०,०००।०० | २,९८,३२०।०० | ३,५०,०००।०० |

| खर्चका शीर्षकहरु | आ.व. २०७८।०७९ को प्रस्तावीत | २०७९ असार मसान्तको वास्तविक | आ.व. २०७९।८० को प्रस्तावित |
|---|---|---|---|
| **९. बिमा खर्च** | | | |
| सदस्य बिमा | ७००००।०० | १७,५२०।०० | २२,०००।०० |
| भल्ट बिमा | ४५००००।०० | ३३,५२०।०० | ४५,०००।०० |
| १०. पत्रपत्रिका, विज्ञापन तथा सुचना | ९००००।०० | ४१,९५०।०० | ५४,०००।०० |
| ११. मर्मत सम्भार | | | |
| कम्पयुटर तथा उपकरण | २१००००।०० | २,८१,४१३।०० | ३,००,०००।०० |
| फर्निचर उपकरण | ६००००।०० | ३२,६४८।०० | ५०,०००।०० |
| अन्य मर्मत | २००००।०० | २८,८८०।०० | ७०,०००।०० |
| १२. ढुवानी ज्याला | २५०००।०० | ४६,७४१।०० | ६६,४००।०० |
| १३. फर्निसिङ (पर्दा कार्पेट कुसन टावेल) | १२६००।०० | १०,१२५।०० | ४०,०००।०० |
| १४. सरसफाई खर्च | २६००००।०० | २,५३,९३५।०० | ३,००,०००।०० |
| १५. किचन सामाग्रीहरु | ५००००।०० | २५,७५०।०० | १५,०००।०० |
| १६. बैंक चार्ज | ४५००।०० | ४,३००।०० | ५,०००।०० |
| १७. सेवा केन्द्र निरिक्षण खर्च | २१००००।०० | २,७३,९३३।०० | १,८०,०००।०० |
| १८. एस.एम.एस. खर्च | ५५४००।०० | ७३,६१६।०० | १,१५,०००।०० |
| १९. सेवा केन्द्र उद्घाटन खर्च | २३००००।०० | - | १,५०,०००।०० |
| २० दशै तिहार शुभकामना आदान-प्रदान | १५००००।०० | - | ४,५०,०००।०० |
| २१. राहत वितरण खर्च | ४५००००।०० | ४,२०,०००।०० | ४,८०,०००।०० |
| २२. घरभाडा खर्च | २४४३०००।०० | २१,६५,९६९।०० | २६,५०,०००।०० |
| २३. लेखापरिक्षण खर्च | १८००००।०० | २,९९,५७५।०० | ३,५०,०००।०० |
| २४. यातायात तथा इन्धन खर्च | २५०००।०० | ५७,०४७।०० | ४,५०,०००।०० |
| २५. कार्यालय चिया नास्ता | ३२५००।०० | ५३,३२०।०० | ६०,०००।०० |
| २६. कर्मचारी मिटिङ गोष्ठी तथा छलफल | २३००००।०० | ४,१७,६५५।०० | - |
| २७. आर्थिक वर्ष खाताबन्दी खर्च | १५००००।०० | ६६,५९५।०० | ८०,०००।०० |
| २८. एकिकरण खर्च | ४३००००।०० | ० | ३,००,०००।०० |
| २९. कर तथा दस्तुर (वडा कार्यालय, नगरपालिका) | २४००००।०० | ३९,६४१।७४ | ५०,०००।०० |
| ३०. विविध खर्च | १५००००।०० | ३८,४७१।१४ | ३०,०००।०० |
| **जम्मा** | १,३९,७३,८००।०० | ८७,०६,७१३।८८ | १,४९,१७,४००।०० |

| खर्चका शीर्षकहरु | आ.व. २०७८।०७९ को प्रस्तावीत | २०७९ असार मसान्तको वास्तविक | आ.व. २०७९।८० को प्रस्तावित |
|---|---|---|---|
| **ग) कर्मचारी खर्च:** | | | |
| १. तलब तथा भत्ता | १,३२,५०,७८९।०० | १,५८,५०,३८६।०० | १,९१,५०,२९६ |
| २. सञ्चय कोष खर्च | ८,५०,८३०।०० | ६,५५,२६२।०० | ६,७६,८७०।०० |
| ३. भत्ता खर्च (दशैं भत्ता, प्रोत्साहन तथा महंगी भत्ता) | ८६,९२,५७०।०० | २२,३१,६०७।०० | २६,४२,०६६।०० |
| ४. उत्प्रेरणा खर्च | ४२,५०,९९८।०० | ७,०८,८०७।०० | ६,२६,१६०।०० |
| ५. अतिरिक्त समय कर्मचारी खर्च | २,१०,०००।०० | ३,९१,५२५।०० | ४,५०,०००।०० |
| ६. कर्मचारी ग्रेड खर्च | ५,६०,०००।०० | १,५४,८०३।०० | ३,१०,०००।०० |
| ७. बीमा खर्च | १,२०,०००।०० | ९९,२४५।०० | १,२०,०००।०० |
| ८. कर्मचारी उपदान कोष खर्च | १०,००,०००।०० | १६,००,०००।०० | १८,००,०००।०० |
| ९. पोशाक खर्च | ४,५०,०००।०० | - | ५,८१,०००।०० |
| १०. क्षमता विकास तालिम तथा भ्रमण खर्च | ६,७०,०००।०० | ३,५१,६५२।०० | ९,५०,०००।०० |
| **जम्मा** | ३,००,५५,१८७।०० | २,२०,४३,२८७।०० | २,७३,०६,३९२।०० |
| **घ) बैठक तथा अतिथि सत्कार खर्च :** | | | |
| १. समिति तथा उपसमिति बैठक भत्ता | ४,३०,०००।०० | २,३८,९००।०० | ५,८६,०००।०० |
| २. यातायात तथा दैनिक भ्रमण खर्च | २,१०,०००।०० | १,३३,७६०।०० | ३,७५,०००।०० |
| ३. टेलिफोन तथा सञ्चार खर्च | १,५०,०००।०० | ९६,०००।०० | ९८,०००।०० |
| ४. अतिथि सत्कार | २,१०,०००।०० | १,६७,९६४।०० | २,५०,०००।०० |
| **जम्मा** | १०,००,०००।०० | ६,३६,६२४।०० | १३,०९,०००।०० |
| **ङ) वित्तीय खर्च :** | | | |
| बचतको व्याज खर्च | ४,३०,५०,९८७।०० | ५,५३,३१,९२८।७९ | ८,०९,९४,५४४।०० |
| बाह्य ऋणको व्याज खर्च | १,६०,५५,६७७।०० | ३,०३,९७,९७७।६६ | ३,२५,९१,४२३।०० |
| बाह्य ऋण व्यवस्थापन खर्च | ५,२०,०००।०० | ७,७६,१४१।०० | ५,००,०००।०० |
| **जम्मा** | ५,९६,२६,६६४।०० | ८,६५,०६,०४७।४५ | ११,४०,८५,९६७।०० |
| **च) सम्पत्तिको मुल्यह्रास खर्च** | १८,७७,५६०।०० | २३,६१,१३७।६७ | २६,५०,०००।०० |
| **छ) ऋण सुरक्षण खर्च** | ५०,००,०००।०० | १,१२,००,००० | ६०,००,०००।०० |
| जम्मा खर्च रकम (क ख ग घ ङ) जोड्दा | ११,४७,९५,२११।०० | १३,२६,८६,४८७।०० | १६,९५,८३,७५९।०० |
| कर लाग्ने रकम | ३,५०,००,०००।०० | २,०८,४४,५४५।६० | ३,२९,२३,६९७।२० |

| खर्चका शीर्षकहरु | आ.व. २०७८।०७९ को प्रस्तावीत | २०७९ असार मसान्तको वास्तविक | आ.व. २०७९।८० को प्रस्तावित |
|---|---|---|---|
| अग्रिम आयकर जम्मा रकम | १७,५०,०००।०० | १०,४२,२२७।२८ | १६,४६,१८४।८६ |
| कर पछिको खुद बचत | ३,३२,५०,०००।०० | १,९८,०२,३१८।३२ | ३,१२,७७,५१२।३४ |
| **खुद बाँडफाँड योग्य नाफा** | ३,३२,५०,०००।०० | १,९८,०२,३१८।३२ | ३,१२,७७,५१२।३४ |

**सञ्चालक क्षमता विकास कार्यक्रम**

**तालिका नं. ३४**

| क्र.स | तालिमको नाम | संख्या | सहभागी संख्या | बजेट | कूलजम्मा |
|---|---|---|---|---|---|
| १ | संस्थागत विकास/सञ्चालक क्षमता अभिवृद्धि तालिम | १ | ३५ | ५०,०००।- | ४००,०००।- |
| ३ | भाखा नाघेको ऋण व्यवस्थापन तालिम | १ | २ | १०,०००।- | १०,०००।– |
| ४ | ऋणको कानुनी प्रकृया र धितो मूल्याङ्कन तालिम | १ | ३ | ५०००।- | २०,०००।– |
| ५ | पर्ल्स अनुगमन तालिम | १ | १० | ३०,०००।- | ३०,०००।– |
| | **जम्मा** | | | | ५,१०,०००।– |

**कर्मचारी (जनशक्ति) क्षमताविकास कार्यक्रम**

**तालिका नं. ३५**

| क्र.सं. | तालिमको नाम | संख्या | सहभागी संख्या | बजेट | कूलजम्मा |
|---|---|---|---|---|---|
| १ | व्यवस्थापकहरुको क्षमता विकास तालिम | १ | २ | ४०,०००।- | ४०,०००।- |
| २ | भाखा नाघेको ऋण व्यवस्थापन तालिम | १ | १० | ३०,०००।- | ३०,०००।- |
| ३ | ऋणको कानुनी प्रकृया र धितो मूल्याँकन तालिम | १ | ३ | ३०,०००।- | ३०,०००।- |
| ४ | अग्रभाग कर्मचारी क्षमता विकास तालिम | १ | ५ | ८०,०००।- | ८०,०००।- |
| ५ | बजार प्रतिनिधी क्षमता विकास तालिम | १ | २५ | ७५,०००।- | ७५,०००।- |
| ६ | राष्ट्रियस्तरका गोष्ठीहरु | २ | २ | ५५,०००।- | ५५,०००।- |
| ७ | अन्तराष्ट्रियस्तरका गोष्ठीहरु | १ | १ | ९०,०००।- | ९०,०००।- |
| ८ | साईबर सुरक्षा सम्बन्धी तालिम | १ | ५ | ५०,०००।- | ५०,०००।- |
| | जम्मा | | | | ४५०,०००।- |

**सदस्य क्षमता विकास कार्यक्रम**

**तालिका नं. ३६**

| क्र.स | तालिमको नाम | संख्या | सहभागी संख्या | बजेट | कूलजम्मा |
|---|---|---|---|---|---|
| १ | नेतृत्व विकास तालिम | १ | २५ | ७५,०००।- | ७५,०००।- |
| २ | वित्तिय परामर्श तालिम | ११ | २२० | ११०,०००।- | ११०,०००।- |
| ३ | सहकारी शिक्षा शिविर | ५५ | १८०० | २२०,०००।- | २२०,०००।- |
| ४ | विस्तारित मन्च | १३ | २५०० | ३५०,०००।- | ३५०,०००।- |

**कर्मचारीहरुको सेवा सुविधा र वृत्तिविकास योजना :**

संस्थाका कर्मचारीहरुको मासिक तलव स्केल, पोशाक खर्च, पर्व (दशैं) खर्च, अतिरिक्त समय सेवा सञ्चालन खर्च, महंगी भत्ता र अन्य सेवा सुविधाहरु सञ्चालक समितिले आवश्यक वित्तीय विश्लेषण गरेर समय अनुसार थप घट गर्न सक्नेछ ।

**कार्यालय उपकरण खरिद तथा मर्मत योजना:**

**तालिका नं. ३७**

| क्र.स | उपकरणको नाम | खरिद गर्ने उपकरणको | | विनियोजित | कुन फाँट वा कहाँको लागि |
|---|---|---|---|---|---|
| | | संख्या | दर | रकम | ? |
| १ | काउन्टर | २ वटा | ९०,०००।- | ९०,०००।- | लेकवेशी र वी न पा ७ |
| २ | डेक्सटप कम्पयुटर | ३ वटा | ६५,०००।- | १९५,०००।- | आवश्यकता अनुसार |
| ३ | व्याकअप सेट | १ | १,४०,०००।- | १४०,०००।- | आवश्यकता अनुसार |
| ४ | प्रिन्टर खरिद | ४ | ३५,०००।- | १४०,०००।- | आवश्यकता अनुसार |
| ५ | ३ सिटर खरिद | २ | १२,००० ।- | २४,०००।- | आवश्यकता अनुसार |
| ६ | रिभल्भिङ चियर | ६ | ६,०००।- | ३६,०००।- | आवश्यकता अनुसार |
| ७ | स्टुल | १० | १,३००।- | १३०००।- | आवश्यकता अनुसार |
| ८ | अफिस टेबल | ३ | २५,०००।- | ७५०००।- | आवश्यकता अनुसार |
| ९ | मोटरसाईकल खरिद | २ | ३५०,०००।- | ७००,०००।- | मूख्य कार्यालय |
| १० | सोफा | ६ | ४००००।- | २४०,०००।- | मूख्य कार्यालय |
| ११ | टेवल | १० | २५०००।- | २५०,०००।- | सेवा केन्द्र तथा मूख्य कार्यालय |
| १२ | ल्यापटप | ५ | ९००००।- | ४५०,०००।- | सेवा केन्द्र तथा मूख्य कार्यालय |
| १३ | कार्पेट | १ | १००,०००।- | १००,०००।- | मूख्य कार्यालय |
| १४ | सोफा | २ | ५०,०००।- | १००,०००।- | मूख्य कार्यालय |
| १६ | ए सी सेट | २ | ८०,०००।- | १६०,०००।- | मूख्य कार्यालय |
| | **जम्मा** | | | २१,५६,०००।- | |

यो भन्दा अन्य भौतिक व्यवस्थापन आवश्यक भए सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ ।

**जग्गा खरिद योजना :**

**तालिका नं. ३८**

| क्र.स | जग्गाको विवरण | के गर्ने? | अनुमानित लागत | विनियोजित रकम | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र | १ कट्ठा जग्गा खरिद गर्ने | १ करोड २० लाख | १ करोड २० लाख | सञ्चालक समिति |
| २ | गुर्भाकोट र भेरिगंगा नगरपालिकाभित्र मूख्य राजमार्गको आसपासमा | ५ रोपनी जग्गा खरिद गर्ने | १ करोड | १ करोड | सञ्चालक समिति |

**योजना कार्यन्वयनको समिक्षा सम्बन्धी व्यवस्था :**

संस्थाले बनाएको योजना सही समयमा सही ढंगबाट कार्यन्वयन गरी लक्ष्य हाँसिल गर्नका लागि देहाएको व्यवस्था गरिनेछ ।

**योजना कार्यान्वयनको समीक्षा सम्बन्धी व्यवस्था**

**तालिका नं. ३९**

| क्र.स | एकाई | कहिले गर्ने ? | प्रतिवेदन कहाँ पेश गर्ने ? |
|---|---|---|---|
| १ | व्यवस्थापन तह (कर्मचारी) | मासिक रुपमा | सञ्चालक समितिलाई मासिक पेश गर्ने |
| २ | सञ्चालक तह | त्रैमासिक रुपमा | समिति उपसमितिको भेला वा विस्तारित मञ्चमा पेश गर्ने |
| ३ | सञ्चालक तह | वार्षिक रुपमा | साधारण सभामा पेश गर्ने |

यहाँ पेश गरेको आगामी आर्थिक वर्ष २०७९/०८० को प्रस्तावित बजेट विनियोजन गर्दा नीति तथा कार्यक्रमहरुलाई अझ समयानुकूल, अझ यथार्थपरक र सदस्यको हितका लागि आवश्यक पर्ने शिर्षकमा बजेट विनियोजन गरिएको छ । साधारण सभा संस्थाको सर्वोच्च अंग भएकोले प्रस्तुत आर्थिक प्रतिवेदन माथि गहन अध्ययन गरी ठोस निष्कर्ष र निर्णय गर्न शेयर सदस्यहरूको भूमिका प्रमुख हुने हुदा आवश्यक सल्लाह सुझावका लागि हार्दिक अनुरोध गर्दछु ।

अन्तमा, यस सभामा प्रस्तुत गरिएको आर्थिक प्रतिवेदन माथि सम्पूर्ण सदस्यहरूले आवश्यक छलफल गरी आवश्यक भएमा परिमार्जन सहित पारितका साथै गत आ.व. २०७८/०७९ मा स्वीकृत बजेट सीमाभन्दा बढी खर्च भएको रकम तथा शीर्षकलाई यस सभाबाट अनुमोदन गरिदिनु हुनेछ भन्ने विश्वास राख्दै आजको यस २१औं वार्षिक साधारण सभामा उपस्थित हुनु भएको प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, उपस्थित शेयर सदस्यज्यूहरू र साधारण सभा सम्पन्न गर्न बनेका विभिन्न उपसमितिका साथीहरू लगायत सञ्चालक समितिका सहकर्मी साथीहरू सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दै प्रतिवेदन टुंग्याउने अनुमति चाहन्छु ।

धन्यवाद । जय सहकारी ।

# २१औं वार्षिक साधारण सभामा लेखा संयोजकद्वारा प्रस्तुत प्रतिवेदन-२०७९



**प्रकाश कुमार सापकोटा**
लेखा संयोजक

आजको यस गरिमामय २१औं साधारण सभाका सभाध्यक्ष ज्यू, प्रमुख स्थानमा विराजमान प्रमुख अतिथी, विशेष अतिथीहरू तथा अतिथीज्यूहरू, सल्लाहकार ज्यूहरू, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्य साथीहरू, परामर्श कार्यदल, विभिन्न उपसमितिका पदाधिकारीहरू लगायत आदरणीय शेयर सदस्य महानुभावहरू, शुभचिन्तकहरू तथा निरन्तर सक्रिय तथा उर्जाशिल कर्मचारीहरूमा यस साधारण सभाको पावन अवसरमा हामी लेखा सुपरिवेक्षण समितिको तर्फबाट सहकारी अभिवादन टक्र्याउदछौं ।

आजको यस गरिमामय सभामा लेखा सुपरिवेक्षण समितिको तर्फवाट केही भनाईहरू राख्ने अवसर पाउदा हामीलाई अत्यन्त खुशी लागेको छ । गत आर्थिक वर्ष २०७८/७९ भित्र हामीले केन्द्रीय कार्यालय वीरेन्द्रनगर सुर्खेतको गणेशचोकमा बैंठक वसी संस्थाको आय व्ययको विवरण हिसाव, किताबको अवस्था, खर्चका विल भरपाई, पर्ल्स निरीक्षण, आन्तरिक लेखा परिक्षकको प्रतिवेदन कार्यान्वयनको अवस्था जाँच, ऋण लगानीका फाईलहरू मध्ये नमूना छनौटको आधारमा ऋण फाईलहरू, सञ्चालक समितिका निर्णयहरू, नगद मौज्दात अनुसार भल्टको निरीक्षण, बैंक हिसाव सन्तुलन परिक्षण आदिको निरीक्षण गरियो । यस दौरानमा दिएका सुझावहरूलाई पनि सञ्चालक समिति तथा व्यवस्थापन पक्षले सुधार गर्दै यस स्थितिमा आउदासम्म हामी लेखा सूपरिवेक्षण समितिले आफ्नो क्षमता योग्यता र अनुभवले भ्याएसम्मको मेहनत गरी आफुले देखेका र लागेका थप कुराहरू सहकारी विभाग तथा अन्य नियमन निकायद्धारा जारी गरिएका पछिल्लो निर्देशनलाई यस प्रतिवेदनमा उल्लेख गरेका छौं ।

**१. अघिल्लो साधारण सभाको निर्णय कार्यन्वयनको अवस्था :**

- आ.व.०७७/७८ को कोष बाँडफाँड अनुसार शेयर लाभांश वितरण र अन्य कोषको हिसावको काम सम्पन्न भएको छ ।
- २०औं वार्षिक साधारण सभाको निर्णय भए अनुसार संस्थाले वीरेन्द्रनगर ७, इत्राम शिवालय चोक नजिक सेवा केन्द्र सञ्चालन गर्न कर्णाली प्रदेश सहकारी रजिष्ट्रार कार्यालयबाट स्वीकृति प्राप्त ।
- संस्थाको यस आ.व.२०७८/७९ मा युवा तथा साना व्यवसायी स्वारोजगार कोष, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ र राष्ट्रिय सहकारी बैंकबाट थोक ऋण लिई सदस्यहरूलाई लगानी गरिएको ।
- संस्थाले कार्यक्षेत्र जोडिएका र उदेश्य समान भएका विभिन्न सहकारी संस्थाहरूसँग एकीकरणको लागि छलफल प्रक्रिया अगाडि बढाएको ।

**२. आ. व. २०७८/७९ मा बसेका बैंठक संख्या, निर्णयहरू र निर्णय कार्यान्वयनको अवस्था:**

गत आ.व.२०७८/७९ मा बसेको बैंठक संख्या तपसिलमा उल्लेख छ :

| समितिको प्रकार | बैंठक संख्या | निर्णय संख्या | कैफियत |
|---|---|---|---|
| सञ्चालक समिति | १३ | १३२ | |
| लेखा समिति | ३ | ६ | |
| ऋण उपसमिति | १४ | २८ | |
| शिक्षा उपसमिति | ५ | १३ | |

**३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था:**

- लेखा सुपरिवेक्षण समितिको बैंठकमा महिना भरी लगानी गरिएका ऋणीहरू मध्ये कम्तिमा २५ प्रतिशत ऋणीको फाईल नमुनाको रूपमा हेर्ने गरिएको छ । यसरी हेर्दा ऋण लगानी नीति अनुसार नै सम्पूर्ण प्रक्रिया पुरा गरी ऋण लगानी गरिएको पाईयो ।
- संस्थाले ऋण नीति अनुसार शेयर सदस्यहरूलाई छिटो छरितो, सर्वसुलभ तथा सहज तरिकाले ऋण प्रवाहमा विशेष ख्याल गरी ५ लाखसम्म विना धितो त्यसभन्दा माथि प्रर्याप्त धितो राखेर लगानी गरिएको पाईयो ।
- धितो मूल्याङ्कन गरी लगानी गरिएको ऋणको ५,००,००० सम्म व्यवस्थापन पक्षले र सो भन्दा माथि बाह्य मूल्यांङ्कनकर्ता वा इन्जिनियरबाट गरिएको पाइयो । जुन संस्थाको ऋण नीति अनुसार छ ।
- धितोमा लगानी भएका सम्पूर्ण ऋणको दुष्टिबन्धक गर्ने गरिएको छ ।

**४. नियमन निकायबाट जारी गरिएका निर्देशनहरूको पालना सम्बन्धी संक्षिप्त विवरण:**

समय समयमा सहकारी विभाग तथा अन्य नियमन निकायबाट जारी गरेका निर्देशन अनुसार संस्थाले तपशिल अनुसारको कार्यक्रम गरिएको पाइयो ।

- हरेक वर्ष ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष र ५ प्रतिशत स्थिरीकरण कोष काट्ने गरिएको पाईयो ।
- कर्मचारीहरूलाई कार्यक्षमता र योग्यता अनुसारको सेवा सुविधा उपलब्ध गराउने गरिएको र नियमित कर्मचारीलाई कर्मचारी संचय कोषमा आवद्ध गरिएको ।
- संस्थाको साधारण सभा ऐन अनुसार आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र सम्पन्न गर्ने गरिएको ।
- बचत र ऋणको ब्याजमा फरकता दर ५.७४ प्रतिशत रहेको छ ।
- संस्थामा कुल बचतको १५ देखी २० प्रतिशत सम्म तरलता राख्नु पर्नेमा ३३.७३ प्रतिशत रहेको छ ।
- संस्थाको नीति अनुसार भल्ट र काउन्टरको बीमा गरिएको छ ।
- प्रत्येक महिना सञ्चालक समितिको बैंठकमा मासिक प्रगति प्रतिवेदन माथि छलफल हुने गरेको छ ।

**५. सहकारी विभागको सघन अनुगमन र निर्देशन सुझावहरू कार्यान्वयनको अवस्थाः**

गत आ.व.मा सहकारी विभागबाट वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. को सघन अनुगमन भएको थियो । अनुगमनका क्रममा दिएका सुझावहरूलाई तपशिल बमोजिम कार्यान्वयन गरिएको छ ।

- सदस्यता प्रदान गर्दा सञ्चालक समितिको स्वीकृतिपछि मात्र सदस्यता प्रदान गर्नुपर्ने निर्देशनको पालना गरिएको ।
- कतिपय सदस्यको वाहिर जिल्लाको नागरिकता भएको र अस्थायी वसोवास भएको कागजात पनि राख्नुपर्ने निर्देशनलाई कार्यान्वयन गर्दै गएको ।
- संस्थाले ONM सर्वे गरी कर्मचारीको दरवन्दी सिर्जना गरी साधारण सभाबाट स्वीकृति गरेपछि प्रक्रिया पूरागरी कर्मचारी नियूक्ति गर्नुपर्ने निर्णयलाई यथाशक्य कार्यान्वयन गरिएको ।
- जिन्सी सामानको परल मूल्य खोली जिन्सी खाता दर्ता गरी राख्ने र समय समयमा जिन्सी सामानको निरिक्षण तथा प्रमाणीकरण गर्नुपर्ने निर्देशनको कार्यान्वयन गरिएको ।
- सदस्यहरूको आम्दानी, तिर्न सक्ने क्षमता व्यवसायिक योजना आदिको विश्लेषण गरेर मात्र लगानी गर्नुपर्ने निर्देशनलाई कार्यान्वयन यथासक्य गर्ने ।
- सहकारी ऐन २०७४, नियमावली २०७५ ले तोकेअनुसार कोषको बाँडफाँड गरी कोषको रकमहरू सदस्य शिक्षा, संस्था विकाश कोष, लाभांस कोष र संरक्षित पूँजी फिर्ता कोषको रकम तत् तत् उद्देश्यमा सदुपयोग गर्नुपर्ने निर्देशनलाई परिपालन गरिरहेको छ ।

**६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरणः**

**पारिश्रमिक** : छैन ।

**भत्ता**: संचालक तथा लेखा सुपरिवेक्षण समितिको प्रति बैंठक रू.२,०००।– भत्ता दिने गरिएको ।

**अन्य सुविधाहरूः** बैठक बस्दा खाजा सुविधा मात्र ।

**संचालक खर्चः** अध्यक्षलाई मासिक रू ५,०००।– सञ्चार खर्च वापत दिने गरिएको ।

**७. कर्मचारी प्रशासन सम्वन्धी व्यवस्थाः**

- २०७९ असार मसान्तसम्मको कर्मचारी उत्पादकत्व शीर्षकमा प्रति कर्मचारी तपशिल अनुसारको रहेको पाईयो ।
- पूँजी भार ३ करोडभन्दा माथि हुनुपर्नेमा १ करोड ४६ लाख रहेको पाईयो ।
- ऋणको भार २ करोडभन्दा माथि हुनुपर्नेमा १ करोड १२ लाख रहेको पाईयो ।
- सदस्य संख्या ५०० भन्दा माथि हुनुपर्नेमा २३२ मात्र रहेको पाईयो ।
- सवै कर्मचारीहरूलाई मासिक लक्ष्य सहितको कार्यविवरण दिएको र त्यसै मासिक लक्ष्य प्रगति अनुसार पारिश्रमिक दिएको पाईयो ।
- संचालक समितिले कर्मचारी प्रशासनलाई व्यवस्थित र चुस्त बनाईएको पाईयो ।
- संस्थाको मौजुदा मानविय श्रोत व्यवस्थापन कार्यविधि अनुसार हाल ७५ जना कर्मचारी मध्ये पुरूष २१ जना र महिला ५४ जना कार्यरत रहेको पाईयो । जस अन्तरगत दलित ५ र जनजाति १३ जना भएको र कर्मचारी समावेशीतालाई पालन गरेको पाईयो ।
- सेवा केन्द्रको कामलाई चुस्त दुरूस्त बनाउनको लागि १ जना कर्मचारीलाई आन्तरीक लेखा परिक्षण गर्ने गरी जिम्मेवारी दिएको छ ।

**८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिएका सुझावहरूको कार्यान्वयनको अवस्थाः**

- ऋण लगानी गर्दा ऋणका फाईलमा ऋणीको पूर्ण विवरण तथा कागजातहरू पूर्ण हुनुपर्ने सुझाव कार्यान्वयन भएको ।
- संस्थामा भएका जिन्सी सामानको रजिष्टर निर्माण गरी जिन्सी सामानको कोडिङ भएको ।
- इन्धन तथा मर्मत खर्चमा लग सिट राख्नुपर्ने सुझाव कार्यान्वयन भएको ।
- संस्थालाई आवश्यक पर्ने छपाई तथा अन्य सामानहरूको खरिद, आर्थिक प्रशासन नीति अनुसार आवश्यक प्रक्रिया पुरा गरी खरिद गर्ने गरिएको ।
- कर्मचारीको मासिक तलब भुक्तानी गर्दा प्रगति विवरण, हाजिरी आदि संलग्न राख्नुपर्ने सुझावको पालना गरिएको ।
- कर्मचारी छनौट सम्बन्धी आवश्यक प्रक्रिया पूरा गरी छनौट गर्ने गरिएको ।
- सदस्यता पहिचान फारमलाई पूर्ण रूपमा अध्यावधिक गर्नुपर्ने सुझावको पालना गर्दै आएको ।

**९. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरूः**

गत आ.व.मा संस्थाले शेयर वृद्धि, बचत वृद्धि र कोष तथा कुल पूँजीमा गरेको वृद्धिको अवस्था सकारात्मक रहेको छ। संस्था नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघको प्रोवेशन ब्रान्डमा सहभागी भई विभिन्न सुचकांकहरूलाई सुधार गरिरहेको छ ।

**१०. लेखा सुपरिवेक्षण समितिद्वारा अवलोकनका अन्य क्षेत्रहरूः**

- गत आर्थिक वर्षमा लेख सुपरिवेक्षण समितिले भल्ट निरिक्षण गरी ४ पटक भल्टमा भएको नगदको निरिक्षण गर्दा भल्ट बुक र नगद रकम दुरूस्त रहेको पाईयो ।
- गत आर्थिक वर्षमा विश्वव्यापी आर्थिक मन्दीको अवस्थामा पनि लक्ष्य अनुसार बचत, शेयर र कुल पूँजीमा बृद्धिलाई सकारात्मक रूपमा लिएको छ। साथै ऋण असुली राम्रो भएको पाइयो।
- लेखा व्यवस्थापनमा सुधार भएको पाईयो ।
- संस्थाले सिटिजन्स लाईफ इन्सोरेन्स कम्पनिसँग सहकार्य गरी ऋणी सदस्यको बीमा गर्ने कार्यको शुरूवात गरेको छ र यस वर्ष ४ जनालाई बीमा दावी भुक्तानी भईसकेको छ ।
- विभिन्न विद्यामा उत्कृष्ट कारोवार गर्ने सदस्यलाई सस्थाको वार्षिक उत्सवमा सम्मान तथा पुरस्कृत गर्ने गरिएको ।
- कर्मचारीलाई थप प्रेरित गर्न विभिन्न तहमा काम गर्ने उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कृत तथा सम्मान गर्ने गरिएको ।
- मोबाएल एप्लिकेशन, एसएमएस, क्यू आर कोड र एटिएम जस्ता प्रविधि मार्फत संस्थाको वित्तीय सेवालाई प्रभावकारी बनाईएको ।
- संस्थाका विभिन्न कार्यक्रम, सुचना तथा सन्देशमुलक जानकारीहरू संस्थाको फेसबुक पेज, वेवसाई मार्फत सम्प्रेषण गर्ने गरिएको ।
- संस्थालाई आवश्यक विभिन्न नीति तथा कार्यविधिहरू निर्माण तथा परिमार्जन गरिएको ।

**सुधार गर्नुपर्ने पक्षहरूः**

- सञ्चालक समितिको बैंठकमा सञ्चालकहरू लगातार ३ पटकसम्म अनुपस्थिति भएका, तोकिएको समयमा उपस्थिति नभएका, सञ्चालक समितिले गरेका सवै निर्णयको कार्यान्वयन

नभएकोले सञ्चालकहरूले थप जिम्मेवार हुनुपर्ने देखिन्छ ।

- उत्पादनमुलक क्षेत्रमा ऋणको लगानी बढाउनुपर्ने देखिन्छ ।
- खर्च तथा आम्दानीका शीर्षक अनुसारको रेकर्ड राख्नुपर्ने ।
- नयाँ कर्मचारीलाई उचित तालिम तथा क्षमता अभिवृद्धिको काममा विषेश ख्याल गर्नुपर्ने ।
- संस्थाको खरिद प्रक्रियालाई थप चुस्त दुरूस्त बनाउनु पर्ने ।
- सदस्यता पहिचान फारम (KYM) लाई अध्यावधिक गर्नुपर्ने ।
- सेवा केन्द्र अर्न्तगत रहेका जिन्सी सामाग्रीलाई केन्द्रिय कार्यालयको जिन्सी खातासंग मिलान गरी प्रमाणीकरण गर्नुपर्ने ।
- सेवा केन्द्र र मुख्य कार्यालय बीच फाईलिङ व्यवस्थापन प्रणालीलाई सुधार गर्नुपर्ने ।
- सेवा केन्द्रका लागि स्वीकृत गरिएको नगद सीमा र बीमा रकमलाई व्यवस्थापन गर्नुपर्ने । साथै भल्ट बुक र भल्टमा भएको नगद मौज्दातलाई व्यवस्थित गर्नुपर्ने ।
- आन्तरिक लेखा परिक्षक र लेखा सुपरिवेक्षण समिति मार्फत प्रदान गरिएका सुधार योजनाको पालना गरी उक्त कार्यको दस्तावेजिकरण गर्नुपर्ने ।
- सञ्चालक समितिका पदाधिकारीहरूलाई ऋण लगानी गर्दा लगानी मापदण्डको सीमालाई कार्यान्वयन गर्नुपर्ने ।
- खर्च तथा आम्दानीहरूको लेखाङ्कन गर्दा बिल तथा भरपाईहरूलाई प्रस्ट बुझिने गरी अभिलेख राख्नुपर्ने ।

**<u>वित्तीय उपलब्धी विवरणतर्फः</u>**

- कुल सदस्य संख्याः १९,२५६
- कुल ऋणी संख्याः २,८७२
- कुल बचत रकम रू. ७१,२१,७२,८२८.०६
- ऋण लगानी रू.९२,३९,७७,००५.९२
- कुल शेयर पूँजी रू.१२,२५,५८,०००
- जगेडा कोष रू.३,२६,७३,५९९.०९
- कुल पूँजी रू.१,२०,७३,७४,५६८.४९
- कुल सम्पत्तिमा ऋण लगानीको अनुपात करिब ७७ प्रतिशत रहेको छ ।
- कुल सम्पत्तिमा शेयर पूँजीको अनुपात १० प्रतिशत रहेको छ ।
- कुल सम्पत्तिमा जगेडा कोषको अनुपात २.७१ प्रतिशत रहेको छ ।

जय वीरेन्द्रनगर साकोस । जय सहकारी । जय सहकारी ।

# २१औं वार्षिक साधारण सभामा ऋण उपसमितिद्वारा प्रस्तुत प्रतिवेदन-२०७९



**रमेश कुमार सापकोटा**
संयोजक

२१औं वार्षिक साधारण सभाका अध्यक्ष महोदय !
प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यू !
प्रेरणादायी व्यक्तित्वज्यूहरू, विभिन्न संघ-संस्थाबाट प्रतिनिधित्व गरेर पाल्नुभएका अतिथिज्यूहरू !
एवम् यस संस्थाका सम्पूर्ण सदस्यज्यूहरू !

सञ्चालक समिति एवं शेयर सदस्यज्यूहरू, पत्रकार एवं शुभचिन्तकज्यूहरू तथा उपस्थित सम्पुर्ण महानुभावहरुमा सर्वप्रथम यस संस्थाबाट हामीलाई ऋण उपसमितिको जिम्मेवारी दिएर त्यस सम्बन्धी भूमिका निर्वाह गर्ने अवसर दिनु भएकोमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छौं ।

यस साकोसले स्थानीयस्तरमा छरिएर रहेको स-सानो पुँजीलाई बचतको माध्यमबाट एकीकृत गरी त्यसैको परिचालनबाट संस्थामा संलग्न सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर माथि उकास्दै आत्मनिर्भर बनाउने अभिप्रायले सानो कार्य क्षेत्रबाट थालनी गरिएकोमा हाल सुर्खेत जिल्लाभरी कार्यक्षेत्र बनाएर नेपालको साकोस अभियानको कर्णाली प्रदेशमा एक अग्रणी एवं सवल संस्थाको रूपमा परिचित छ । यसले राष्ट्रियस्तरमा समेत आफ्नो पहिचान बनाउन सफल भएको छ । यस संस्थालाई वर्तमान अवस्थासम्म ल्याई पुऱ्याउनमा आबद्ध शेयर सदस्यहरुको अग्रणी भूमिका रहेको कुरा सबैमा सर्वविदितै छ ।

कुनै पनि वित्तीय संस्थाको मेरुदण्ड भनेको पुँजीको संरचना हो भने वित्तीय संरचनालाई आधार मानेर पुँजीको श्रोत जुटाई ऋण लगानी र असुलीको सन्तुलन तथा उचित व्यवस्थापन गर्नु हो । जसको आधारबाट संस्थाको उन्नति र प्रगति तथा सदस्यहरूको आर्थिक सामाजिक अवस्थाको स्तर वृद्धि हुने परिणाम आउँछ भन्ने हामीलाई लागेको छ । संस्थाले सदस्य संरक्षण सिद्धान्त (Member Protection Principle) लाई आधार मानेर आफ्ना सदस्यहरूलाई सेवा दिँदै आएको छ । हाल संस्थाले आफ्ना सेवाहरूबाट सदस्यहरूको सुरक्षाको लागि सहकारी ऐन-२०७४, तथा नियमावली २०७५, को अधिनमा रही, ऋण माग गर्ने सदस्यको व्यवसाय विस्तारका लागि नवीनतम् उद्यमशीलतामा जोड दिदैं ऋणको उद्देश्य र ऋण मापन गरी स्थलगत निरीक्षणका आधारमा ऋण लगानी गर्दै आएका छौं ।

**१. नीतिगत व्यवस्था :**

संस्थाले आफ्ना सेवाहरूबाट सदस्यहरूको सुरक्षाको लागि, मौजुदा विनियम, बचत नीति, एकीकृत विप्रेषण सेवा निर्देशिका, ऋण व्यवस्थापन नीति, ऋण लगानी कार्यविधि, ऋण असुली कार्यविधि, सहकारी विभागको निर्देशन, सहकारी ऐन २०७४, को अधीनमा रही ऋण माग गर्ने सदस्यको व्यवसायको विस्तारका लागि उद्यमशीलतामा जोड दिँदै ऋणका उद्देश्यहरूलाई विविधीकरण गरिएको छ ।

१.१ यस संस्थामा भएको तरलता र वित्तीय बजारमा भएको उतार चढावलाई अध्ययन गर्दा ऋण लगानीको सीमालाई रू. १ करोड नै कायम गरिएको छ, भने ऋण लगानी प्रक्रियालाई

सरल, सहज, छिटो र प्रभाकारी बनाउन रू. २ लाखसम्म सेवाकेन्द्र प्रमुखलाई ऋण स्वीकृत गर्ने अख्तियार दिइएको छ । सेवाकेन्द्र प्रमुखको सिफारिसमा, व्यवस्थापनबाट रू.३० लाखसम्म र व्यवस्थापनको सिफारिसमा ऋण उपसमितिबाट ५० लाख र सोभन्दा माथि ऋणको सीमासम्म ऋण उपसमितिको सिफारिसमा सञ्चालक समितिबाट ऋण स्वीकृत गर्ने प्रावधानलाई निरन्तरता नै दिएको छ ।

१.२ ऋणको प्रारम्भिक अध्ययनपछि मात्र फाईल अगाडि बढाउने व्यवस्था रहेको छ ।

१.३ ऋण लगानीलाई सदस्यमैत्री बनाउनका लागि छुटै ऋण फाँटको निर्माण, दक्ष जनशक्तिको प्रर्याप्त मात्रामा व्यवस्थापन गरी सुलभ ब्याजदरका लागि बजार विश्लेषण मार्फत ब्याजदरमा परिमार्जन जस्ता थुप्रै सहजताका उपाय अबलम्बन गरी ऋण लगानी कार्यलाई व्यवस्थित गरिएको छ ।

**२. आ.व. २०७८/०७९ मा लगानी गरिएका ऋणहरुको विस्तृतिकरणः**

२.१ यस आ.व. २०७८/७९ अषाढ मासान्त सम्ममा जम्मा २८४० जना शेयर सदस्यहरुबीचमा ९२,३८,७७००५।९२ ऋण लगानीमा रहेको छ । जुन निम्नानुसार तालिकामा देखाइएको छ ।

| क्र.सं. | ऋण परियोजना | रकम | कुल ऋण लगानीमा लगानीको भार |
|---|---|---|---|
| १ | औषधी उपचार (आकस्मिक ऋण) | १,४८,८५१।- | ०.०१७ प्रतिशत |
| २ | कृषि तथा पशुपालन ऋण | १,६०,२०,६८१।- | १.७३ प्रतिशत |
| ३ | औद्योगिक ऋण | ११,९४,३२५।- | ०.१२ प्रतिशत |
| ४ | हायर पर्चेज ऋण | २,७२,४०,९५६।- | २.९४ प्रतिशत |
| ५ | ब्यापार व्यावसायिक ऋण | ६५,६६,७०,४५८।- | ७१.०७ प्रतिशत |
| ६ | स्वयम सहायता कार्यक्रम ऋण | ५,१५,६५,९९४।- | ५.३५ प्रतिशत |
| ७ | वैदेशिक ऋण | ६,८५,०२०।- | ०.०७४ प्रतिशत |
| ८ | घर जग्गा ऋण | १६,७६,७३,६३९।- | १८.१४ प्रतिशत |
| ९ | शैक्षिक ऋण | ५३,४०,०००।- | ०.७९ प्रतिशत |
| १० | युवा स्वरोजगार ऋण | २०,१२,९१८।- | ०.२१ प्रतिशत |
| | जम्मा लगानी भएको ऋण रकम | ९२,३९,७७,००५।९२ | १०० प्रतिशत |

२.२ पर्ल्स सूचक अनुसार कूल सम्पत्तिमा ऋणको अनुपात ७०-८० प्रतिशत हुनु पर्ने भएकाले हामीले पनी सदैव हाम्रो ऋण लगानी यसै अनुपात भित्र राख्ने प्रयास गरिराखेका छौं र हाल अषाढ मसान्तसम्मको पर्ल्स विश्लेषण अनुसार केही प्रतिशत बढी रहेकाले मापदण्ड अनुरुप बनाउने प्रयास गरिएको छ ।

२.३ यस आ.व.मा ऋण उपसमितिको बैठक १४ पटक बसी ऋणी स्वीकृति तथा सिफारिस गरिएको छ ।

२.४ यस वर्षको आषाढ मसान्तसम्म संस्थाको कूल ऋण मध्ये भाखा नाघेको ऋण र सो को लागि संस्थाले ऋण जोखिम कोषको व्यवस्था निम्नानुसार गरेको छ ।

**४. संस्थाको भाखा नाघेको ऋणको अवस्था र जोखिम कोष व्यस्थाको विस्तृत विवरण :**

| सि. नं. | ऋणको वर्गीकरण | लगानीमा रहेको ऋण रकम (रु.) | ऋण जोखिम कोषको व्यवस्था दर प्रतिशत | ऋण जोखिम कोषको व्यवस्था (रु.) |
|---|---|---|---|---|
| १ | असल ऋण (भाखा ननाघेको) | ८९,५९,९२,६८३।८९ | १ | ८५,५९,९२६।८४ |
| २ | शंकास्पद ऋण (१ वर्ष भन्दा कम भाखा नाघेको) | १,४७,२५,३८७।९८ | ३५ | ५१,५३,८८५।७९ |
| ३ | खराब ऋण (१ वर्ष भन्दा बढि भाखा नाघेको) | १,३२,५८,९३४।०५ | १०० | १,३२,५८,९३४।०५ |
| जम्मा | | ९२,३९,७७,००५।९२ | - | २,६९,७२,७४६।६८ |

**३. ऋण असुलीको क्षेत्रलाई व्यवस्थित बनाउन गरिएका प्रयासहरु :**

३.१ शेयर सदस्यले लिएको ऋण आफ्नो मृत्यु पश्चात आश्रित परिवारलाई बोझ नबनोस् भन्ने चाहना पुरा गर्नका लागि गत वर्षबाट शुरु गरिएको ऋणको बीमा कार्यक्रमलाई अझ व्यापक रुपमा सदस्यहरुलाई बुझाउँदै सबै सदस्यहरुलाई यो बीमा कार्यक्रममा सभागी गराउँदै लाने व्यवस्था मिलाइएको छ ।

३.२ ऋणको किस्ता ब्याज तिर्न अन्य ठाउँबाट ऋण सापटी लिएर होइन आफ्नै व्यवसाय गरेर वा कमाएर तिर्नुपर्छ भन्ने सोचमा परिवर्तन ल्याउन पहल गरिएको छ ।

३.३ ऋणी सदस्यहरुले ऋणको किस्ता र ब्याज तोकिएको सीमाभित्र तिरी बुझाई सक्नुपर्नेछ । ऋणको किस्ता र ब्याज तोकिएको तालिका बमोजिम नबुझाएमा पहिलो तालिका बेतित भएको ७ दिनसम्म कुनै जरिवाना लाग्ने छैन । तत् पश्चात निम्नानुसार जरिवाना लाग्ने व्यवस्था नीतिमा रहेको छ ।

(क) ७ देखि ३० दिन सम्म भाका नाघेमा ३ प्रतिशत,

(ख) ३१ द्येखि ६० दिनसम्म भाका नाघेमा ४ प्रतिशत,

(ग) ६१ देखि ९० सम्मको भाका ५ प्रतिशत,

(घ) ९१ देखि १८० दिनसम्मको ७ प्रतिशत,

(ङ) १८१ देखि ३६५ दिसम्मको ८.५ प्रतिशत,

(च) ३६६ देखि १००० दिनसम्मको १० प्रतिशत,

३.४ साथै यदि कुनै ऋणी सदस्यले ऋणको तालिका अनुसार किस्ता ब्याज नबुझाई जरिवाना तिरेमा निजलाई त्यस आर्थिक वर्षमा संरक्षित पूँजी फिर्ता कोषको रकम वितरण गरिने छैन ।

३.५ ऋण लगानीलाई व्यवस्थित गर्न नयाँ सदस्यलाई एकाघर परिवारको स्वीकृति, छिमेकी २ जना सदस्यहरुको जमानतमा मात्र ऋण लगानी गरिएको छ भने पुरानो सदस्यहरुलाई निजको ५ वर्ष भन्दा पुरानो कारोबार हेरी आवश्यकता अनुसार व्यक्तिगत जमानत लिई ऋण लगानी गर्ने गरिएको छ ।

३.६ ऋण असूलीको लागि कर्मचारीहरु मार्फत बारम्बार ताकेता गर्ने, फोन गर्ने, अन्य शेयर सदस्यहरु मार्फत खबर पठाउने र यति गर्दा पनि नतिर्ने ऋणी सदस्यहरुलाई घरमै गई वरिपरिको सदस्यहरुको रोहबरमा सदस्यलाई ऋण तिर्न सार्वजनिक दबाव दिने जस्ता कार्य गरेर भएपनि ऋण स्वस्थ राख्ने प्रयास गरिएको छ ।

३.७ दैनिक रुपमा कर्मचारीहरुले फोनबाट सदस्यहरुलाई ऋणको किस्ताबारे जानकारी गराउने तथा ऋणको फलोअप गर्ने गरिएको छ ।

३.८ हरेक दिन भोलिपल्ट ऋणको किस्ता पर्ने सदस्यलाई टेलिफोन तथा SMS बाट जानकारी गराउने व्यवस्थाका साथै कर्मचारी र ऋण उपसमितिका सदस्यहरूबाट ऋणी सदस्य भेटघाट गर्ने गरिएको छ ।

३.९ ऋणको सांवा र ब्याज नियमित बुझाउने सदस्यहरु मध्यबाट उत्कृष्ट ऋणी सदस्य छनौट गरी संस्थाको वार्षिक उत्सव तथा स्थापना दिवसको अवसरमा असल ऋणी सदस्य सम्मान तथा पुरस्कार प्रदान गर्ने गरिएको छ ।

**४. ऋणको ब्याजदर समायोजन सम्बन्धमा :**

४.१ यस आ.व. देखि हरेक ३/३ महिनामा बजार बिश्लेषणको आधारमा सञ्चालक समितिबाट ऋणको ब्याजदर समय सापेक्ष रुपमा समायोजन गर्ने गरिएको छ ।

**५. धन्यबाद ज्ञापन सम्बन्धमा :**

अन्तमा, यस संस्थालाई सहयोग पुऱ्याउनु हुने, सहकारी विभाग, मालपोत कार्यालय वीरेन्द्रनगर सुर्खेत, नापी कार्यालय सुर्खेत, धितो मूल्याङ्कनकर्ताहरु लगायत अन्य सहयोगी संघ संस्था, सञ्चालक समिति, लेखा तथा सुपरीवेक्षक समिति, अन्य उपसमितिहरू, सम्पूर्ण सेयर सदस्य एवं शुभचिन्तकहरू र कर्मचारीहरू सबैलाई धन्यवाद दिन चाहन्छु ।

जय वीरेन्द्रनगर साकोस । जय सहकारी । जय सहकारी ।


युवा स्वरोजगार बाल बचत
"व्यवसायका लागि बचत, बचतका लागि व्यवसाय"

विशेषताहरू:
- उच्चतम ब्याजदर ।
- त्रैमासिक ब्याज भुक्तानी ।
- युवा व्यवसायिक ऋणमा सहुलियत ।
- वर्षमा १ पटक रकम निकाल्न मिल्ने ।
- युवाहरुको सहभागितामा आधारित ।



# २१औं वार्षिक साधारण सभामा शिक्षा तथा तालिम उपसमितिद्वारा प्रस्तुत प्रतिवेदन-२०७९



**बेचुलाल चौधरी**
संयोजक

साधारण सभाका अध्यक्ष ज्यू !
प्रमुख अतिथिज्यू अतिथि ज्यूहरू !
लेखा सुपरीवेक्षण समिति, सञ्चालक समिति, विभिन्न उपसमितिका पदाधिकारी एवं सदस्यज्यूहरू ! संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरू लगायत उपस्थिति महानुभावहरूमा सर्वप्रथम मेरो व्यक्तिगत तथा शिक्षा तथा तालिम उपसमितिको तर्फबाट सहकारी अभिवादन ।
आज सम्पन्न हुन गईरहेको संस्थाको २१ औं वार्षिक साधारण सभामा शिक्षा तथा तालिम उपसमितिको तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउदा म अत्यन्तै हर्षित भएको छु ।

हाम्रो समाजमा रहेको व्याप्त गरिबी, अशिक्षा र कुलतबाट समुदायलाई मुक्त गरी बचत गर्ने बानीको विकास गराउने तथा त्यसरी सङ्कलित बचतलाई सदस्यहरू भित्रै परिचालन गरी विभिन्न किसिमका सामाजिक उद्यमहरू र सदस्यमा उद्यमशिलताको प्रवर्द्धन र विकास गर्नु यस साकोसको मुख्य उद्देश्य रहेको छ । अथक मेहनतका साथ वित्तीय, गैरवित्तीय तथा उच्च प्रविधियुक्त सेवा सहज र सर्वसुलभ तरिकाले प्रदान गर्दै आज वीरेन्द्रनगर साकोस स्थानीयको पहिलो रोजाइ मात्र होइन कर्णाली प्रदेशको एक उत्कृष्ट सहकारी संस्थाको रूपमा समेत स्थापित हुन सफल भएको छ ।

समग्र सहकारी अभियान र गुणात्मक विकासको आधार स्तम्भको रूपमा सहकारी शिक्षा रहेको छ । वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. ले पनि संस्था विकासको लागि यो प्रक्रियालाई मेरुदण्डको रूपमा लिएको छ । फलस्वरूप संस्था यो उचाइसम्म आइपुगेको छ । नेपाल जस्तो अल्पविकसित मुलुकमा राजनीतिक अस्थिरता, भौगोलिक अवस्था, अस्वस्थ वित्तीय बजार आदिको कारण आम मानिसहरूमा वित्तीय सेवा र शिक्षाको पहुँच पुग्न सकेको छैन । त्यसकारण समाजका हरेक वर्गका मानिसहरूलाई सहकारी शिक्षा र सेवामा समावेश गर्दै समाजमा वित्तीय, स्वास्थ्य र प्रविधि साक्षरतालाई नीतिगत रूपमा नै व्यवस्था गरी अगाडि बढाएका छौं ।

सदस्यहरूको लागि विभिन्न माध्यमबाट सहकारी शिक्षा कार्यक्रम, वित्तीय साक्षरता तथा सदस्यहरूको विस्तारित मञ्च, "**विद्यार्थीसँग वीरेन्द्रनगर**" कार्यक्रम, सीपमूलक तालिमहरू, छात्रवृत्ति कार्यक्रम, सदस्य सर्वेक्षण, वीरेन्द्रनगर स्मार्ट बैंकिङ, संस्थाको वेवसाईट, आन्तरिक तथा बाह्य अवलोकन भ्रमण, सामाजिक सञ्जाल फेसबुक, युट्युव र सेवा केन्द्रहरू मार्फत निरन्तर सहकारी शिक्षालाई अगाडि बढाइरहेका छौं । सदस्यहरूको वित्तीय पहुँच विस्तार गर्नुपर्ने देखिन्छ । नेपाल सरकार तथा नेपाल राष्ट्र बैंक, सहकारी विभाग र अन्य नियमनकारी निकायले पनि प्रविधियुक्त वित्तीय सेवालाई प्रोत्साहन गरेको सन्दर्भमा वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्थाले पनि सहकारी संस्था मार्फत प्रदान गर्न सकिने प्रविधियुक्त वित्तीय सेवा पूर्णरूपमा प्रदान गरेको छ ।

संस्थाको कार्यक्षेत्र र कारोबारमा विस्तार, सदस्यता विस्तार तथा बदलिँदो विषम परिस्थितिले सिर्जना गर्ने आन्तरिक तथा बाह्य जोखिमलाई कम गर्दै संस्था मार्फत हुने वित्तीय कारोबारलाई पारदर्शीता कायम गर्न सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निरुत्साहन गर्न ऐन कानुन तथा आन्तरिक कार्यविधिको कार्यान्वयन गरी सदस्यहरूलाई सम्पत्ति शुद्धिकरण सम्बन्धी सचेतना प्रदान गर्दै गैर कानुनी लगानी अन्तर्गत हुने वित्तीय पारदर्शीता कायम गर्न सफल भएको अनुभव हामीले गरेका छौं ।

सदस्यहरूसँग निरन्तर सम्पर्क समन्वय, माग गरेको बेलामै सहुलियत ऋण प्रदान, घरमै बसेर अनलाइन बैंकिङ सेवा सुचारु गर्ने व्यवस्था, प्रविधि प्रयोग गर्ने तरिका र एस.एम.एस. भीसा एटीएम, क्यूआर कोड, लगायतका सेवाहरू प्रयोग गर्न सामाजिक सञ्जाल, वेवसाइट, फेसबुक पेज मार्फत सूचना तथा जानकारी तथा स्वास्थ्य सचेतनाका सन्दर्भ सामग्रीहरू निरन्तर प्रकाशन तथा प्रसारण गरिरहेका छौँ । सहकारी शिक्षामा भएको खर्चलाई खर्च होइन संस्थाको सम्पत्ति सुरक्षित बनाउन गरिएको लगानी हो भन्ने उद्देश्यले हरेक वर्ष शिक्षामा बजेट विनियोजन गरी खर्च गर्ने गरिएको छ ।

हिजो सहकारीले बचत र ऋण कारोबार मात्र गर्नुपर्छ भन्ने मान्यताभन्दा माथि उठेर शिक्षा, तालिम र सूचना भन्ने सहकारीको पाचौं अन्तर्राष्ट्रिय सिद्धान्तलाई आत्मसात् गर्दै संस्थाका शेयर सदस्यहरूलाई संस्थाको विभिन्न गतिविधिहरूको बारेमा जानकारी गराउने, सहकारीको विविध पक्षहरूको बारेमा चेतना जगाउन, बचत के को लागि भनेर सिकाउन, ऋण कसरी सदुपयोग गर्ने भन्ने बारेमा वित्तीय, प्रविधि र स्वास्थ्य साक्षरताका लागि वार्षिक बजेटको अधिनमा रही विभिन्न कार्यहरू गर्दै आइरहेका छौं ।

**शिक्षा मूलक प्रकाशन तथा कार्यक्रमहरू :**

- क्यालेन्डर प्रकाशन,
- त्रैमासिक प्रतिवेदन,
- वार्षिक प्रतिवेदन,
- ब्रोसरहरू र पम्पलेटहरू प्रकाशन,
- *वीरेन्द्रनगर स्मार्ट बैंकिङ* मोबाइल एप्लिकेशन सञ्चालन,
- वीरेन्द्रनगर फेसबुक पेज तथा युट्युव पेज सञ्चालन,
- Visa ATM वितरण,
- ATM वितरण ।

**आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन गरिएका कार्यक्रमहरू :**

- सामाजिक सञ्जाल मार्फत प्रविधि साक्षरता तथा प्रर्वद्धन कार्यक्रम ।
- सामाजिक सञ्जाल फेसबुक, युट्युव र सेवा केन्द्रहरूमार्फत निरन्तर सहकारी शिक्षाका सामाग्री प्रचार-प्रसार, प्रसारण र वितरण ।
- हरेक महिना नयाँ बन्ने सदस्यहरूलाई अभिमुखीकरण तथा सहकारी शिक्षाका कार्यक्रम सञ्चालन ।
- नियमित सदस्य भेटघाट कार्यकम निरन्तर रुपमा भैरहेको ।

**आ.व. २०७८/७९ मा सञ्चालित वित्तीय साक्षरता र सहकारी शिक्षा शिविरको विस्तृत विवरण :**

| क्र.स. | कार्यक्रमको नाम | स्थान | सम्पन्न भएको मिति | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | वित्तीय साक्षरता सहितको सहकारी शिक्षा शिविर | राकम सेवा केन्द्र अर्न्तगत जामुने बजार, राकम, सुर्खेत | २०७८/६/९ गते | ८६ जना |
| २ | वित्तीय साक्षरता सहितको सहकारी शिक्षा शिविर | जनज्योती मा.वि.को सभाहल बड्डीचौर, सुर्खेत | २०७८/६/१६ गते | ५४ जना |
| ३ | वित्तीय साक्षरता सहितको सहकारी शिक्षा शिविर | वी.न.पा. १० बामेखोला, सुर्खेत | २०७८/८/१२ गते | १८ जना |
| जम्मा | | | | १५७ जना |

**आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन गरिएका कार्यक्रममा सहभागिता**

- संस्थाको रणनीतिक योजना निर्माण तालिम,
- संस्थाका वस्तु तथा सेवा निर्माण र विकास तालिम,
- कर्मचारीहरूको लागि प्रविधि तथा विकास तालिम,
- कर्मचारीहरूको लागि क्षमता विकासका विभिन्न तालिम,
- वित्तीय साक्षरता सम्बन्धी तालिम ।

**शिक्षा तथा तालिम उपसमितिले आ.व.२०७८/०७९ मा प्रस्ताव गरेका कार्यक्रमहरु :**

- गत वर्ष प्रस्तावित तर कार्यान्वयन हुन नसकेको संस्थामा आबद्ध शेयर सदस्यहरु मध्यमबाट अति विपन्न सदस्यहरु छनौट गरी सबैभन्दा गरीब प्रत्येक सेवा केन्द्रमा ५ जनासम्म सदस्यहरुलाई स्थानीय तहको प्रत्यक्ष सहकार्यमा उनीहरुको रुचि, सीप र क्षमताको पहिचान गरी विभिन्न प्रकारका तालिम, अनुदान र ऋण समेतको व्यवस्था गरी स्व-रोजगार बन्न उत्प्रेरणा दिने खालका अभियानहरु सञ्चालन गरिनेछ ।
- कर्मचारीको क्षमता विकाससंग सम्बन्धित कम्तिमा १ वटा तालिम संस्थाको आफ्नै व्यवस्थापनमा सञ्चालन गरिनेछ । साथै अन्य निकायबाट हुने तालिम, गोष्ठी, अध्ययन अवलोकनमा सहभागी गराईनेछ ।
- सञ्चालक समिति र उपसमितिका लागि संस्थागत क्षमता तथा नेतृत्व विकाससंग सम्वन्धित विभिन्न तालिम स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्ड अपनाइ सञ्चालन गर्नुका साथै अध्ययन अवलोकनको व्यवस्था गरिनेछ ।
- सदस्यहरुको व्यावसायिक सीप विकासका लागि आवश्यक तालिमहरुको व्यवस्था र उत्कृष्ट व्यवसायी सदस्यहरुलाई अध्ययन अवलोकन भ्रमणको अवसर प्रदान गरिनेछ ।
- उत्कृष्ट सदस्य तथा वेरोजगार महिला सदस्यहरूलाई नारी बचत कार्यक्रममा सहभागिताका आधारमा हरेक संकलन केन्द्रमा १/१ वटा व्यावसायिक तालिमहरूको सञ्चालन गरिने छ ।
- सदस्यहरूलाई सहकारी शिक्षा प्रदान गर्नका लागि हरेक नयाँ १०० जना सदस्यहरू प्रवेश

हुनासाथ वित्तीय साक्षरता कक्षा सहितको १ वटा सहकारी शिक्षा शिविर कार्यक्रम सञ्चालन गरिनेछ । साथै यस आ.व. भित्र संस्थाका २५ जनालाई नेतृत्व विकास तालिम, २२० जनालाई वित्तीय परामर्श तालिम, २५०० जनालाई विस्तारित मञ्च मा सामेल गराउने र सहकारी शिक्षा शिविर १८०० जनालाई गरी करिब ३० प्रतिशत सदस्यलाई सहकारी शिक्षा तथा सहकारी गतिविधिमा अनिवार्य सामेल गरिनेछ ।

अन्तमा सहकारी के हो ? किन सहकारीमा लाग्नु पर्छ ? सहकारीमा शेयर सदस्य, सञ्चालक र व्यवस्थापनको भूमिका के हुन्छ ? सहकारी सिद्धान्त भनेको के हो ? भन्ने जस्ता कुरा शेयर सदस्यज्यूहरूले जान्नै पर्ने आधारभूत विषय बनेको छ । यो बुझाउने जिम्मेवारी हामी सञ्चालकको हो । यसको लागि एक पटक मात्र होइन निरन्तर सहकारी शिक्षाको आवश्यकता पर्दछ । सहकारीको क्षमता अनुसार सबै शेयर सदस्यहरूलाई सहकारी शिक्षा कार्यक्रममा सहभागी गराई सचेतना फैलाउन र समुन्नत समाज विकासको लागि सबैलाई सहकारीमा आबद्ध गराउन नियमित रूपमा विगतमा जस्तै आगामी दिनमा सहकारी शिक्षा कार्यक्रममा नियमित बजेट विनियोजन गर्दै लगिने छ ।

आजसम्म सहकारीबाट प्राप्त शिक्षा आफूमा मात्र नराखी समाजमा फैलाउन सहयोग गर्नुहुने सम्पूर्ण शेयर सदस्यहरू तथा शिक्षा तथा तालिम उप-समितिका सहकर्मी पदाधिकारीहरू, कर्मचारीहरु, सहकारी व्यक्तित्वहरूलाई आभार प्रकट गर्दै सञ्चालक समिति तथा व्यवस्थापनलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

जय वीरेन्द्रनगर साकोस । जय सहकारी । जय सहकारी ।


**घरदैलो दैनिक बचत**

*व्यवसाय तपाईंको वित्तीय सेवा हाम्रो*





**विशेषताहरू:**

- घरमै बसेर कारोबार गर्न सकिने ।
- मौज्दातको जानकारी घरमै प्राप्त हुने ।
- समयावधि पुगेको बचतले ऋण तिर्न सकिने ।
- ट्याबलेट बाट दैनिक नगद संकलन हुने ।
- दैनिक मौज्दातमा ब्याज पाइने ।
- डिजिटल प्रविधि बाट कारोबार हुने ।
- खाता खोल्दा छुट्टै रकम नलाग्ने ।

**M. Khan & Associates**
*Chartered Accountants*

*COP No. 985*

*Nepalgunj, Banke*
*Nepal*
*Mobile No. 9861682401*
*Email: themohasinkhan@gmail.com*

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री सदस्यज्युहरु
वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड
वीरेन्द्रनगर नगरपालिका ०६,सुर्खेत

**१. लेखापरीक्षकको राय**

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले यसै प्रतिवेदनको बुंदा नं.२ " कैफियत सहितको रायव्यक्त गर्ने आधार", बुदाँ नं.४ " प्रोदभावीको आधार" र बुदाँ नं.८(क) "अन्य कानुनी तथा नियामक आवश्यकता प्रतिवेदन" मा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक, वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०७९ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल वित्तीयविवरण स्तर तथा नेपाल लेखामान बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

**२. कैफियत सहितको रायव्यक्त गर्ने आधार**

लेखापरीक्षणको क्रममा देखिएका तथा लेखापरीक्षण रायमा सारभूत रुपमा असर पार्ने कैफियतहरु निम्न बमोजिम छन् :

क) संस्थाको धितो र बिनाधितो ऋण छुटिने गरी अभिलेख तयार नगरेकाले संस्थाको धितो र बिनाधितोको ऋण पुर्ण रुपमा एकीन गर्न नसकिएको ।

ख) संस्थाले ऋण प्रवाह गरी पुरानो ऋण चुक्ता गरेको र केही ऋणहरुको भाखा संसोधन गरेकोले ऋण नोक्सानी व्यवस्था पर्याप्त गर्नुपर्ने देखिन्छ ।

ग) आ. व. २०७८।०७९ को अन्तमा पाउनुपर्ने, धरौटी तथा सापटी अर्न्तगत सानो नगदी कोष भनी रु. ९,४९,५५८।०९ देखाइएको छ । सो रकम सम्बन्धमा यथेष्ट तथ्य यकीन गर्न सकिएन ।

घ) अनुसुची २५ को बुंदा नं. ७.४ मा उल्लेखित ह्रासकट्टी सम्बन्धी लेखा नीति ।

**३. अन्य विषय (Othe Matter Paragaraph)**

**क. एकिकरणका सम्बन्धमा**

यो संस्था श्री मालिका बचत तथा ऋण सहकारी संस्था लि. र श्री नवबौद्धिक बचत तथा ऋण सहकारी संस्था लि.सँग २०७९/०३/२१ मा एकिकरणको स्वीकृति लिई २०७९/०३/२२ बाट एकीकृत कारोवार शुरु गरेको हो । सोही मितिबाट नै एकिकरण गरिएका सम्बन्धित संस्थाको अन्य लेखापरीक्षकद्धारा लेखापरीक्षण गरिएको सम्पत्ति तथा दायित्वलाई किताबी मुल्य क्रमबद्ध रुपमा रु.४,३२१,३०३।५० र ५,३२७,७८२।७३ मा नै यस संस्थामा लेखाङ्कन गरिएको छ । हामीले यस विषयको आधारमा आफ्नो रायमा परिवर्तन गरेका छैनौं ।

**ख. व्यवस्थापनपत्र (Management Letter)**

लेखापरीक्षणको क्रममा देखिएका आन्तिरक नियन्त्रण प्रणालीमा गर्नुपर्ने सुधार तथा लेखापरीक्षण रायमा सारभूत रुपमा असर नपर्ने कैफियतहरु व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

**४. प्रतिदावीको आधार**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरिएको नेपाल वित्तिय प्रतिवेदन मानहरु (NFRS) अनुसार कुनै पनि संस्थाले अविछिन्न दुई आ.व. मा रु. ५० करोड वा सो भन्दा बढी रकमको प्रत्ययिक सम्पत्ति (Assets Holding in Fiduciary Capacity) धारण गरेमा सो संस्थालाई वित्तिय महत्वका निकाय मानिने भएकाले संस्थाले आफ्ना वित्तिय विवरणहरु परिवर्तित नेपाल वित्तिय प्रतिवेदनमानहरु बमोजिम तयार गर्नुपर्ने हुन्छ।

M. Khan & Associates Chartered Accountant

**प्रतिदावी राय**

माथिको प्रतिदावी आधार हरफमा उल्लेख भए बमोजिम यस संस्थाद्धारा नेपाल वित्तिय प्रतिवेदनमानहरु (NFRS) पुर्ण रुपमा पालना गरेको नदेखिएकोले यस संस्थाको आ.व. २०७८।०७९ को वित्तिय विवरणहरुमा आफ्नो राय प्रस्तुत गरेका छैनौं ।

### ५. वार्षिक वित्तीयविवरण उपर प्रतिवेदन

हामीले **वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को २०७९ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण, संलग्न अनुसूचीहरु र तत्सम्बन्धी संलग्न लेखानीति तथा टिप्पणी सहितको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

### ६. वित्तीयविवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुपयी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय बिवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखानीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

### ७. लेखापरीक्षको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीयविवरणहरु उपर लेखापरीक्षणको आधारमा रायव्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान अनुसार हामीलाई व्यवसायिक आचार संहिताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वास्तता प्राप्त गर्न लेखापरीक्षणको योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँई गर्ने यथेष्ठ प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संग्लन हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुतीहुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीयविवरण तयार गरी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट रायव्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीयविवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीयविवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ । लेखापरीक्षणमा प्राप्त प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण रायव्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

### ८. अन्य कानुनी तथा नियामक आवश्यक प्रतिवेदन

क) वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड ले निम्न उल्लेखित व्योहोराहरु बाहेक, सहकारी निति, नियम र मापदण्ड अनुसार कारोबार गरेको पाइयो ।

- सदस्यहरुलाई ऋण प्रवाह गर्दा सहकारी निति, नियम र मापदण्ड अनुसार आवश्यक परेका सम्पुर्ण कागजातहरु पुरा गर्नु पर्नेमा केही ऋण फाइलहरुमा केही आवश्यक कागजातहरु लिनु पर्ने ।
- सदस्यको रुपमा तीन महिना सम्म संस्थामा नियमित बचत नगरेका सदस्यहरुलाई ऋण प्रवाह गरेको पाइयो ।
- संस्थाले सदस्यहरुलाई घर जग्गा खरिद गर्न ऋण दिनु पर्ने भएमा कुल लागत मुल्यको बढीमा ४०% मात्र लगानी गर्न सकिनेमा लागत प्रमाणित गर्ने कागजात नलिएको पाइयो ।
- संस्थाले सञ्चालक समितिको निर्णय हुनु भन्दा अगावै केही ऋणहरु प्रवाह गरेको ।
- आ.व. २०७८।०७९मा १५ जना सञ्चालक समितिका सदस्यहरु मध्ये ८ जना (५३।३३ प्रतिशत) लाई कर्जा प्रवाह गरेको छ । यो बाहेक सञ्चालक समितिका एकाघर परिवार भित्रका सदस्यहरुलाई पनि कर्जा प्रवाह गरिएको छ ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा यस संस्थाको हिसाब किताब प्रचलित ऐन कानून बमोजिम ठिकसंग राखिएको छ ।

ग) संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा संलग्न अनुसूचीहरु संस्थाले राखेको हिसाब किताब अभिलेखन र विवरणहरु संग दुरुस्त छन् ।

घ) हामीलाई उपलब्ध गराइएको जानकारी तथा स्पष्टीकरणको आधारमा संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानूनको प्रावधान विपरित वा अनियमित कार्य गरेको कुरा हाम्रो जानकारीमा आएन ।

ङ) यस संस्थाले प्रत्यक्ष रुपमा आफ्ना सदस्य तथा लगानीकर्ताको हित संरक्षण विरुद्ध गलत मनशाय राखि कार्य गरेको देखिएन ।

ट्) यस संस्थाले गरेको कार्य आफ्नो कार्यक्षेत्र तथा उद्देश्य भित्रनै गरेको पाइयो ।

M. Khan & Associates Chartered Accountant

..............................

सि.ए. मोहसिन खान

UDIN No.: 221209CA01455qK8tD

स्थानः वीरेन्द्रनगर नगरपालिका ०६, सुर्खेत

मितिः २०७९/०७/०६

## वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.

**वीरेन्द्रनगर ६, सुर्खेत**

३२ असाढ २०७९ (१६ जुलाई २०२२)

### वासलात (स्थिती विवरण पत्र)

**पूंजी तथा दायित्व हिसाब**

| विवरण | अनूसुचि | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|---|
| शेयर पूंजी | अनूसुचि १ | १२२,५५८,०००.०० | ८६,९०८,१००.०० |
| जगेडा कोष | अनूसुचि २ | ३२,६७३,५९९.०९ | १९,०५०,३०३.७७ |
| संरक्षि पूँजी फिर्ता कोष | अनूसुचि ३ | ४,०५६,५५४.०० | ३,१८४,६१४.०० |
| सहकारी प्रर्बद्धन कोष | अनूसुचि ४ | ८१,१३१.०० | ६३,६९२.०० |
| अन्य कोष | अनूसुचि ५ | १७,०७९,००६.९८ | १३,३४६,९६८.६२ |
| कर्जा जोखिम कोष | अनूसुचि ६ | २७,३७२,७४६.६८ | १६,१७२,७४६.६८ |
| निक्षेप दायित्व | अनूसुचि ७ | ७१२,१७२,८२८.०६ | ५८३,७७५,१४३.४३ |
| बाह्य ऋण | अनूसुचि ८ | २७७,८४१,१९३.८० | १८७,०६८,६१८.५२ |
| चालू दायित्व | अनूसुचि ९ | १२,३१०,६८१.०१ | ८,५१५,७४९.२२ |
| अन्य दायित्व (व्यवस्थाहरु) | अनूसुचि १० | १,२२८,८२७.८७ | १,०२२,४०९.०० |
| **जम्मा रु.** | | **१,२०७,३७४,५६८.४९** | **९१९,१०८,३४५.२३** |

**सम्पत्ति तथा जायजेथा हिसाब**

| विवरण | अनुसूची | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|---|
| स्थिर सम्पति | अनूसुचि ११ | २२,८४९,००२.०९ | २१,३४७,७०५.८१ |
| लगानी हिसाब | अनूसुचि १२ | ५,४२६,७४८.२२ | ५,३८५,४७८.८१ |
| ऋण लगानी हिसाब | अनूसुचि १३ | ९२३,९७७,००५.९२ | ६७८,३२५,८६३.७९ |
| पाउनुपर्ने, धरौटी तथा सापटी | अनूसुचि १४ | १६,४५४,९७८.०६ | ११,३३९,३०१.६० |
| नगद मौज्दात | अनूसुचि १५ | ८,५७९,३८०.०० | ९,४२०,८९१.०० |
| बैंक मौज्दात | अनूसुचि १६ | २३०,०८७,४५४.२० | १९३,२८९,१०४.२२ |
| **जम्मा रु.** | | **१,२०७,३७४,५६८.४९** | **९१९,१०८,३४५.२३** |

संलग्न अनुसुचीहरु १ देखि २४ सम्म वितिय विवरणहरुका अभिन्न अंग हुन् ।

स्थान : वीरेन्द्रनगर नगरपालिका ६, सुर्खेत

मिति : २०७९।०७।०६

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

**दिपक आचार्य**
**लेखा तथा प्रशासन प्रमुख**

**छत्र बहादुर थापा**
**प्रमुख कार्यकारी अधिकृत**

**सि. ए. मोहसिन खान**
**एम. खान एण्ड एशोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

M. Khan & Associates
Chartered Accountant

**श्याम पौडेल**
**सचिव**

**मोति प्रसाद सापकोठा**
**कोषाध्यक्ष**

**बमबहादुर बि.सी.**
**अध्यक्ष**

**वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.**

वीरेन्द्रनगर ६, सुर्खेत

३२ असाढ २०७९ (१६ जुलाई २०२२)

**नगद प्रबाह विवरण**

२०७८ श्रावण १ देखि २०७९ असाढ ३२ गते सम्म

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| **सञ्चालन गतिबिधिबाट भएको नगद प्रबाह** | | |
| शुद्ध बचत (आयकर व्यवस्था पछि) | २१,६३४,९५४.८१ | १६,९८४,६०७.३८ |
| **समायोजन:** | | |
| **क. गैर नगद कारोबार** | | |
| सम्पति को मुल्यह्रास | २,३३६,७७४.२२ | १,६८७,७४४.०० |
| ऋण नोक्सानी व्यवस्था | ११,२००,०००.०० | ५,०००,०००.०० |
| कर्मचारी उपदानकोष व्यवस्था | १,६००,०००.०० | १,०३६,८९५.८४ |
| मर्जरबाट कोष प्राप्त र (खर्च) | ७१४,८१७.५७ | २,२६५,४५६.३४ |
| शेयर पूंजीमा (कमि) वृद्धि | ६,७४२,७००.०० | - |
| पाउनुपर्ने ब्याज हिसाब | (११,५३२,७७९.९७) | (७,८५६,४८६.८८) |
| ब्याज मुल्तवी हिसाब | ११,५३२,७७९.९७ | ७,८५६,४८६.८८ |
| **ख. अन्य गतिविधि अर्न्तगतको कारोबार** | | |
| लगानीबाट प्राप्त आम्दानी | (९०५,१७१.५४) | (४१७,४७१.४७) |
| **कार्यशील पूंजी परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **४३,३२४,०७५.०६** | **२६,५५७,२३२.०९** |
| ऋण तथा सापटी हिसाबमा (वृद्धि) कमी | (२४५,६५१,१४२.१३) | (२९४,१४६,२६६.४०) |
| अन्य सम्पत्तिमा (वृद्धि) कमी | (१,४३४,१७०.९७) | (७२९,२९१.६६) |
| निक्षेप दायित्वमा बृद्धि (कमी) | १२८,३९७,६८४.६३ | २५८,४२०,६३२.१७ |
| चालू दायित्वमा बृद्धि (कमी) | ११८,६३८.७० | ७७,५२६.९२ |
